# प्रार्थना पुस्तिका

सङ्कलक/सम्पादक
नारायण प्रसाद रिजाल
(बुद्धवज्र)

प्रकाशक
व्योम कुसुमा बुद्धधर्म संघ
वि.सं. २०६९

# व्योम कुसुमा अनुवाद समिति

संरक्षक : परमपूज्य कर्मा ठिन्ले रिन्पोछे
प्रमुख निर्देशक : महायोगी श्रीधर राणा रिन्पोछे
(आचार्य धर्मवज्र)
सदस्यहरू : नारायण प्रसाद रिजाल,
पुण्य प्रसाद पराजुली,
ईश्वरचन्द्र श्रेष्ठ, ज्वाला राणा,
स्मृति मैनाली

---


प्रकाशक : व्योमकुसुमा बुद्धधर्म संघ, विशालनगर, काठमाडौं
फोन : ४४१६३५२, ४४२८३२२
इमेल :byomakusuma@gmail.com


सर्वाधिकार : व्योमकुसुमा अनुवाद समितिमा सुरक्षित


संकलक/सम्पादक : नारायणप्रसाद रिजाल
संस्करण : २०६९ जेठ द्वितीय (परिवर्धित)
(प्रथम संस्करण- २०६०, वैशाख)
कम्प्युटर टाइपिङ : विदुर गौतम
आवरण/आकृति विन्यास : रमेश दाहाल


---


Printed for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website:http://www.budaedu.org
Mobile Web: m.budaedu.org


**This book is strictly for free distribution, it is not to be sold.**
यो पुस्तक निशुल्क वितरणको लागि हो। बिक्री गर्न को लागी होइन।

# प्रथम संस्करणको उपोद्घात

*त्रिरत्नशरणम्*

*नमो ऽमिताभाय बुद्धाय*

*इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो*

*लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति*

हाम्रो संघमा सामान्यरूपमा आवश्यक पर्ने विभिन्न सूत्र, स्तोत्र, पाठ आदिको एउटा संग्रह प्रकाशन गर्न पाउनु हाम्रो लागि ठूलो मुदिताको विषय बनेको छ । यसको लागि बौद्धिक रूपमा, भावनात्मक रूपमा र आर्थिक रूपमा समेत सूत्रपात गर्ने र अगुवाइ लिने श्रेय विशेष गरी निर्वाण पोखरेल तथा उहाँकै दाजुभाइहरू राजेन्द्र पौडेल, सुरेश पोखरेल तथा महेश दाहाललाई जान्छ । यस्ता पुण्यकर्महरू पूरै संघको तर्फबाट साधुवाद दिन योग्य छन् ।

बुद्धले कुनै पनि पूजा-पाठ, कर्मकाण्ड विधि आदि (rituals) सिकाउनु भएन र सबै किसिमका पूजा-पाठ, कर्मकाण्ड विधि आदिको विपक्षमा हुनुहुन्थ्यो भन्ने धारणा कुनै न कुनै रूपबाट कसैगरी नेपाली शिक्षितहरूको माझमा निकै फैलिएको देखिन्छ । यही मिथ्या बुझाइलाई नै आम्बेडकर, राहुल साङ्कृत्यायन आदिका निजी व्याख्याहरूद्वारा प्रभावित भएका केही थेरवादी विद्वान् हरूबाट झन् अग्रगति दिइएको छ । यी आम्बेडकर आदि विद्वान् हरूले बुद्ध धर्मका सिद्धान्तहरूलाई पश्चिमी आधुनिकतावाद (western modernism) र साइन्टिजम (scientism) **[विज्ञानसँग असम्बन्धित टुक्रा-टाक्री धारणाहरू गाँसेर जबर्जस्ती**

**विज्ञानसम्मत बनाउन खोज्ने प्रवृत्ति]** को जगद्दृष्टि (weltanschauung) सँग मेल खाने गरी यसलाई अद्यावधिक गराउने प्रयास गरेका थिए । पश्चिमी आधुनिकतावाद सत्रौं शताब्दीको अन्त्यतिर शुरु भई उन्नाइसौं शताब्दी र बीसौं शताब्दीको शुरुवाततिर चरम विन्दुमा प्रवेश गर्ने गति लिएर रेखीय विधा (linear modes) मा बढी जोड दिने र वैज्ञानिक ठहरिने **[कार्टेसियन अपचयवादी भौतिकवाद, (Cartesian reductionist materialism) को रूपतालिका (paradigm) भित्र पर्ने कुराहरूलाई मात्रै स्वीकार्ने र त्यसभित्र नपर्ने जुनसुकै कुरालाई पनि अस्वीकार गरी पन्छाउने]** हिसाबले अघि आएको थियो । परन्तु १९५० तिर न्यूरोसाइन्स (neuroscience) र कग्निटिभ साइन्स (cognitive science) को क्षेत्रमा भएको क्रान्तिले त्यस्ता रेखीय कुरा मात्र र त्यसैले 'वैज्ञानिक' कुराहरू मात्र महत्त्वपूर्ण हुन्छन् भन्ने धारणाहरूको उद्देश्य नै हराएर गएको छ र त्यसको साथसाथै त्यो पश्चिमी आधुनिकतावाद पश्चिमतिर मरी पनि सकेको छ र पश्चिमी उत्तराधुनिकतावाद (post modernism) को समेत शुरुवात भैसकेको छ । पश्चिमी उत्तराधुनिकतावाद आधारित भएको मूलभूत रूपतालिका भनेको त्यो अपचयवादी वैज्ञानिक दृष्टि (reductionist scientific view) को अलावा यो जगतलाई हेर्ने दृष्टिकोणका विधाहरू थुप्रै छन्, अरु जगद् दृष्टिहरू पनि थुप्रै छन् र यो वैज्ञानिक अपचयवादी दृष्टि जत्तिकै मान्य, तथ्य र वास्तविक नै छन् भन्ने हो ।

बुद्धले कुनै पनि पाठ पूजा आदि सिकाउनुभएको थिएन र यस्ता कुराहरूको विपक्षमा हुनुहुन्थ्यो भन्ने दाबी आधुनिकतावादी जगद् दृष्टिबाट प्रभावित व्यक्तिहरूले बुद्धलाई आधुनिकतावादी व्यक्तित्त्वको रूपमा प्रस्तुत गर्न गरिएको प्रयास मात्र हो । यस्तो किसिमको प्रयासमा सर्वप्रथम त के

समस्या छ भने यस्तो अनौठो अवधारणा (quaint notion) स्वयं नै दीघनिकायको परिनिब्बान सुत्त ५.११ सँग विरूद्ध छ, जहाँ बुद्धले आनन्दलाई तथागतको स्तूपहरू बनाउनुपर्छ भनेर बताउनुभएको छ । त्यस्तै जसले त्यहाँ श्रद्धा भक्तिको चित्तले मालाहरू चढाउँछ या सुगन्धहरू छर्किन्छ र अविर सिन्दूर चूर्णले रङ्गाउँछ, उसको लामो समयसम्म हित र सुख हुन्छ इत्यादि भनिएको छ । जस्तैः-

*तत्थ ये मालं वा गन्धं वा चुण्णके वा आरोपेस्सन्ति*
*वा अभिवादेस्सन्ति वा चित्तं वा पसादेस्सन्ति तेसं*
*तं भविस्सति दीघरत्त हिताय सुखाय*

पुष्पहरू चढाउनु, सुगन्धहरू चढाउनु, रङ्ग आदि लगाउनु आदि कुरा तथागतको स्तुपलाई गरिएको पूजा (rituals) नै हो । यो पुष्प, धूप, गन्ध इत्यादि इत्यादिबाट पूजा गर्नु नै हो । सुत्त निपातको मागन्दीय सुत्तमा शास्ता स्वयंले भन्नुभएको छ, "मैले यो भन्दिन कि कसैले दृष्टि, श्रुति, (परम्परा) ज्ञान, शील या ब्रत (अर्थात् पूजाआजा आदि) बाट शुद्धता प्राप्त गर्छ न त मैले भन्छु कि कसैले दृष्टि, श्रुति, ज्ञान, शील या ब्रत (पूजा आदि) विना नै शुद्धता प्राप्त गर्दछ । यी कुराहरूलाई साधन बनाएर र ती स्वयं मै पकड नगरेर रहनाले मात्र कसैले शुद्धता प्राप्त गर्न सक्छ ।"मैले एच्. सद्धातिस्सले गर्नुभएको अनुवादबाट उद्धरण गरेको हुँ । आनन्द कौशल्यायनले यसको धेरै नै आधुनिकतावादी अनुवाद (modernist translation) गरेका छन् जसलाई पूर्वाग्रही भएकोले मैले समावेश गरिन ।

त्यस्तै अङ्गुत्तर निकायको चौथो र पाँचौं निपातका दुई भिन्दाभिन्दै स्थानहरूमा भगवान् ले बलिग्राहक देवताहरूलाई बलि दिनुपर्छ भनेर

उपदेश गर्नुभएको छ (यहाँ बलि भनेको नैवेद्य आदि कुनै खाद्य वस्तुहरूलाई चढाउनु हो) । त्यसो गर्नु पनि एक प्रकारको पूजा-पाठ, कर्मकाण्ड विधि, रीति आदि (rituals) नै हो । अत: यी तीन या चार ठाउँका बुद्धवचनहरूले स्पष्टसँग देखाउँछन् कि बुद्धले पूजा-पाठहरूको त्यसरी विरोध गरिहाल्नुभएको थिएन, बरु अन्धाधुन्धरूपमा पूजा आजालाई मात्रै मुक्तिको सर्वेसर्वा मार्ग ठान्ने कुराको मात्र विरोध गर्नुभएको थियो ।

त्यस्ता व्याख्याको दोस्रो समस्या के हो भने बुद्धले कुनै पनि पूजा-पाठ सिकाउनु भएको थिएन, वास्तवमा त्यसको विरोध गर्नु भएको थियो भन्ने धारणाले बुद्धलाई एक आधुनिकतावादी व्यक्ति बनाउँछ जसले सत्रौं शताब्दीको अन्त्यतिर मात्र शुरु भएको आधुनिकतावादी जगद्दृष्टिलाई समर्थन गरेको होस् । आज आधुनिकतावाद म्याद नाघिसकेको धारणा बनेको छ । त्यसैले उक्त धारणाले बुद्धलाई समेत म्याद नाघिसकेको तुल्याउँछ ।

पाठहरू, स्तोत्रहरू, धारणीहरू, परित्राणहरू सबै एक न एक प्रकारका पूजा-पाठ, कर्मकाण्ड, रीति आदि नै हुन् । बुद्धले सिकाएका ३७ बोधिपाक्षिक धर्ममध्ये दशवटा बोधिपक्षीयहरू पञ्च इन्द्रिय र पञ्च बल हुन् (श्रद्धा इन्द्रिय/श्रद्धाबल, वीर्यइन्द्रिय/वीर्यबल, स्मृति इन्द्रिय/स्मृतिबल, समाधि इन्द्रिय/समाधिबल, प्रज्ञा इन्द्रिय/प्रज्ञाबल) ।

केही आधुनिकतावाद-प्रभावित थेरवादी लेखकहरूले सोच्छन् कि प्रज्ञा मात्र बुद्धका शिक्षाहरूको सबभन्दा महत्त्वपूर्ण पक्ष हो । परन्तु ३७ बोधिपक्षको धारणाले देखाउँछ कि श्रावकको स्रोतापन्न हुन र बोधिसत्त्वको दर्शनमार्गप्राप्ति हुन श्रद्धा र अन्य पक्षहरू पनि प्रज्ञाजत्तिकै महत्त्वपूर्ण

हुन्छन् । त्यस्तै आर्यका सात धनहरूमा पनि श्रद्धालाई प्रज्ञाजत्तिकै महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ । बुद्धले प्रज्ञालाई श्रद्धा आदिभन्दा बढी महत्त्व दिएको दावी गर्नको लागि कुनै पनि मान्य कारण छैन । पञ्च इन्द्रिय पूर्ण रूपमा विकसित नभइकन पञ्चबल विकसित हुन सक्दैनन् र पञ्चबलको विकासविना मार्गमा अघि बढ्न सकिंदैन । त्यसकारणले प्रज्ञा इन्द्रियको विकास र त्यसलाई प्रज्ञाबल बनाउने मात्र होइन कि श्रद्धेन्द्रियको विकास र त्यसलाई श्रद्धाबल बनाउनु पनि उत्तिकै महत्त्वपूर्ण छ ।

पाठ, स्तोत्र, स्तुति, गाथा आदि भएको यो पुस्तिका श्रद्धेन्द्रियको विकास गरी श्रद्धाबल उब्जाउने कामसँग अत्यन्त नजीकबाट सम्बन्धित छ । ल्याङ्ली पोर्टर न्यूरोसाइक्याट्रिक इन्स्टिटयूटको 'इन्स्टिटयुट फर स्टडी अफ् ह्युमन कन्सस्नेस्' का विश्वप्रख्यात मनोवैज्ञानिक रबर्ट अर्नस्टाइनले भन्नुहुन्छ कि "पाठ आदिले चित्तका परिवर्तित अवस्थाहरू (altered states of consciousness) को उत्पाद गर्छन् र चित्तलाई खुला गराउन योगदान दिन्छन् [The Psychology of Consciousness] ।"

बुद्ध स्वयंले धेरै गाथाहरू गाउनुभएको छ । त्यस्तै थेरगाथा र थेरीगाथाले पनि प्रमाणित गर्छन् कि पाठ, गाथा, दोहा, चर्यागीति आदि कुराहरू गहिरो तहका अनुभूतिलाई अभिव्यक्त गर्ने एक प्रकारका गम्भीर तरीकाहरू हुन् । यस्ता अभिव्यक्तिका तरीकाहरू वास्तवमा मौलिक बौद्ध तरीकाहरू नै हुन् । अनाथपिण्डदका छोरा काललाई बुद्ध स्वयंले एक श्लोक वारम्वार धेरै पटक पाठ गर्न लगाएर स्रोतापन्न बनाउनुभएको थियो । यसले 'पाठ' आदिलाई विपश्यनासँग नजीकबाट सम्बन्ध भएको देखाउँछ किनकि विपश्यनाविना स्रोतापन्न हुन या दर्शनमार्गमा प्रवेश गर्न सम्भव हुँदैन ।

प्रज्ञाजतिकै महत्वपूर्ण श्रद्धा र भक्तिको विकासको लागि पाठ आदि अति महत्त्वपूर्ण कुरा हुन जान्छन् । केही आधुनिकतावादी थेरवादी लेखकहरूले लेखेझैं बुद्ध धर्म भनेको ज्ञान मार्ग मात्र हो र त्यसमा भक्तिको कुनै पनि तत्त्व हुनुहुँदैन भन्ने अवधारणा गलत धारणा हो । यो त बुद्ध धर्मको समग्र मार्गको विकृत दृष्टि मात्र हो ।

भारतवर्षमा भक्ति (पालि-भत्ति) भन्ने शब्द सर्वप्रथम ई.पू. १०० तिरका थेरगाथाहरूमा देखापर्दछ । भक्ति सिकाउने सबै हिन्दू प्रणालीहरू इतिहासक्रममा पछिका विकास मात्र हुन् । त्यसकारणले गलत सूचना प्रवाह गर्ने केही विद्वान् हरूले भनेजस्तो 'भक्ति' हिन्दू धर्मको प्रभावबाट बुद्धधर्ममा आएको कुरा होइन ।

अघि भनेझैं थेरगाथाले प्रमाणित गर्छ कि भारतवर्षको क्षितिजमा भक्ति भन्ने शब्द र अवधारणा सबभन्दा पहिले बुद्ध धर्ममै देखा परेको छ । जस्तै:- ***सो भत्तिम नाम च होति पण्डितो ञत्वा च धम्मेसु बिसेसि अस्स*** *(coted: The Bodhisattva Doctrine: Hardayal)*

श्रद्धा इन्द्रियको विकास गरेर श्रद्धाबलसम्म नपुऱ्याएसम्म बौद्ध मार्ग अपूरो नै रहनेछ । अवश्य नै प्रज्ञा इन्द्रियको मात्र विकास गरी प्रज्ञाबलसम्म पुऱ्याएर मात्र मार्ग पूर्ण हुँदैन र स्तोत्र, स्तुति, पाठ, धारणी आदिले निश्चय नै श्रद्धाको विकास र त्यसलाई अग्रगति दिने काम गर्दछन् । अङ्गुत्तर निकायमा शास्ताले भन्नुभएको छ कि जसको बुद्धमाथि श्रद्धा छ उनीहरू कहिल्यै पनि अपायगतिमा जाँदैनन् । तसर्थ बुद्धमा श्रद्धा विकास गराउने बौद्ध स्तोत्र, स्तुति, पाठ, धारणी आदिले अभ्युदयलाई पनि अवश्य योगदान गर्दछन् । बुद्ध स्वयंले सात दिन मात्र आयु भएको आयुवर्धन भन्ने बच्चाको आयु बढाउनको लागि परित्राण सूत्र (परित्त सुत्त)

पाठ गर्नू भन्नुभएको थियो । निश्चय नै बुद्धले यस्तो भन्नुभएको छैन कि विश्लेषणात्मक ठहरिने बौद्धिक जमातहरू अपायगतिमा जाँदैनन् !

पाश्चात्य विश्वविद्यालयका धार्मिक इतिहासका पिता मिर्सिया इलियाड र धेरै मनोविज्ञ तथा मनश्चिकित्सक जस्तैः- चार्लस् टाट, युङ्ग, मास्ल आदिले भनेका छन् कि शाब्दिक विश्लेषणात्मक बौद्धिक जीवन ढाँचा (verbal analytical intellectual mode of being) मा बढी भर पर्नु धार्मिक अनुभूतिको बुझाइको लागि घातक हुन सक्छ । भगवान् बुद्ध यो तथ्यप्रति पूर्ण रूपमा सचेत हुनुहुन्थ्यो । त्यसै कारणले श्रद्धा इन्द्रिय र त्यसको शिखर श्रद्धाबललाई प्रज्ञा इन्द्रिय र प्रज्ञाबलजत्तिकै महत्त्व दिनुभएको थियो ।

श्रद्धारहित प्रज्ञा भनेको भावशून्य कम्प्युटरजस्तै हो । जतिसुकै परिमार्जित र परिष्कृत भए पनि एक कम्प्युटरले दर्शनमार्ग या स्रोतापत्ति फल प्राप्त गर्न सक्दैन । त्यस्तै प्रज्ञारहित श्रद्धा पनि आज्ञाकारी स्वामिभक्त अन्धो कुकुरजस्तै हो । त्यसकारण एउटालाई अर्काको निमित्त बलिदान नदिई दुबैको उत्तिकै विकास गर्नुपर्दछ । सच्चा र ठीक प्रज्ञा त्यही हो जो श्रद्धा, भक्ति र करूणासँग अभिन्न छ । आजका आधुनिक मनोवैज्ञानिकहरूका अनुसार करूणा, भक्ति र श्रद्धाले रहित प्रज्ञा नै असन्तुष्टि, आफैबाट आफूलाई टाढिएको महसूस हुनु, परिपूर्णता नहुनु, जीवन खल्लो र निराश लाग्नु आदि रोगहरूको जरो हो । यी आधुनिकतावादले हिर्काएका व्यक्तिहरूमा हुने प्रमुख रोगहरू हुन् । त्यसकारण पाठ आदि कुराहरू मानवको सर्वाङ्गीण आध्यात्मिक विकासको लागि अत्यन्त ठूलो मूल्य भएका कुराहरू हुन् र बौद्ध मार्गका पनि अभिन्न अङ्गहरू हुन् ।

अन्तमा म यसलाई मेरा मूल गुरुहरू परमपूज्य चोब्ग्ये ठ्रिचेन् रिन्पोछे, परमपावन साक्या ठ्रिजिन् रिन्पोछे तथा परमादरणीय कर्मा ठिन्ले रिन्पोछेहरूको दीर्घायु तथा मेरा मूल गुरु परमपूज्य उग्र्येन् रिन्पोछेको शीघ्रावतरणको लागि परिणामना गर्दछु ।

ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोऽह्यवदत्

तेषाञ्च यो निरोध एवंवादी महाश्रमणः ।

आचार्य धर्मवज्र

**(श्रीधर शम्शेर ज. ब. राणा)**

वि. सं. २०६०, वैशाख

# द्वितीय संस्करणको भूमिका

पाठ, स्तोत्र, प्रार्थना, विद्या, धारणी जस्ता कुराहरू श्रद्धा उत्पन्न गर्न, विक्षेप हटाउन, पुण्य-संस्कार बढाउन र धार्मिक मार्गमा अघिबढाउन धेरै नै महत्वपूर्ण विषयहरू भएकाले सबै बौद्ध परम्पराहरूमा यस्ता पाठहरू गरिराख्ने प्रचलन छ । यी पाठहरू धेरै किसिमका हुन्छन् जस्तै:- शरण, देशना, चित्तोत्पाद, प्रणिधान, आरक्षा इत्यादि । यस्ता सबै प्रकारका पाठहरूको समय र सन्दर्भ अनुसार आफ्नै खालको ठूलो महत्व हुन्छ । पाठहरूविनाको धर्म अभ्यासको कल्पना गर्न पनि सकिँदैन । यिनै कारणहरूले गर्दा हाम्रो यस व्योमकुसुमा बुद्धधर्मसंघमा प्रायशः पाठ गरिने विभिन्न प्रार्थनाहरूको संग्रहलाई संघका सदस्यहरू निर्वारण पोखेल, राजेन्द्र पौडेल, महेश दाहाल र सुरेश पोखेलको अनुरोध र सहयोगबाट वि. सं. २०६० सालमा 'प्रार्थना पुस्तिका' को नामले पहिलो पटक प्रकाशित गरिएको थियो । त्यसको लोकप्रियता एवं उपादेयता अति राम्रो देखिन आयो र चाँडै नै उक्त पुस्तिका अप्राप्त हुनपुग्यो र विगत चार वर्षदेखि संघबाट दोस्रो संस्करणको निमित्त तीव्र अनुरोध आउन थाल्यो । परमपूज्य गुरुपाद आचार्य महायोगी श्रीधर राणा रिन्पोछेको इच्छा अनुसार अबको संस्करणमा सकेसम्म धेरै वर्गका पाठ सामग्रीहरू राख्नुपर्ने एवं सम्भव भएजतिका संस्कृत र नेपाली दुबै भाषामा राख्ने निर्देशन भएबमोजिं संकलन, चयन र कतिपय बढी प्रचलित प्रार्थनाहरूको नेपाली अनुवाद गर्नुपर्ने भएकोले केही समय लाग्यो । मेरो वेफुर्सदी पनि एउटा थप कारक तत्त्व हुनपुग्यो जसको लागि म गुरुपाद एवं संघसँग क्षमाप्रार्थी छु ।

केही ढीलो भएता पनि यो दोस्रो संस्करणमा सामग्रीहरू धेरै जुटाइएका छन् । पहिले नभएका कतिपय प्रार्थनाहरूको नेपालीमा अनुवादसहित राखिएको छ । नामसंगीति, मङ्गलाष्टक जस्ता केही प्रार्थनाहरू नेपालीमा अनुवाद गरेर पाठ गर्नु त्यति राम्रो नदेखिने भएको र त्यस्ता प्रार्थनाहरू केवल नामहरूको संग्रह मात्र भएको हुनाले नेपाली अनुवाद गरिएको छैन ।

पाठकहरूको जानकारीको लागि प्रत्येकको अन्त्यमा छोटो परिचय दिइएको छ, जसबाट प्रत्येक प्रार्थनाहरूको स्रोत, अनुवादस्रोत, पाठको महत्त्व, तरीका जस्ता विषयहरूको अति संक्षिप्त सूचना मिल्नेछ र त्यो सबैलाई उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु । यो पुस्तिकाको छपाईको लागि धर्मानुदान गर्न चाहने धर्मदाताहरूको नाम उहाँहरूले इच्छाएको प्रार्थनाको पृष्ठमा सबैको अनुमोदनका निमित्त दिइएको छ, जसले गर्दा सबै धर्माभ्यासी पाठकहरूमा धर्मानुदानको संस्कृतिप्रति अनुराग बढोस् भन्ने अपेक्षा छ ।

प्रार्थना-पाठ-हरूको महत्त्वको विषयमा यसको प्रथम संस्करणको आचार्य महायोगी श्रीधर राणा रिन्पोछे (आचार्य धर्मवज्र)को भूमिका हेर्न र मनन गर्न सबै पाठकहरूलाई मेरो अनुरोध छ ।

प्रार्थना पुस्तिकाको यो दोस्रो संस्करणको प्रकाशनका निमित्त धेरै सहयोग गरेका बौद्ध विद्वान् उपासक श्री पुण्यप्रसाद पराजुलीलाई सहृदय धन्यवाद दिन चाहन्छु र यसमा विभिन्न पक्षबाट सहयोग गर्ने अन्य उपासिका एवं उपासकहरू सबैलाई म व्योम कुसुमा बुद्धधर्म संघको तर्फबाट सहृदय साधुवाद दिन चाहन्छु र उहाँहरूको यो अत्यन्त ठूलो पुण्य कर्मको शतशः अनुमोदन गर्दछु । यसको छपाई कार्य समयमै गरिदिने लुष प्रेस परिवारलाई पनि धन्यवाद दिन्छु । यो ग्रन्थको संपादन र अनुवादमा भएका त्रुटिहरूप्रति म विद्वज्जनहरूसँग क्षमायाचना गर्दछु ।

विनीत

**नारायण प्रसाद रिजाल (बुद्ध वज्र)**

सहायक धर्मधर, व्योकुसुमा बुद्धधर्म संघ

विशालनगर, २०६९ बुद्ध पूर्णिमा

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १.क) | सामान्य शरणगमन विधि | 2–3 |
| १. ख) | पञ्चशील | 4–5 |
| २) | शरणगमन (छोटो) | 4–5 |
| ३) | शरणगमन र बोधिचित्त (अतिशको) | 4–5 |
| ४) | शरणगमन (लामो) | 6–7 |
| ५) | बोधिचित्त | 6–7 |
| ६) | चतुर्ब्रह्मविहार | 8–9 |
| ७) | सप्ताङ्ग वन्दना | 8 –9 |
| ८) | आर्य रत्नत्रयानुस्मृतिसूत्रम् | 10–13 |
| ९) | त्रिरत्न वन्दना | 14–15 |
| १०) | आवाहन सूत्र | 16–19 |
| ११) | मङ्गलाष्टक | 20–21 |
| १२) | मङ्गल वाचन | 22–25 |
| १३) | पद्मसम्भवको सप्तपदी प्रार्थना | 26–27 |
| १४) | दुसुम साङ्गेमा (बाधानिवारणी कामनासिद्धि) | 26–27 |
| १५) | आर्यत्रिस्कन्धसूत्रम् | 30–35 |
| १६) | सामान्य प्रतिदेशना | 36–37 |
| १७) | बोधिसत्त्वसंवर विधि | 38–43 |
| १८) | चार संवरहरू | 44–45 |
| १९) | दश महासंवरहरू | 45–45 |

| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| २०) | अष्टश्लोकी मतिशोधन अभ्यास (लाङ्ग्री थाङ्पाको) | 46–47 |
| २१) | मण्डलार्पण (लामो) | 50–51 |
| २२) | मण्डलार्पण (छोटो) | 52–53 |
| २३) | धर्मचक्रको लागि प्रार्थना | 52–53 |
| २४) | षोडशस्थविर पूजा विधि | 56–77 |
| २५) | प्रज्ञापारमिताहृदयसूत्रम् | 80–85 |
| २६) | वज्रगीति | 86–86 |
| २७) | अद्वयपरमार्था आर्यमञ्जुश्रीनामसंगीति | 89–109 |
| २८) | मञ्जुश्री घाङ्लोमा स्तुति | 112–113 |
| २९) | मञ्जुघोषपुरतः प्रणिधानम् | 114–115 |
| ३०) | आर्यतारानमस्कारैकविंशतिस्तोत्रम् | 128–135 |
| ३१) | आर्यताराष्टोत्तरशतनामस्तोत्रम् | 138–149 |
| ३२) | पञ्चरक्षादेवीस्तोत्र | 150–152 |
| ३३) | मार्गवाधा निवारणी | 153–162 |
| ३४) | कामना सहज सिद्धिता | 163–170 |
| ३५) | कामना शीघ्र सिद्धिदा | 170–171 |
| ३६) | "श्रद्धाचित्तको किलो गाड्ने" नामक टाढाबाट गुरु बोलाउने प्रार्थना | 171–185 |
| ३७) | "अधिष्ठान स्रोत" नामक शास्ता र भारत एवं भोटका निष्पक्ष शासनधर सिद्ध तथा पंडित गुरुहरूको प्रार्थना | 185–186 |
| ३८) | आर्य–अपरिमित–आयुर्ज्ञान–नाम महायान सूत्र | 187–199 |
| ३९) | उष्णीषविजया धारणी | 200–203 |

| क.सं. | विषय | पृष्ठ |
|---|---|---|
| ४०) | आर्यवज्रविदारणा नाम धारणी | 204–207 |
| ४१) | सुखावती भुवनको संक्षिप्त महायान सूत्र | 208–212 |
| ४२) | अमिताभ क्षेत्रको संक्षिप्त परिणामना | 212–213 |
| ४३) | सुखावती प्रणिधानम् | 214–215 |
| ४४) | अन्तराभवको साँघुरो बाटोबाट तर्ने प्रणिधान | 216–218 |
| ४५) | आर्यसमन्तभद्रचर्याप्रणिधानराज | 220–243 |
| ४६) | अष्ट मंगल द्रव्यार्पण | 244–247 |
| ४७) | दीप–ज्वालन–प्रणिधानम् (मार्मे मोन्लाम्) | 248–250 |
| ४८) | डोला देक्चीमा (स्तुति) | 250–257 |
| ४९) | रत्नश्रीको प्रार्थना | 256–256 |
| ५०) | उपोषथ विधि | 257–262 |
| ५१) | भोजनार्पण | 267–267 |
| ५२) | भूकम्पलाई दबाउने विधि | 267–268 |
| ५३) | परमपावन साक्या ठ्रिजिन् रिन्पोछेको दीर्घायु प्रार्थना | 270–273 |
| ५४) | परमपावन दाग्छेन रिन्पोछेको दीर्घायु प्रार्थना | 274–274 |
| ५५) | परमपूज्य लुदिङ् खेन्छेन् रिन्पोछेको दीर्घायु प्रार्थना | 277–278 |
| ५६) | परमपूज्य कर्मा ठ्रिन्ले रिन्पोछेको दीर्घायु प्रार्थना | 281–281 |
| ५७) | आचार्य धर्मवज्रको दीर्घायु प्रार्थना | 282–282 |
| ५८) | जेचुन्माको दीर्घायु प्रार्थना | 285–285 |
| ५९) | आह्वान | 286–286 |
| ६०) | परिणामना (लामो) | 288–293 |
| ६१) | परिणामना (छोटो) | 292–293 |

# चित्रसूची


| क्र.सं. | चित्र | पृष्ठ |
|---|---|---|
| १. | भगवान शाक्यमुनि बुद्ध | 1 |
| २. | गुरु पद्मसम्भवको मूर्ति | 25 |
| ३. | सिद्धेश्वर विरुपा | 28 |
| ४. | पापप्रतिदेशनका निमित्त भावना गरिने पैंतिस बुद्धहरू | 29 |
| ५. | सैंतिस बोधिपाक्षिक धर्महरूको विकासको लागि पुण्यसम्भार गर्न चढाइने सैंतिस मण्डल भावनाको चित्र | 48 |
| ६. | महासिद्ध तिलोपा | 49 |
| ७. | सम्भोगकाय बुद्ध बज्रधर | 54 |
| ८. | बुद्धशासनलाई धारण गर्ने सोह्र स्थविर एवं एक उपासक | 55 |
| ९. | महासिद्ध नरोपा | 78 |
| १०. | भगवती प्रज्ञापारमिता | 79 |
| ११. | नामसंगीति | 87 |
| १२. | महान अनुवादक गुरु मार्पा | 88 |
| १३. | महायोगी मिलारेपा | 110 |
| १४. | अरपचनमञ्जुश्री | 111 |
| १५. | आर्यातुरेवीरा तारा | 116 |
| १६. | आर्या शुक्लकान्ता तारा | 117 |
| १७. | आर्या कनकवर्णा तारा | 117 |
| १८. | आर्या तथागतोष्णीषी तारा | 118 |
| १९. | आर्या हूँकारनादिनी तारा | 118 |

| क्र.सं. | चित्र | पृष्ठ |
|---|---|---|
| २०. | आर्या त्रैलोक्यविजया तारा | 119 |
| २१. | आर्या प्रमर्दिनी तारा | 119 |
| २२. | आर्या मारमर्दनेश्वरी तारा | 120 |
| २३. | आर्या खदिरवणी तारा | 120 |
| २४. | आर्या शोकविनोदनी तारा | 121 |
| २५. | आर्या जगद्वशी तारा | 121 |
| २६. | आर्या मङ्गलालोका तारा | 122 |
| २७. | आर्या परिचायिका तारा | 122 |
| २८. | आर्या भृकुटी तारा | 123 |
| २९. | आर्या महाशान्ता तारा | 123 |
| ३०. | आर्या रागनिषूदनी तारा | 124 |
| ३१. | आर्या सुखसाधनी तारा | 124 |
| ३२. | आर्या विजया तारा | 125 |
| ३३. | आर्या दुःखदहनी तारा | 125 |
| ३४. | आर्या सिद्धिसम्भवा तारा | 126 |
| ३५. | आर्या परिनिष्पन्ना तारा | 126 |
| ३६. | आर्य अतीशको परम्पराका २१ ताराहरु | 127 |
| ३९. | अतीश दिपङ्कर श्रीज्ञान | 136 |
| ४०. | आर्या तारा | 137 |
| ४१. | मार्गबाधानिवारणी प्रार्थनासँग सम्बन्धित गुरु पद्मसम्भवका रूपहरू | 155 |
| ४२. | निधिप्रकाशक महागुरु छोग्युर लिङ्पा | 156 |

| क्र.सं. | चित्र | पृष्ठ |
|---|---|---|
| ४३. | कामनासहज सिद्धिदा प्रार्थनासँग सम्बन्धित गुरु पद्मसम्भवका रूपहरू | 167 |
| ४४. | महागुरु लोङ्छेङ्पा | 168 |
| ४५. | भगवान् बुद्ध अमितायुष् | 193 |
| ४६. | भगवान् बुद्ध अमिताभ | 194 |
| ४७. | भगवती आर्या उष्णीषविजया | 201 |
| ४८. | आर्या सप्तलोचनी तारा | 202 |
| ४९. | सुखावती बुद्धक्षेत्र | 202 |
| ५०. | निधि प्रकाशक मिग्युर दोर्जे | 210 |
| ५१. | आर्य समन्तभद्र | 219 |
| ५२. | भगवान् वज्रसत्व | 236 |
| ५३. | भगवान् अक्षोभ्य | 264 |
| ५४. | सहस्रभुज लोकेश्वर | 265 |
| ५५. | आर्या अवलोकितेश्वर | 266 |
| ५६. | परमपावन साक्या ठिृजिन रिन्पोछे | 269 |
| ५७. | परमपावन दाग्छेन रिन्पोछे | 275 |
| ५८. | परमपूज्य लुदिङ् खेन्चेन् रिन्पोछे | 276 |
| ५९. | साक्याका पाँच संस्थापक गुरुहरुलगायत देव तथा अन्य गुरुहरु | 279 |
| ६०. | परमपूज्य कर्मा ठिृन्ले रिन्पोछे | 280 |
| ६१. | आचार्य महायोगी श्रीधर राणा रिन्पोछे | 283 |
| ६२. | भट्टारिका (जेचुन्मा) नीरु राणा | 284 |
| ६३. | परमपूजनीय चोब्ग्ये ठिृचेन रिन्पोछे | 287 |
| ६४. | महाकाल | 294 |



भगवान शाक्यमुनि बुद्ध

## १. क) सामान्य शरणगमन विधि

**नमस्तस्मै भगवते अर्हते सम्यक्सम्बुद्धाय**

**अहमित्थं (आफ्नो नाम भन्ने) नामा यावज्जीवं बुद्धं शरणं गच्छामि द्विपदानामग्रम् ।**

**अहमित्थं (आफ्नो नाम भन्ने) नामा यावज्जीवं धर्मं शरणं गच्छामि विरागाणामग्रम् ।**

**अहमित्थं (आफ्नो नाम भन्ने) नामा यावज्जीवं संघं शरणं गच्छामि गणानामग्रम् ।**

**द्वितीयमपि अहमित्थं ( आफ्नो नाम भन्ने ) नामा यावज्जीवं बुद्धं शरणं गच्छामि द्विपदानामग्रम् ।**

**द्वितीयमपि अहमित्थं (आफ्नो नाम भन्ने ) नामा यावज्जीवं धर्मं शरणं गच्छामि विरागाणामग्रम् ।**

**द्वितीयमपि अहमित्थं (आफ्नो नाम भन्ने ) नामा यावज्जीवं संघं शरणं गच्छामि गणानामाग्रम् ।**

**तृतीयमपि अहमित्थं (आफ्नो नाम भन्ने ) नामा यावज्जीवं बुद्धं शरणं गच्छामि द्विपदानामग्रम् ।**

**तृतीयमपि अहमित्थं (आफ्नो नाम भन्ने ) नामा यावज्जीवं धर्मं शरणं गच्छामि विरागाणामग्रम् ।**

**तृतीयमपि अहमित्थं (आफ्नो नाम भन्ने ) नामा यावज्जीवं संघं शरणं गच्छामि गणानामग्रम् ।**

(यो सामान्य शरणगमन हो र महायान परम्परामा प्रचलित स्वरूपको हो ।)

## १. क) सामान्य शरणगमन विधि

*उनै भगवान् अर्हन् सम्यक्सम्बुद्धलाई प्रणाम छ ।*

*म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त द्विपदहरूमा श्रेष्ठ बुद्धको शरणमा जान्छु ।*
*म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त विरागहरूमा श्रेष्ठ धर्मको शरणमा जान्छु ।*
*म **(आफ्नो नाम भन्ने )** नाम गरेको व्यक्ति जीवनपर्यन्त गणहरूमा श्रेष्ठ संघको शरणमा जान्छु ।*
*दोस्रो पटक पनि म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त द्विपहरूमा श्रेष्ठ बुद्धको शरणमा जान्छु ।*
*दोस्रो पटक पनि म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त विरागहरूमा श्रेष्ठ धर्मको शरणमा जान्छु ।*
*दोस्रो पटक पनि म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त गणहरूमा श्रेष्ठ संघको शरणमा जान्छु ।*
*तेस्रो पटक पनि म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त द्विपहरूमा श्रेष्ठ बुद्धको शरणमा जान्छु ।*
*तेस्रो पटक पनि म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त विरागहरूमा श्रेष्ठ धर्मको शरणमा जान्छु ।*
*तेस्रो पटक पनि म **(आफ्नो नाम भन्ने)** नाम गरेको व्यक्ति जीवनपर्यन्त गणहरूमा श्रेष्ठ संघको शरणमा जान्छु ।*

## १.ख) पञ्चशील

**अहमित्थं (आफ्नो नाम भन्ने) नामा यावज्जीवं**

**प्राणातिपातविरतिशिक्षापदं समाददामि ।**

**अदत्तादानविरतिशिक्षापदं समाददामि ।**

**काममिथ्याचारविरतिशिक्षापदं समाददामि ।**

**मृषावादविरतिशिक्षापदं समाददामि ।**

**सुरामैरेयमद्यप्रमादस्थानविरतिशिक्षापदं समाददामि ।**

(अप्रमादेन सम्पादयेथा:)

*साधु साधु साधु !*

## २) शरणगमन (छोटो)

**गुरुं बुद्धं धर्मं संघं यावदाबोधिमण्डत:**

**व्योमवत्सर्वसत्त्वैश्च युक्तोऽहं शरणं व्रजे ॥**

## ३) शरणगमन र बोधिचित्त (अतीशको)

**बुद्धं च धर्मं च गणोत्तमं च यावद्धि बोधिं शरणं गतोऽस्मि**

**दानादिपुण्यैश्च कृतैर्मयैभि -र्बुद्धो भवेयं जगतो हिताय ॥**

(यो आर्य अतीशको रचना हो र यसमा दुई पाउ शरणगमन' बाँकी दुई पाऊ 'बोधिचित्तोत्पाद' हुन् । यसको नेपाली अनुवाद बुद्ध वज्रको हो ।)

## ख) पञ्चशील

*म (**आफ्नो नाम भन्ने**) नाम गरेको व्यक्ति जीवनपर्यन्त*
*प्राणातिपातबाट विमुख रहने शिक्षापद ग्रहण गर्छु,*
*नदिएको लिने कामबाट विमुख रहने शिक्षापद ग्रहण गर्छु,*
*काममिथ्याचारबाट विमुख रहने शिक्षापद ग्रहण गर्छु,*
*झुटो बोल्ने कामबाट विमुख रहने शिक्षापद ग्रहण गर्छु,*
*सुरा-मैरेय-मद्यजस्ता मात लाग्ने कुराबाट विमुख रहने*
*शिक्षापद ग्रहण गर्छु ।*

**(नमातिकन यी सम्पन्न गर्नू)**

*साधु साधु साधु !*

## २) शरणगमन (छोटो)

*गुरु र बुद्ध, धर्मैमा संघमा बोधिसम्म नै*
*आकाश झैं सबै सत्त्व मिली शरण जान्छु मै ।*

## ३) शरणगमन र बोधिचित्त (अतीशको)

*बुद्धै र धर्मै र गणोत्तमैमा*
*बोधि हुँदासम्म म छु शरण्मा ।*
*दानादि मेरा सब पुण्यबाट*
*बुद्धै म होऊँ जगतो हिताय ॥*

## ४) शरणगमन (लामो)

**अहं चाकाशवद्व्यापि - सर्वसत्त्वा अत: परम्**
**आबोधे: शरणं याम: सदाऽमूल्यतमं गुरुम्**
**दशदिक्त्र्यध्वगानां च सुगतानां च कायवाक् -**
**चित्तगुणकर्मरूपं धर्माणाम् उद्गमं खलु**
**चतुरशीतिसहस्राणाम् आर्यसंघस्य स्वामिनम् ।**
**मूलं भट्टारकं नाथं परम्परागुरुसहितम् ॥**

**श्रीमन्तं सद्गुरुं शरणं गच्छाम:**
**सम्यक्सम्बुद्धभगवत: शरणं गच्छाम:**
**सद्धधर्मान् शरणं गच्छाम:**
**आर्यसङ्घान् शरणं गच्छाम:**

## ५) बोधिचित्त

**सर्वसत्त्वहितार्थाय लभ्या सम्बुद्धता मया**
**तस्माद् गम्भीरमार्गस्य साधनं तु करोम्यहम् ॥**
**(अथवा)**
**दु:खान्मोचयितुं सत्त्वान् सम्यक्सम्बुद्धता मया**
**प्राप्तव्या जन्मनीहात: करोमीमां हि साधनाम् ॥**

(यो असाधारण वज्रयानीय शरणगमन र बोधिचित्त हो । यो तिब्बतको साक्या परम्परामा प्रचलित विधि हो र यस्तै आशयको शरणगमन अन्य परम्पराहरूमा

## ४) शरणगमन (लामो)

*म र आकाशझैं व्याप्त सबै सत्त्व उता अब*
*बोधिसम्म शरण् जान्छौं अमूल्य गुरुमा सदा*
*जो दश् दिशा त्रिकालैका सुगतैका त काय, वाक्*
*चित्त, गुण कर्म नै हुन्, त्यस्तै जो स्रोत हुन् सबै*
*चौरासी हज्जार धर्मैका, स्वामी हुन् आर्य संघकै*
*मूल भट्टारकै नाथ परम्परागुरुयुक्त ती*
*श्रीमान् सद्गुरुको शरणमा जान्छौं*
*सम्यक्सम्बुद्ध भगवान्को शरणमा जान्छौं*
*सद्धर्मको शरणामा जान्छौं*
*आर्य संघहरूको शरणमा जान्छौं*

## ५) बोधिचित्त

*सबै सत्त्व हितै गर्न सम्बोधि प्राप्त गर्नुछ*
*अतः गम्भीरमार्गैको गर्दैछु साधना म त ॥*

*(अथवा)*

*सत्त्वलाई मुक्त गर्न दुःखबाट त बुद्धता*
*चाहिन्छ यो जन्ममा नै अतः यो गर्छु साधना ॥*

पनि पाइन्छ । लोचावा पुण्यप्रसाद पराजुलीले नेपालीमा अनुवाद गर्नुभएको र बुद्ध वज्रले संस्कृतमा अनुवाद गर्नुभएको हो ।)

## ६) चतुर्ब्रह्मविहार

**सर्वे सत्त्वाः सुखैश्चैव युक्ताः स्युः सुखकारणैः**
**भवन्तु सततं मुक्ता दुःखाच्च दुःखकारणात् ।**
**कदापि वञ्चिता न स्युर्दुःखहीनमहासुखात्**
**दूरादूरद्वेषरागमुक्तोपेक्षास्थिता हि स्युः ॥**

## ७) सप्ताङ्ग वन्दना

**रत्नत्रयं मे शरणं सर्वं प्रतिदिशाम्यघम् ।**
**अनुमोदे जगत्पुण्यं बुद्धबोधौ दधे मनः ।**
**आबोधेः शरणं यामि बुद्धं धर्मं गणोत्तमम् ।**
**बोधौ चित्तं करोम्येष स्वपरार्थप्रसिद्धये ।**
**उत्पादयामि वरबोधिचित्तं**
**निमन्त्रयामि अहं सर्वसत्त्वान् ।**
**इष्टां चरिष्ये वरबोधिचारिकां**
**बुद्धो भवेयं जगतो हिताय ।**

(चतुर्ब्रह्मविहार भनेका चार अप्रमाण भावनाहरू हुन् जसलाई क्रमशः मैत्री, करुणा, मुदिता र उपेक्षा भनेर चिनिन्छ । प्रत्येक साधनाको अगाडि आशय विशुद्धिको लागि यिनीहरूको भावना गर्नु अति आवश्यक हुन्छ । यिनीहरूको समाधि लाभ नगरेका व्यक्तिले अर्थ मनन गर्दै पाठ गरेर भए पनि काम चलाउनुपर्ने भएकोले यिनीहरूको पाठ गरिन्छ । तिब्बती परम्परामा प्रचलित

## ६) चतुर्ब्रह्मविहार

*सबै सत्त्व युक्त होऊन् सुखले, सुखहेतुले*
*मुक्त होऊन् सधैं दुःखबाट औ दुःखहेतुले*
*कदापि वञ्चित नहून् दुःखहीन महासुखले*
*टाढा नजीकमा द्वेष राग मुक्त, तटस्थ होऊन् ।*

## ७) सप्ताङ्ग वन्दना

*त्रिरत्नको शरण छु, देशना सर्व पापको*
*मोदना लोकपुण्यैको, बोधिमा मन् छ बुद्धको*
*बोधिसम्म शरण् जान्छु बुद्ध, धर्म, गणोत्तम*
*बोधिमा चित्त यो राख्छु स्व-परार्थ त साधन*
*उत्पन्न गर्छु वरबोधिचित्त निमन्त्रणा छ सब सत्त्वलाई*
*गर्ने छु इष्टै वरबोधिचर्या बुद्धै म होऊँ जगतो हिताय ।*

भावना वाक्यहरूलाई बुद्धवज्रले संस्कृतमा अनुवाद गरी प्रचलनमा ल्याइएको हो। त्यस्तै सात अङ्गले युक्त वान्दना (सप्ताङ्ग वन्दना) बोधिको लागि संक्षिप्त मार्ग हो र यहाँ दिइएको स्वरूप वज्रपञ्जर तन्त्रमा दिइएअनुसारको हो । अभिषेक ,साधना लगायतका कर्महरू गर्दा पापशोधन र पुण्यसम्भारको लागि सामान्यतया यसअनुसारको सप्ताङ्ग वन्दना गर्ने गरिन्छ ।)

## ८) आर्य रत्नत्रयानुस्मृतिसूत्रम्

**नमः सर्वज्ञाय**

**इत्यपि स भगवान् बुद्धस्तथागतोऽर्हन् सम्यक्सम्बुद्धो विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तरः पुरूषदम्यसारथिः शास्ता देवमनुष्याणां बुद्धो भगवानिति ।**

**निष्यन्दः स तथागतः पुण्यानां, अविप्रणाशः कुशलमूलानां, अलंकृतः क्षान्त्या, आलयः पुण्यनिधानानां, चित्रितो अनुव्यञ्जनैः, कुसुमितो लक्षणैः, प्रतिरूपो गोचरेण, अप्रतिकूलो दर्शनेन । अभिरतिः श्रद्धाधिमुक्तानां, अनभिभूतः प्रज्ञया, अनवमर्दनीयो बलैः, शास्ता सर्वसत्त्वानां, पिता बोधिसत्त्वानां, राजा आर्यपुद्गलानां, सार्थवाहो निर्वाणपुरयायिनां, अप्रमेयो ज्ञानेन, अचिन्त्यः प्रतिभानेन, विशुद्धः स्वरेण, आस्वादनीयो घोषेण, असेचनको रूपेण, अप्रतिसमः कायेन, अलिप्तः कामैः, अनुपलिप्तो रूपैः, असंसृष्ट आरूप्यैः, विमुक्तो दुःखेभ्यः, विप्रमुक्तः स्कन्धेभ्यः, विसंयुक्तो धातुभिः, संवृत आयतनानि, प्रच्छिन्नो ग्रन्थान्, विमुक्तः परिदाहेभ्यो, मुक्तस्तृष्णाया, ओघादुत्तीर्णः । परिपूर्णो ज्ञानेन, प्रतिष्ठितोऽतीतानागतप्रत्युत्पन्नबुद्धानां भगवतां ज्ञाने, अप्रतिष्ठितो निर्वाणे, स्थितो भूतकोट्यां, स्थितः सर्वसत्त्वालोकनीयायां भूमौ । इत्यते बुद्धानां कायमाहात्म्यविशुद्धा गुणाः ।**

## ८) आर्य त्रिरत्नानुस्मृति सूत्र


*यस प्रकार उहाँ भगवान् बुद्ध तथागत, अर्हन्, सम्यक्सम्बुद्ध, विद्या र चरणहरूले सम्पन्न, सुगत, लोकलाई जान्ने, अनुत्तर, पुरुषहरूलाई दम्य (विनेय) गराउने सारथि, देवता र मनुष्यका शास्ता (गुरु) भगवान् बुद्ध हुनुहुन्छ ।*

*उहाँ तथागत पुण्यहरूका सार, कुशलमूलहरू विनाश नहुने, क्षान्तिद्वारा अलंकृत, पुण्यनिधिहरूका आलय, अनुव्यञ्जनहरूद्वारा चित्रित (विभूषित), बत्तीस लक्षणरूपी फूलहरूबाट कुसुमित, हेर्दाखेरि अत्यन्त सुन्दर रूपवाला, दर्शनले कहिल्यै प्रतिकूल नहुने, श्रद्धाले विश्वास गर्नेहरूका निमित्त अत्यन्त रमणीय, प्रज्ञाले पारिजत गर्न नसकिने, बलहरूले अवमर्दन गर्न नसकिने, सबै सत्त्वहरूका शास्ता (गुरु), बोधिसत्त्वहरूका पिता, आर्य पुद्गलहरूका राजा, निर्वाण नगरीतिर जानेहरूका निमित्त सार्थवाह, ज्ञानले मापन गर्नै नसकिने, प्रतिभानद्वारा चिन्तन गर्नै नसकिने, स्वरले विशुद्ध, घोषले (गर्जन) ले मनलाई रस दिने, रूपले कहिल्यै सन्तुष्ट नभइने खालका, काय कसैसित उपाय दिन नमिल्ने खालको, कामधातुका दोषहरूबाट अलिप्त, रूपधातुका दोषहरूबाट अनुपलिप्त (नलेपिएका), अरूपधातुका दोषहरूबाट नछोइएका, दुःखहरूबाट मुक्त भैसकेका, स्कन्धहरूबाट विमुक्त भैसकेका, धातुहरूबाट नजोडिएका, आयतनहरुलाई संवरण (नियन्त्रण) गरिराखेका, ग्रन्थ (एक प्रकारका गाँठाहरु जसले मनलाई संसारसँग जोड्छन्) हरूलाई*

**सद्धर्म आदौ कल्याणो मध्ये कल्याण: पर्यवसाने कल्याण: स्वर्थ: सुव्यञ्जन: केवल: परिपूर्ण: परिशुद्ध: पर्यवदात: ।**
**स्वाख्यातो भगवतो धर्म: सान्दृष्टिको निर्ज्वर आकालिक औपनयिक ऐहिपश्यिक: प्रत्यात्मवेदनीयो विज्ञै: ।**
**स्वाख्यातो भगवतो धर्मविनय: सुप्रवेदितो नैर्याणिक: सम्बोधिगामी अभिन्नस्तूप: सप्रतिशरण: छिन्नप्लोतिक: ॥**

**महायानसंघ: सुप्रतिपन्नो न्यायप्रतिपन्नो ऋजुप्रतिपन्न: समीचीप्रति पन्नो अञ्जलिकरणीयो वन्दनीय: पुण्यश्रीक्षेत्रो महादक्षिणा-परिशोधकः समन्तदानमहास्थान: ॥**

(त्रिरत्न अर्थात् बुद्धरत्न, धर्मरत्न र संघरत्न गरी तीन रत्नहरूको गुणलाई सम्झिन भगवान् बुद्धले बताएको महायान परम्परा अनुसारको यो सूत्रलाई धेरै आदरपूर्वक पाठ गर्ने चलन छ । एकाग्र भएर बुद्ध, धर्म र संघका गुणहरू मनन गर्दै यो पाठ गर्नुपर्छ । त्यसबाट धेरै फाइदा हुने, चित्तमा श्रद्धा बढ्ने, बुद्ध र बोधिसत्त्वका गुणहरूको आफूमा विकास हुने, मार आदिको कुदृष्टि नपर्ने जस्ता अनुशंसाहरू बताइएको छ ।यसको संस्कृत अनुवाद बुद्धवज्रको हो र नेपाली अनुवाद लोचावा पुण्य प्रसाद पराजुलीको हो ।)



*छिनालिसकेका, डहनहरूबाट विमुक्त भैसकेका, तृष्णाबाट मुक्त भैसकेका, ओघ (क्लेशको बाढी) बाट पार भैसकेका हुनुहुन्छ । ज्ञानले परिपूर्ण, अतीत-अनागत र वर्तमानका भगवान् बुद्धहरूको ज्ञानमा प्रतिष्ठित, अप्रतिष्ठित निर्वाणमा रहेका, भूतकोटीमा स्थित र सबै सत्त्वहरूलाई देख्ने भूमिमा स्थित हुनुहुन्छ । यिनीहरु बुद्धहरूको कायमहात्म्यका विशुद्ध गुणहरु हुन् ।*

*सद्धर्म शुरुमा कल्याण गर्ने, बीचमा कल्याण गर्ने, अन्त्यमा कल्याण गर्ने, उत्तम अर्थ भएको, उत्तम व्यञ्जन (पद र अक्षर) भएको, मिसमास नभएको, परिपूर्ण, परिशुद्ध, अत्यन्त सफा छ ।*

*भगवान्ले बताइएको धर्म राम्रोसँग बताइएको प्रत्यक्ष देखिने, ताप नभएको, समयसीमा नभएको (सार्वकालिक), निर्वाणतिर लैजाने, 'आऊ हेर न' भन्न लायक, विज्ञहरूद्वारा स्वयंले आफूभित्र बोध गर्नसकिने खालको छ ।*

*भगवान् द्वारा सिकाइएको धर्मविनय राम्रोसँग बताइएको, राम्रोसँग जानिएको, संसारबाट बाहिर निकाल्ने खालको, सम्बोधितिर लैजाने, भेद नगरिकन संग्रह गर्नेखालको प्रतिशरणले युक्त (शरण जान योग्य), संसारको आवागमनको प्रवाहलाई टुटाउने छ ।*

*महायानको संघ राम्रोसँग अभ्यास गरेको, न्यायोचित ढंगले अभ्यास गरेको, सरल (सोझो) ढंगले अभ्यास गरेको, सम्यक् (सही ढंग)ले अभ्यास गरेको, अञ्जलि बाँधेर झुक्न लायक, वन्दना गर्न योग्य, पुण्यश्री कमाउनको लागि क्षेत्र, दक्षिणाको महान परिशोधक एवं सबैतिरबाट दान दिनको लागि महान् स्थान हो ॥*


## ९) त्रिरत्न वन्दना

**यो बुद्धत्वमनादिमध्यनिधनं शान्तं विबुद्धः स्वयं**
**बुद्ध्वा चाबुधबोधनार्थमभयं मार्गं दिदेश ध्रुवम् ।**
**तस्मै ज्ञानकृपासिवज्रवरधृग्दुःखाङ्कुरैकच्छिदे**
**नानादृग्गहनोपगूढविमतिप्राकारभेत्त्रे नमः ॥**

**यो नासन्न च सन्न चापि सदसन्नान्यः सतो नासतो-**
**ऽशक्यस्तर्कयितुं निरूक्त्यपगतः प्रत्यात्मवेद्यः शिवः ।**
**तस्मै धर्मदिवाकराय विमलज्ञानावभासत्विषे**
**सर्वारम्भणरागदोषतिमिरव्याघातकर्त्रे नमः ॥**

**ये सम्यक्प्रतिविध्य सर्वजगतो नैरात्म्यकोटिं शिवाम्**
**तच्चित्तप्रकृतिप्रभास्वरतया क्लेशास्वभावेक्षणात् ।**
**सर्वत्रानुगतामनावृतधियः पश्यन्ति सम्बुद्धतां**
**तेभ्यः सत्त्वविशुध्यनन्तविमलज्ञानेक्षणेभ्यो नमः ॥**

(यो आर्य असंगविरचित रत्नगोत्रविभागशास्त्रबाट लिइएको बुद्ध, धर्म र संघको वन्दना हो । यसमा आर्यासंगले बुद्ध, धर्म र संघको अति उच्च कोटिको गुण उल्लेख गर्दै वन्दना गर्नुभएको छ । यसको नेपाली अनुवाद बुद्धवज्रले गर्नुभएको हो ।)



## ९) त्रिरत्नको वन्दना

*जसले आदि, मध्य र अन्त्य नभएको शान्त बुद्धतालाई स्वयंले नै बोध गर्नुभयो र बोध गरिसकेर अज्ञानी जनहरूलाई बोध गराउनको लागि भयरहित सत्य मार्गको उपदेश गर्नुभयो, त्यस्ता ज्ञान र करूणाको तर्वार एवं उत्तम वज्र धारण गरेर दुःखको अङ्कुरलाई छिनाल्ने एकमात्र छेदक र विभिन्न प्रकारका दृष्टिहरूले गहिरोसँग ढाकिएको खराब बुद्धिको पर्काललाई पनि भत्काउने (भगवान् बुद्ध) लाई वन्दना गर्दछु ॥*

*जो असत् पनि होइन, सत् पनि होइन, न त सद् र असत् दुबै हो, न त सद् र असत् दुबैभन्दा भिन्न अर्को हो, जसलाई तर्कले केलाउन सकिँदैन, जो निरूक्तिबाट पर छ, जो आफैले नै जानिने एवं कल्याणकारक छ, त्यस्तो निर्मल ज्ञानको प्रकाशबाट चम्किरहेको एवं सम्पूर्ण आलम्बनप्रति राग र द्वेषरूपी अँध्यारोलाई नष्ट पार्ने धर्मरूपी सूर्यलाई वन्दना गर्दछु ॥*

*जसले कल्याणैकल्याण गर्ने सम्पूर्ण धर्मको नैरात्म्यकोटिलाई सही ढंगले प्रतिवेध गरेर त्यही स्थितिको चित्तको प्रकृतिप्रभास्वरतामा रहनाले क्लेशहरूको निःस्वभावलाई देखेर बुद्धिबाट आवरण हटिसकेका छँदा सर्वत्र व्याप्त सम्बुद्धतालाई देख्दछन् त्यस्ता, सत्त्वहरूलाई विशुद्ध गराउने काममा अनन्त निर्मल ज्ञानचक्षु भएका (आर्य बोधिसत्त्वहरूको गण) लाई वन्दना गर्छु ॥*

## १०) आवाहन सूत्र

विपत्तिप्रतिवाहाय सर्वसम्पत्तिसिद्धये
सर्वदु:खविनाशाय भवे दीर्घायुर्दायकम्
सर्वलोकहितार्थाय परित्राणं भणामहे ।
समन्ता: चक्रवालेषु अत्रागच्छन्तु देवता:
सद्धर्मं मुनिराजस्य श्रृण्वन्तु स्वर्गमोक्षदम् ॥
*धर्मश्रवणकालोऽयं भदन्त:* । (३ पटक)
नमस्तस्मै भगवते अर्हते सम्यक्सम्बुद्धाय
ये शान्ता: शान्तचित्ता: त्रिशरणशरणा अत्र लोकान्तरे वा
भूमौ भूमौ च देवा गुणगणग्रहणा व्यावटाः सर्वकालम् ।
एते आयान्तु देवा वरकनकमये मेरूराजे वसन्त:
सन्ता: सन्तोषहेतुं मुनिवरवचनं श्रोतुमग्रं समग्रा: ॥
सर्वेषु चक्रवालेषु यक्षा देवाश्च ब्रह्माण:
यमस्माभि: कृतं पुण्यं सर्वसम्पत्तिसाधकम् ।
सर्वे तं अनुमोदित्वा समग्रा शासने रता:
प्रमादरहिता सन्तु आरक्षासु विशेषत: ।
शासनस्य च लोकस्य वृद्धिर्भवतु सर्वदा
शासनपि च लोकञ्च देवा रक्षन्तु सर्वदा ।
सर्वे भवन्तु सुखिनः परिवारेण सहात्मना
अनीघा सुमनसः सन्तु सह सर्वैर्ज्ञातिभिः ।
देवो वर्षतु कालेन शस्यसम्पत्तिरस्तु च

## १०) आवाहन सूत्र

*हटाउन विपत्ति र सबै सम्पत्ति साधन*
*सबै दु:ख नाश गर्न, दीर्घायु लोकमा दिने*
*सबै लोकहितै गर्न परित्राण बताउँछौं ।*
*सबै चक्रवालबाट यहाँ आऊन् ती देवता*
*सद्धर्म मुनिराजैको सुनून् स्वर्ग र मोक्षदा*
*धर्म सुन्ने समय हो यो, भदन्त ! (३ पटक)*
*उनै भगवान् अर्हन् सम्यक्सम्बुद्धलाई प्रणाम छ !*

*जो शान्त, शान्तचित्त भएका, त्रिरत्नको शरणमा गएका देवताहरू यो लोकमा या लोकान्तरमा छन्, भूईंमा या आकाशमा छन् या सधैं नै गुणको राशी ग्रहण गर्न लागिपरेका छन्, उत्तम सुवर्णमय सुमेरूराजमा बसेका छन् र सन्त छन् ती देवताहरू सन्तोषको हेतु बनेको मुनिवरको उत्तम वचन सुन्न सबै मिलेर आऊन् ॥*

*सबै चक्रवालहरूमा जो यक्ष, देवता र ब्रह्माहरू छन् तिनीहरू सबैले हामीले गरेको यो सम्पूर्ण सम्पत्ति सिद्ध गराउने पुण्यकार्यको अनुमोदना गरेर सबै नै यो शासनमा रमाउने गरून् र विशेष गरेर रक्षा गर्ने काममा नमात्तियून् ( प्रमादी नबनून् ) बुद्ध शासनको र लोकको सधैं वृद्धि भइराखोस् । बुद्ध शासनलाई र लोकलाई सधैं देवताहरूले रक्षा गरून् । सबै आफ्ना परिवारका साथ सुखी रहून् , सबै ज्ञाति (बन्धु - इष्टमित्र) हरूप्रति द्वेषरहित र राम्रो मन गराउने होऊन् । पर्जन्यदेवले समयमै वर्षा गरून् , अन्न बालि - सम्पत्तिको हेतु र लोकको पुष्टि हुँदै जाओस् , शासक धार्मिक होस् ॥*

**स्फीतो भवतु लोकश्च राजा भवतु धार्मिकः ।**
**राजतो वा चौरतो वा मनुष्यतो वा अमनुष्यतो वा अग्नितो वा उदकतो वा पिशाचतो वा स्थाणुकतो वा कण्टकतो वा नक्षत्रतो वा जनपद्रोगतो वा असद्धर्मतो वा असन्दृष्टितो वा असत्पुरूषतो वा चण्डहस्ति - अश्व - मृग - गो - कुक्कुर - अहि - वृश्चिक - मणिसर्प - द्वीपि - ऋक्ष - तरक्ष - शूकर - महिष - यक्ष - राक्षासादिभ्यो नाना भयतो वा नाना रोगतो वा नाना उपद्रवतो वा आरक्षं गृह्णन्तु देवताः ।**

**ये केचिद् बुद्धं शरणं गतास्तु ।**
**न ते गमिष्यन्ति अपायम्**
**प्रहाय मानुष्यं देहं ।**
**देवकायं परिपूरयिष्यन्तीति ॥**

(यो सूत्र पालि 'परित्राण' मा प्रचलित छ र विशेष गरी धर्म उपदेश गर्ने वेला सबै देवीदेवता लगायतका सत्वहरूलाई आएर धर्म सुन्न र रक्षा गर्न आह्वान गर्नलाई यसको पाठ गर्ने चलन छ । यसको नेपाली र संस्कृत अनुवाद बुद्धवज्रले गर्नुभएको हो ।)



*राजनेता (शासक) बाट या चोरबाट या मनुष्यबाट या अमनुष्यबाट या आगोबाट या पानीबाट या पिशाचबाट या ठूटोबाट या काँडाबाट या नक्षत्रबाट या नगरमा फैलिने रोगहरूबाट या सद्धर्मबाहेकका अन्य धर्मबाट या सम्यग् दृष्टिबाहेकका अन्य दृष्टिहरूबाट या सत्पुरूषबाहेकका अन्य पुरूषहरूबाट या मत्ता हात्ती - घोडा - मृग - गाई - कुक्कुर - सर्प - बिच्छी - मणिसर्प - बाघ - भालु - चितुवा - सुँगुर - भैंसी - यक्ष - राक्षस - आदिबाट हुने विभिन्न डरहरूबाट, विभिन्न किसिमका रोगहरूबाट, विभिन्न किसिमका उपद्रवहरूबाट देवताहरूले रक्षा गरून् ।*

*जो बुद्धका शरणमा गएका छन्*
*उनीहरू दुर्गतिमा जानेछैनन् ।*
*मनुष्यको चोला छोडिसकेपछि*
*देवताको चोला पूरा गर्नेछन् ॥*



तीन रत्नहरु

## ११) मङ्गलाष्टक

**मञ्जुश्रीर्लोकनाथो जिनवरमुकुटो जम्भलो वज्रसत्त्वः**
**मैत्रेयो वज्रपाणिः सुखकरकमलो राहुलो भद्रपालः ।**
**बुद्धो वैरोचनाद्यस्त्रिभुवननमितःक्षीणनिःशेषदोषा-**
**स्तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥१॥**

**हृष्टो हुँकारवज्रः पशुपतिदमको वज्रघण्टा च हृष्टा**
**पीतो हालाहलास्यो रिपुगणमथनो टक्किराजो महात्मा ।**
**अक्षोभ्यो रत्नकेतुः प्रतिदिनमचलो गण्डहस्तिर्यमारि-**
**स्तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥२॥**

**संघस्त्रैलोक्यबन्धुर्गुणगणनिलयो बोधिचित्तः सुचित्तः**
**बोधिश्चानन्दसिद्धो विजितकलिमलो हेरूको नीलदण्डः ।**
**बुद्धः सारङ्गराजो विजितजिनगुणो सर्वसत्त्वानुकम्पी**
**तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥३॥**

**प्रज्ञा चन्द्रावतारा तदनुजभृकुटी ज्ञानसंभारभारा**
**मारीची मारमारा सकलभयहरा पीतवर्णा त्रिवक्त्रा ।**
**मायूरी मामकी च क्षपितरिपुगणा पाण्डरा रोचनाद्या-**
**स्तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥४॥**

**गान्धारी जाङ्गुली च भुजगहतफणा खड्गपाशाङ्कुशोग्रा**

**वाराही वज्रहस्ता असिपरशुधरा धर्मधात्वीश्वरी च ।**
**केयूरी ज्ञानसारा ध्वजनिहितकरा षड्करा शावरी च**
**तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥५॥**

**वैण्या माल्या सुगीता प्रथितजिनवरे शावरी धूपवज्रा**
**वैताली गन्धवज्रा प्रहसितवदना स्वर्गतिरार्यतारा ।**
**लक्ष्मीर्बुद्धस्य बोधिः सकलभयहरा शारदा दीपवज्रा**
**तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥६॥**

**वैशाल्यां धर्मचक्रे प्रथितनिजबले पर्वते गृध्रकूटे**
**श्रावस्त्यां लुम्बिनीके क्षितिनिहितकरा कोंकणे बोधिवृक्षाः ।**
**श्रीवत्साश्वत्थपत्रं सुरवरनमितं श्रीफलं शङ्खचक्रं**
**तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥७॥**

**छत्रं दूर्वा च पद्मं ध्वजमपि निहितं लोचना मत्स्यकूर्मौ**
**वाराहः पूर्णकुम्भो मुनिवरवचनं वज्रघण्टानिनादः ।**
**बुद्धानां प्रातिहार्यं सुरवरनमितं हास्यलास्ये विलासा-**
**स्तुष्टाः सर्वार्थसिद्धिं ददतु समरसा मङ्गलं बोधिसत्त्वाः ॥८॥**

(यो विभिन्न बुद्ध, बोधिसत्त्व, डाकिनीहरू, बुद्धका विशेष स्थानहरू र माङ्गलिक चिन्हहरूको नाम लिँदै बोधिसत्त्वहरू प्रसन्न भई मङ्गल गरुन् भन्ने आशायको आठ श्लोकको मङ्गल प्रार्थना हो । यसको काठमाण्डौ उपत्यकाको परम्परामा पाठ गर्ने प्रचलन धेरै छ । यो शार्दूलविक्रीडित छन्दमा छ र कुनै पनि माङ्गलिक कार्यको शुरुआतमा लय हालेर यो गाउनु राम्रो मानिन्छ ।)

## १२) मङ्गल वाचन

समस्त सत्त्वको कल्याणका लागि बोधिलाभ गर्ने, सर्वार्थ सिद्ध गर्न व्रत पूर्ण गर्ने मुनिलाई सम्भारमार्गमा प्रीति हुनाले जो मङ्गलोदय भयो त्यस मङ्गलले समस्त सत्वहरू शान्त होऊन् ॥१॥

लोकहितको लागि तथागत तुषितदेवको विमानगर्भबाट यो लोकमा अवतरण गर्ने बेला इन्द्रादि देवहरूबाट घेरिएको बेला जुन मङ्गलोदय भयो त्यो मङ्गलले समस्त सत्वहरू शान्त होऊन् ॥२॥

पुष्पदलबाट प्रकाशित मनोहर लुम्बिनी उद्यानमा अनेक देवताहरुको साथमा नाथले जन्म लिनेवेला भवसम्प्राप्तिद्वारा जुन मङ्गलोदय भयो त्यो मङ्गलले समस्त सत्वहरू शान्त होऊन् ॥३॥

कपिलवस्तु नगरको राजदरबारमा गर्भप्रवेश तथा जन्म प्रदर्शन गर्नासाथ शुद्धोदनका पुत्र तथागतलाई अमृत जलले तुरुन्तै सेचन गर्नाले जुन मङ्गलोदय भयो त्यो मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥४॥

अद्भुत, महाप्रसिद्ध, देवहरूद्वारा प्रशंसित, पवित्र कपिलवस्तु नामक नगरको अचिन्त्य कुशलराशीको सम्पन्नताबाट जुन मङ्गलोदय भयो त्यो मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥५॥

आधा रातीमा पनि उत्तम नगरबाट सहर्ष अभिनिष्क्रमण गरेर तपोवनतिर प्रस्थान गरेपछि ब्रह्मा आदि देवगणद्वारा परिवेष्टित हुनाले जुन मङ्गलोदय भयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥६॥

*अति प्रकाशमय, उज्ज्वल, सुनौलो कायवालाले वैडूर्य मणि समान-को हरियो कुशको विछ्यौनामा अचल वज्रासन लगाउनाले जुन मङ्गलोदय भयो त्यो मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥७॥*

*नदीको तीरमा नीलकण्ठजस्तै घेरिरहेको अत्यद्भुत वातावरणमा आफ्नो तृष्णाको नाश गरेपछि नागराजद्वारा वन्दना गर्नाले जुन मङ्गलोदय भयो त्यो मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥८॥*
*वृक्षराजको सम्मुख, मैत्री बलबाट मारपक्षका समूहलाई दमन गरेर भूमि र आकाशमा भगवान् को जुन विभिन्न किसिमको मङ्गलोदय भयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥९॥*

*सम्पूर्ण दुःखहरूलाई नाश गर्नको लागि वज्रासनमा विराजमान भएर उषाकालमा चारै मारहरूलाई दमन गरेर शास्ता सुगतको जुन मङ्गलोदय भयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥१०॥*

*वाराणसी नगरमा महाऋषिपत्तनमा विहार गर्दै धर्मचक्र-प्रवर्तन गर्नाले जुन मङ्गलोदय भयो, देवलोक र यहाँ पनि जुन मङ्गलोदय भयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥११॥*

*मङ्गलकारी, कल्याणकारी, परमशुद्धिकारक, पुण्यविशोधक, आर्यजनद्वारा अभिप्रशंसनीय भगवान् शाक्यसिंहले जो उपदेश दिनुभयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥१२॥*

*तीर्थिकहरुको अहंकारलाई नष्ट गरेर जगत्मा सुख पैदा गर्न उत्तम प्रातिहार्यको प्रदर्शन गरेर जिनले जुन मङ्गलोदय गर्नुभयो त्यो मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥१३॥*


*जगत्को हितका निम्ति स्वर्गबाट यहाँ अवतरित हुनासाथ हातमा*

*विभिन्न चामर-छत्र आदि धारण गरेका ब्रह्मा आदि देवगणहरुले चारैतिरबाट घेरेको हुनाले जुन मङ्गलोदय भयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥१४॥*

*तथागतले परम शान्त निर्वाणमा प्रवेश गरेपछि उत्तम देवहरुद्वारा मन्दार आदि अनेक पुष्पहरुले अभ्यचर्ना, अभिस्तवन गर्नाले जुन मङ्गलोदय भयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥१५॥*

*देवेन्द्र, नागेन्द्र, नरेन्द्रहरुबाट वन्दित, गरुड, यक्ष, गन्धर्वराजहरूबाट पूजित दशबलधारी तथागतबाट जुन मङ्गलको उदय भयो त्यस मङ्गलले समस्त सत्त्वहरू शान्त होऊन् ॥१६॥*

*(यो आर्य नागार्जुनले रचना गर्नुभएको मङ्गल पाठ हो । पूजा, महाप्रणिधान, या यस्तै खालका माङ्गलिक कार्यहरू र अरु कुनै पनि उत्तम र पुण्यजनक कामहरू गर्दा विघ्नबाधाहरू, उपद्रवहरू नहोऊन् र शान्तिपूर्वक कार्यहरू सम्पन्न होऊन् भनेर शाक्यमुनि बुद्धका बाह्र कृत्यहरू र अन्य माङ्गलिक कर्महरूलाई सम्झेर सबैको मङ्गल र शान्तिको कामना गर्दै प्रारम्भमा यसको पाठ गर्ने गरिन्छ । यो मूल संस्कृतमा अहिले उपलब्ध छैन । काग्यु महाप्रणिधान संग्रहमा तिब्बती अनुवादबाट गरिएको हिन्दीलाई आधार बनाएर नेपालीमा बुद्धवज्रले अनुवाद गर्नुभएको हो ।)*





गुरु पद्मसम्भवको यो मूर्ति उहाँका अनुवादक गुरु वैरोचनले उहाँकै सामु बनाउनुभएको थियो र उहाँको अनुहारसँग मिल्थ्यो ।

## १३) पद्मसम्भवको सप्तपदी प्रार्थना

**हूँ ! ओडियाने वायव्ये पद्मकेसरकाण्डे**

**सिद्धिर्लब्धात्यद्भुता ख्यात पद्मसम्भवः**

**बहुडाकीभिरावृत तवैवानुसरामि**

**आयाह्यधिष्ठानार्थम् गुरु पद्मसिद्धि हूँ**

(यो महागुरु पद्मसम्भवको सात 'हरफ' को आह्वान प्रार्थना हो र यो पाठ गर्ने वित्तिकै म त्यहाँ भएको हुन्छु भनेर उहाँले स्वयंले बताउनुभएको छ र सधैं जुनसुकै पूजा-आजाहरू शुरु गर्दा पनि प्रायः उहाँलाई आह्वान गरिन्छ र अधिष्ठान लिइन्छ । यसको संस्कृत अनुवाद बुद्धवज्रको हो । मूल पाठ तिब्बती भाषामा छ । नेपाली अनुवाद महायोगी श्रीधर राणा रिन्पोछेको हो ।)

## १४) दुसुम् साङ्गेमा (बाधानिवारणी कामनासिद्धि)

**एमाहो !**

**त्रिकालबुद्ध गुरुरत्नश्री**

**सिद्धेर्नाथ महासुखधारिन्**

**बाधाखिलहन् क्रोधमारदमक**

**तवानुभावं याचे देहि**

**बाह्याभ्यन्तरगुह्यबाधाशान्त्यै**

**चिन्तितसिद्ध्यै देहि अधिष्ठानम् ॥**

## १३) पद्मसम्भवको सप्तपदी प्रार्थना

*हूँ ! उत्तर पश्चिम ओडियानमा पद्मकेशरमा जन्मेका*
*अद्भुत सिद्धि भएका पद्मसम्भव प्रख्यात*
*डाकिनीले घेरेका तिम्रो अभ्यास गर्दछौं*
*आऊ आशीर्वाद देऊ गुरु पद्मसिद्धि हूँ ।*

## भोट भाषामा

*हूँ ! उर्गेन् युल्गि नुब् झ्याङ् छाम् । पेमा गेसार् दोङ्बोला ।*
*याछेन् छोग् कि ङोढुब् न्ये । पेमाजुङ्गे शेसु ढ्राग् ।*
*खोर्दु खान्ड्रो माङ्गो कोर् । ख्योकि झेसु दाग् डुब् कि।*
*झिन्गि लाब्छिर् शेग्सु शोल् । गुरु पेमा सिद्धि हूँ ।*


## १४) दुसुम् साङ्गेमा (बाधानिवारणी कामनासिद्धि)

*एमाहो !*
*त्रिकालका बुद्ध गुरुरत्नश्री*
*सिद्धिका नाथ महासुखधारी*
*सर्व बाधानाशी मारदमी क्रोधी*
*प्रार्थना गर्दछु देऊ अधिष्ठान*
*बाहिरी भित्री गुह्य बाधा शान्ति र*
*कामना सिद्धिको देऊ अधिष्ठान ॥*

(यो छोग्युर् लिङ्पाको निधिधर्म *दुसुम साङ्गेमा* नामक अत्यन्त अधिष्ठानयुक्त स्तुति हो जुन मार्गबाधा निवारणी र कामना सहज सिद्धिदाको संक्षिप्त रुप हो)



सिद्धेश्वर विरुपा



पापप्रतिदेशनका निमित्त भावना गरिने पैंतिस बुद्धहरू

## १५) आर्यत्रिस्कन्धसूत्रम्

नमः सर्वबुद्धबोधिसत्त्वेभ्यः ।

समन्वाहरन्तु मां भगवन्तः । अहमेवं (आफ्नो नाम भन्ने) नामा सदा बुद्धं शरणं गच्छामि । धर्मं शरणं गच्छामि । संघं शरणं गच्छामि ।

नमो भगवते परमगुरवे महाकारुणिकाय शाक्यमुनये तथागता-यार्हते सम्यक्सम्बुद्धाय । नमो वज्रगर्भप्रमर्दिने । नमो रत्नार्चिषे । नमो नागेश्वरराजाय । नमो वीरसेनाय । नमो वीरनन्दिने । नमो रत्नाग्नये । नमो रत्नचन्द्रप्रभाय । नमो अमोघदर्शिने । नमो रत्नचन्द्राय । नमो निर्मलाय । नमः शूरदत्ताय । नमो ब्रह्मणे । नमो ब्रह्मदत्ताय । नमो वरुणाय । नमो वरूणदेवाय । नमो भद्रश्रिये । नमश्चन्दनश्रिये । नमो अनन्तौजसे । नमः प्रभासश्रिये । नमो अशोकश्रिये । नमो नारायणाय । नमः कुसुम-श्रिये । नमो ब्रह्मज्योतिर्विक्रीडिता-भिज्ञाय तथागताय । नमः पद्मज्योतिर्विक्रीडिता-भिज्ञाय तथागताय । नमो धनश्रिये । नमः स्मृतिश्रिये । नमः सुपरिकीर्तित-नामधेय-श्रिये । नम इन्द्रकेतु-ध्वजराजाय । नमः सुविक्रान्तश्रिये । नमः सुविजितसङ्ग्रामाय । नमो विक्रान्तगामिने । नमः समन्तावभासव्यूहश्रिये । नमो रत्न-पद्मविक्रामिणे । नमो रत्नपद्म-सुप्रतिष्ठित-शैलेन्द्र-राजाय तथा-गतायार्हते सम्यक्सम्बुद्धाय ।

## १५) त्रि - स्कन्ध सूत्र ( आर्य उपालि - परिपृच्छा - सूत्र )

नमः सर्वबुद्धबोधिसत्त्वेभ्यः ।

समन्वाहरन्तु मां भगवन्तः । अहमेवं (आफ्नो नाम भन्ने) नामा सदा बुद्धं शरणं गच्छामि । धर्मं शरणं गच्छामि । संघं शरणं गच्छामि ।

नमो भगवते परमगुरवे महाकारुणिकाय शाक्यमुनये तथागतायार्हते सम्यक्सम्बुद्धाय । नमो वज्रगर्भप्रमर्दिने । नमो रत्नार्चिषे । नमो नागेश्वरराजाय । नमो वीरसेनाय । नमो वीरनन्दिने । नमो रत्नाग्नये । नमो रत्नचन्द्रप्रभाय । नमो अमोघदर्शिने । नमो रत्नचन्द्राय । नमो निर्मलाय । नम: शूरदत्ताय । नमो ब्रह्मणे । नमो ब्रह्मदत्ताय । नमो वरुणाय । नमो वरूणदेवाय । नमो भद्रश्रिये । नमश्चन्दनश्रिये । नमो अनन्तौजसे । नम: प्रभासश्रिये । नमो अशोकश्रिये । नमो नारायणाय । नम: कुसुमश्रिये । नमो ब्रह्मज्योतिर्विक्रीडिता-भिज्ञाय तथागताय । नम: पद्मज्योतिर्विक्रीडिता-भिज्ञाय तथागताय । नमो धनश्रिये । नम: स्मृतिश्रिये । नम: सुपरिकीर्तित-नामधेय-श्रिये । नम इन्द्रकेतु-ध्वजराजाय । नमः सुविक्रान्तश्रिये । नम: सुविजितसङ्ग्रामाय । नमो विक्रान्तगामिने । नम: समन्तावभासव्यूहश्रिये । नमो रत्न-पद्मविक्रामिणे । नमो रत्नपद्म-सुप्रतिष्ठित-शैलेन्द्र-राजाय तथा-गतायार्हते सम्यक्सम्बुद्धाय ।

यस प्रकार तपाईं लगायतका दशौ दिशाका सबै लोकधातुहरूमा जति पनि तथागत, अर्हन् र सम्यक् सम्बुद्धहरू रहन्छन्, धारण गर्छन् र

एवंप्रमुखा यावन्तो दशदिक्षु सर्वलोकधातुषु तथागता अर्हन्तः सम्यक्सम्बुद्धा-स्तिष्ठन्ति ध्रियन्ते यापयन्ति ते मां समन्वाहरन्तु बुद्धा भगवन्तः । यन्मयाऽस्यां जातावन्यासु वा जातिष्वनवराग्रे जातिसंसारे संसरता पापकं कर्म कृतं स्यात् कारितं वा क्रियमाणं वाऽनुमोदितं भवेत् , स्तौपिकं वा सांघिकं वा द्रव्यमपहृतं स्याद् धारितं वा ह्रियमाणं वानुमोदितं भवेत् पञ्चानन्तर्याणि कृतानि स्युः कारितानि वा क्रियमाणानि वानुमोदितानि भवेयु र्दशाकुशलान् कर्मपथान् समादाय वर्तितं स्यात् परे वा समादापिताः स्युर्वर्तमाना वानुमोदिता भवेयुर्येन कर्मावरणेनावृतोऽहं निरयं वा गच्छेयं तिर्यग्योनिं वा यमविषयं वा गच्छेयं प्रत्यन्तजनपदेषु म्लेच्छेषु वा प्रत्याजायेयं दीर्घायु-ष्केषु देवेषूपपद्येयमिन्द्रिय-विकलतां वाधिगच्छेयं मिथ्यादृष्टिं वोपगृह्णीयां बुद्धोत्पादं वा विरागयेयं तत्सर्वं कर्मावरणं तेषां बुद्धानां भगवतां ज्ञानभूतानां चक्षुर्भूतानां साक्षिभूतानां प्रमाण-भूतानां जानतां पश्यतामग्रतः प्रतिदेशयाम्याविष्करोमि न प्रतिच्छादयाम्यायत्यां संवरमापद्ये ।

समन्वाहरन्तु मां ते बुद्धा भगवन्तो यन्मयाऽस्यां जातावन्यासु वा जातिष्वनवराग्रे वा जातिसंसारे संसरता दानं दत्तं भवेदन्तशस्तिर्यग्योनिगतायाप्यालोपः शीलं वा रक्षितं भवेद् यच्च मे ब्रह्मचर्य-वास-कुशल-मूलं यच्च मे सत्त्वपरिपाक-कुशल-मूलं यच्च मे बोधिचित्त-कुशलं यच्च मेऽनुत्तर-ज्ञान-कुशल-मूलं तत्सर्वमेकध्यं पिण्डयित्वा तुलयित्वा-भिसंक्षिप्या - नुत्तरायां

बिताउँछन्, ती सबै बुद्ध भगवानहरूले मलाई हेरून् । जुन मैले यो जुनीमा वा अनन्त अघिल्ला जुनीहरूमा जाति– संसारमा घुम्दा पाप कर्म गरेको वा गर्न लगाएको वा गरेको अनुमोदन गरेको हुँला, स्तूपको वा संघको धन चोरेको हुँला, चोर्न लगाएको वा चोरेकोमा अनुमोदन गरेको हुँला, पञ्च आनन्तर्य कर्म गरेको, गराएको वा गरेको अनुमोदन गरेको हुँला, दश अकुशल कर्मपथहरूमा लागेको, अरुलाई लगाएको वा लागेको अनुमोदन गरेको हुँला; जुन यी कर्मका आवरणले ढाकिएको छँदो मलाई नरकमा जानुपर्ला वा तिर्यग्लोकमा जानुपर्ला वा यमलोकमा जानुपर्ला वा विकट स्थानमा या म्लेच्छहरूकहाँ जन्मिनुपर्ला वा दीर्घजीवी देवताकहाँ जन्मिनुपर्ला वा अपाङ्ग हुनुपर्ला वा मिथ्यादृष्टि होला वा बुद्ध भएको विराग गर्नै होउँला, ती सबै कर्मावरणहरूलाई प्रज्ञावान् , साक्षी भएका, प्रमाण भएका, जान्ने र देख्ने ती बुद्ध भगवान्हरूका अगाडि प्रतिदेशना गर्दछु, प्रकाश गर्दछु , लुकाउन्न र अब उप्रान्तको लागि संवर लिन्छु ।

सम्पूर्ण तथागतहरू, मलाई हेर्नुहोस् कि जुन म आदि अन्तरहित जाति संसारमा घुम्दा यो जुनीमा होस् वा अघिल्ला जुनीमा मैले दान दिएको भए, पशुपञ्छीलाई मुष्टिदान गरेको भए, शील पालन गरेको भए, ब्रह्मचर्यवासको कुशलमूल भए, सत्त्वपरिपाकको कुशलमूल भए, बोधिचित्तको कुशलमूल भए, अनुत्तर ज्ञान प्राप्त गरेको कुशलमूल भए ती सबैलाई एकीकृत गरी, तौली, संक्षेप गरी अनुत्तर सम्यक् सम्बोधिमा उत्तरोत्तर परिणामनाद्वारा, जसरी अतीतका बुद्ध भगवान्हरुले परिणामना गरे, पछिका बुद्धभगवान्हरुले परिणामना गर्नेछन् , अहिले दशौंदिशामा उत्पन्न भएका बुद्ध भगवान् हरुले

**सम्यक्सम्बोधा-वुत्तरोत्तरया परिणामनया यथा परिणामित-मतीतै र्बुद्धैर्भगवद्भिर्यथा परिणामयिष्यन्त्यनागता बुद्धा भगवन्तो यथा परिणामयन्त्येतर्हि दशसु दिक्षु प्रत्युत्पन्ना बुद्धा भगवन्तस्त-थाहमपि परिणामयामि । सर्वं पापं प्रतिदेश-यामि, सर्वं पुण्यम-नुमोदयामि, सर्वान् बुद्धानध्येष्यामि । भवतु मे ज्ञानमनुत्तरम् ।**

*(सूत्र यतिसम्म हो)*

**ये चाभ्यतीतास्तथपि च ये अनागता**
**ये चापि तिष्ठन्ति नरोत्तमा जिनाः ।**
**अनन्तवर्णान् गुणसागरोपमा-**
**नुपैमि सर्वान् शरणं कृताञ्जलिः ॥**
**ये बोधिसत्त्वाः करुणबलैरूपेताः**
**विचरन्ति लोके सत्त्वहिताय शूराः**
**त्रायन्तु ते मां सद पापकारिणं**
**शरणं यामि तान् बहु बोधिसत्त्वान् ॥**

(यसको अर्को नाम उपालिपरिपृच्छा सूत्र पनि हो । उपालिलाई भगवान् बुद्धले सामान्य दश अकुशलहरूको पापदेशना गर्ने तरीकाको उपदेश गर्नुभए अनुसार यो सूत्र प्रचलित भएको हो । यसमा ३५ बुद्धहरूलाई वन्दना गर्दै आफ्ना अहिलेसम्म जम्मा पारिएका पाप कर्महरूलाई प्रकट गरेर देशना गर्ने र फेरि त्यस्ता कर्महरू नगर्ने संवर लिने विधि छ । यसलाई सबै बोधिसत्वमार्गीहरूले नियमित रूपमा दिनमा तीन पटक र रातमा तीन पटक अवश्य पाठ गर्नू भनेर आर्य शान्तिदेवले बोधिचर्यावतारमा बताउनुभएको छ । त्यसैले सबैले यो चार बलहरूले युक्त प्रायश्चित्त विधि (पापशोधन विधि) को दैनिक अभ्यास गर्नुपर्छ । यसको नेपाली अनुवाद बुद्धवज्रले गर्नुभएको हो ।)

परिणामना गर्दछन् त्यसरी नै म पनि परिणामना गर्दछु । सम्पूर्ण पापको प्रतिदेशना गर्दछु । सम्पूर्ण पुण्यको अनुमोदन गर्दछु । सबै बुद्धहरूलाई अध्येषणा गर्दछु । मलाई अनुत्तर ज्ञान होस् । **(सूत्र यतिसम्म हो)**

जो बितेका, न आएकै, जो छन् ऐले नरोत्तम
अनन्त वर्णका सारा गुणका सागरै सम ।
जति छन् जिन लोकैमा बद्धाञ्जलि भईकन
सबैमा नै सदाकाल शरणागत हुन्छु म ॥

जो बोधिसत्त्व करूणाबल साथमा ली
घुम्छन् जगत्भरि गरूँ भनि सत्त्वको हित् ।
पापी म छूँ अब मलाई सधैं ती शूर
रक्षा गरून् शरण छू बहुबोधिसत्त्व ॥



आदर्श

## १६) सामान्य प्रतिदेशना

**अहो महागुरवो वज्रधरादयः दशदिक्षु स्थिता सर्वे बुद्धा बोधिसत्त्वाः सङ्घाश्च मां समन्वाहरन्तु । अहमेवं......** *(आफ्नो नाम भन्ने)* **नामा अनादिजन्मतोऽद्यावधि–रागद्वेषमोहवशात् यत्कायवाङ्मनो–भिर्दशाकुशलानि कृतवान् पञ्चनन्तर्याणि पञ्च तत्सभागानि, प्रातिमोक्षसंवरलङ्घनं बोधिसत्त्वशिक्षालङ्घनं गुह्यमन्त्रसमयलङ्घनं मातापित्रोरनादर आचार्योपाध्यायानादरः, सब्रह्मविहारि–मित्राणामनादरः त्रिरत्नानां प्रतिबाधकानि कर्माणि, सद्धर्मपरित्याग आर्यसंघनिन्दनं सत्वाहितकरं कर्म चैवमादीनि कर्माणि कृतवान्, यान्यकुशलान्यहं कृतवान् यानि चान्यैः कारितवान् यान्यन्यैः कृतानि चानुमोदितवान्, संक्षेपेण ये चापत्तिदोषराशयः स्वर्गापवर्गान्तरायभूताः संसारदुर्गति-पतन-हेतुभूतास्तान् सर्वान् गुरुमहावज्रधरादीनां दशदिक्षु स्थितानां बुद्ध-बोधिसत्त्वानां चाग्रतः प्रतिदेशयाम्याविष्किरोमि न प्रतिच्छादया-म्यायत्यां संवरमापत्स्ये । कृतायां प्रतिदेशनायां कृते च प्रायश्चित्ते स्पर्शविहारो मे भविष्यति । अनाविष्करणे चाप्रतिदेशने तु न तथा जायेत ।**

(यो आचार्य अश्वघोषले रचेको पापदेशना विधि हो जसमा आफ्ना सबै किसिमका सामान्य पाप कर्म र संवर एवं शिक्षाहरूमा भएका त्रुटिहरूको प्रायश्चित्तको निमित्त प्रतिदेशना गरिएको छ । त्रिस्कन्ध सूत्रमा सामान्य अकुशलहरूको प्रतिदेशना छ भने यसमा विशेष गरी वज्रयानका केही त्रुटिहरूको प्रतिदेशना पनि समावेश छ । यो नियमित पाठ गर्नु धेरै राम्रो मानिन्छ र दैनिक अभ्यासको अङ्ग बनाउन सकिन्छ । 'काग्यु' महाप्रणिधान संग्रहमा उपलब्ध हिन्दी अनुवादको आधारमा बुद्ध बज्रले यसको नेपाली र संस्कृत अनुवाद गर्नुभएको हो ।)

## १६) सामान्य प्रतिदेशना

*अहो, हे महागुरु वज्रधर आदि दशौ दिशामा रहेका बुद्ध बोधिसत्त्व एवं संघहरू, मतिर ख्याल गर्नोस् ! म (**फलानो**) नाम गरेको व्यक्तिले अनादि जन्मदेखि आजसम्म राग, द्वेष र मोहको वशमा परेर काय-वाक् र चित्त द्वारा जुन दश अकुशल कर्महरू गरें, पाँच आनन्तर्य कर्महरू र पाँच आनन्तर्यसभाग कर्महरू गरें, प्रातिमोक्ष संवरको उल्लङ्घन, बोधिसत्त्वका शिक्षाहरूको उल्लङ्घन, माता-पिताको अनादर, उपाध्याय एवं आचार्यको अनादर, सब्रह्मविहारी मित्रहरूको अनादर, त्रिरत्नलाई अप्ठ्यारो पार्ने काम, सद्धर्मको परित्याग, आर्यसंघको निन्दा र सत्त्वहरूको अहित हुने जस्ता कर्महरू गरें, जुन अकुशलहरू अरूबाट गराएँ; जुन अकुशल अरूले गरेकोमा अनुमोदन गरें, संक्षेपमा जति पनि स्वर्ग र मोक्षको निमित्त बाधक हुने र संसार एवं दुर्गतिमा पतन हुने कुराको हेतु भएका आपत्ति र दोषका राशिहरू छन् ती सबैलाई महागुरू वज्रधर आदि दश दिशाका सबै बुद्ध- बोधिसत्त्वहरूको सामु प्रतिदेशना गर्छु, प्रकट गर्छु, लुकाउँदिन, र अब उप्रान्तको लागि संवर लिन्छु । प्रतिदेशना गरेमा र प्रायश्चित्त गरेमा मेरो स्पर्शविहार हुनेछ । प्रतिदेशना र प्रकट नगरेमा त्यस्तो हुनेछैन ।*

## १७) बोधिसत्त्वसंवर विधि

*शरणगमन र चित्तोत्पाद* × ३

**बुद्धं च धर्मं च गणोत्तमं च**
**यावद्धि बोधिं शरणं गतोऽस्मि**
**दानादिपुण्यैश्च कृतैर्मयैभि-**
**र्बुद्धो भवेयं जगतो हिताय ॥**

*चतुर्ब्रह्मविहार*

**सर्वे सत्त्वाः सुखैश्चैव युक्ताः स्युः सुखकारणैः**
**भवन्तु सततं मुक्ता दुःखाच्च दुःखकारणात् ।**
**कदापि वञ्चिता न स्युर्दुःखहीनमहासुखात्**
**दूरादूर-द्वेषराग-मुक्तोपेक्षा-स्थिता हि स्युः ॥**

*सप्ताङ्ग वन्दना*

**१) वन्दना - सर्वक्षेत्राणुसंख्यैश्च प्रणामैः प्रणमाम्यहम्**
**सर्वत्र्यध्वगतान् बुद्धान् सहधर्मगणोत्तमान् ।**

**२) पूजन - मञ्जुघोषप्रभृतयः पूजयन्ति यथा जिनान्**
**तथा तथागतान्नाथान् सपुत्रान् पूजयाम्यहम् ।**

**३) पापदेशना - मया बालेन मूढेन यत्किञ्चित् पापमाचितम्**
**प्रकृत्या यच्च सावद्यं प्रज्ञप्त्यावद्यमेव च ।**
**तत्सर्वं देशयाम्येष नाथानामग्रतः स्थितः**
**कृताञ्जलिर्दुःखभीतः प्रणिपत्य पुनः पुनः ।**
**अत्ययमत्ययत्वेन प्रतिगृह्णन्तु नायकाः**
**अभद्रकमिदं नाथा न कर्तव्यं पुनर्मया ।**

## १७) बोधिसत्त्वसंवर विधि (नेपाली)

### शरणगमन र चित्तोत्पाद

बुद्धै र धर्मै र गणोत्तमैमा
बोधि हुँदासम्म म छु शरण् मा ।
दानादि मेरा सब पुण्यबाट
बुद्धै म होऊँ जगतो हिताय ॥x ३

### चतुर्ब्रह्मविहार

सबै सत्त्व युक्त होऊन् सुखले, सुखहेतुले
मुक्त होऊन् सधैं दुःखबाट औ दुःखहेतुले
कदापि वञ्चित नहुन् दुःखहीन महासुखले
टाढा नजीकमा द्वेष राग मुक्त, तटस्थ होऊन् ।

### सप्ताङ्ग वन्दना

१) वन्दना - गर्छु प्रणाम अणुकै संख्याले सब क्षेत्रका
सबै त्रिअध्वका बुद्ध धर्म संघ समेतमा ।

२) पूजन - मञ्जुघोषादिहरूले जस्तो पूज्छन् जिनैहरू
त्यस्तै पुत्रसहित नाथ तथागत म पुज्दछु ।

३) पापदेशना - मूर्ख अज्ञानी मैले जे जति पाप गरें तिनी
सबै प्रकृतिसावद्य, प्रज्ञप्तिका त पाप पनि ।
ती सबै देशना गर्छु अगाडि बसी नाथका
डराई अञ्जली बाँधी बारम्बार गरी प्रणाम् ।
नाथ हो पाप यो मेरो पापकै रूपमा लिनोस्
अभद्र कर्म यस्तो त फेरि गर्दिन नाथ हो !

४) **पुण्यानुमोदन** - **अपायदु:खविश्रामं सर्वसत्वैः कृतं शुभम्**
**अनुमोदे प्रसादेन सुखं तिष्ठन्तु दु:खिताः ।**
**संसारदु:खनिर्मोक्षमनुमोदे शरीरिणाम्**
**बोधिसत्वत्व-बुद्धत्वमनुमोदे च तायिनाम् ।**
**चित्तोत्पादसमुद्रांश्च सर्वसत्वसुखावहान्**
**सर्वसत्वहिताधानान् अनुमोदे च शासिनाम् ।**

५) **अध्येषणा** - **सर्वासु दिक्षु सम्बुद्धान् प्रार्थयामि कृताञ्जलिः**
**धर्मप्रदीपं कुर्वन्तु मोहाद् दु:खप्रपातिनाम् ।**

६) **याचना** - **निर्वातुकामाँश्च जिनान् याचयामि कृताञ्जलिः**
**कल्पाननल्पाँस्तिष्ठन्तु मा भूदन्धमिदं जगत् ।**

७) **परिणामना** - **एवं सर्वमिदं कृत्वा यन्मयासादितं शुभम्**
**तेन स्यां सर्वसत्वानां सर्वदु:खप्रशान्तिकृत् ।**

*बोधिसत्त्वसंवर :-*

**समन्वाहार** - **दशदिक्स्था भगवन्तो बुद्धाश्च दशभूमिकाः ।**
**बोधिसत्वा महासत्वा मां समन्वाहरन्त्विति ॥**

**शरणगमन** - **बुद्धं गच्छामि शरणं यावदाबोधिमण्डतः ।**
(×३) **धर्मं गच्छामि शरणं बोधिसत्वगणं तथा॥**

**संवर ग्रहण** - **यथा गृहीतं सुगतैर्बोधिचित्तं पुरातनैः ।**
(×३) **ते बोधिसत्वशिक्षायामानुपूर्व्या यथा स्थिताः**
**तद्वदुत्पादयाम्येष बोधिचित्तं जगद्धिते ।**
**तद्वदेव च ताः शिक्षाः शिक्षिष्यामि यथाक्रमम्**

४) पुण्यानुमोदन- भोगी अपाय विश्राम गरेका सर्वसत्त्वको
शुभको मोदना गर्छु दुःखी ती सुखले बसून् !
संसारदुःखमोक्षैको देहीको अनुमोदना !
बोधिसत्त्वत्त्व बुद्धत्त्व तायीको अनुमोदना !
पुऱ्याउने सत्त्व सबैकहाँ सुख
गराउने ती सब सत्त्वको हित ।
जो चित्त उत्पाद समुद्र नै छ रे
शास्ताहरूको अनुमोदना गरेँ ॥

५) अध्येषणा - सबै दिशाका बुद्धैमा प्रार्थी छु बाँधी अञ्जलि
मोहले दुःख पर्नेमा धर्मको दीप बाल्नुहोस् ।

६) याचना - निर्वाणेच्छुक बुद्धैमा माग्छु बाँधेर अञ्जलि
अनन्त कल्प रहनोस् यो जगत् अन्धकार नहोस्

७) परिणामना- यसरी यो सबै गर्दा जो गरें पुण्य आर्जन
त्यस्ले सम्पूर्ण सत्त्वैको हटाऊँ सब दुःख म ।

**<u>बोधिसत्त्वसंवर</u>**

समन्वाहार - दशै दिशाका भगवान् बुद्ध ! औ दशभूमिका
बोधिसत्त्व महासत्त्व ! मलाई हेर्नुहोस् यता ।

शरणगमन - बुद्धको जान्छु शरण, बोधिको सारसम्म नै
(x३) धर्मको जान्छु शरण, संघको जिनपुत्रकै ॥

संवर ग्रहण - अघिका बुद्धले बोधि-चित्त यो जसरी लिए
(x३) ती बोधिसत्त्वशिक्षामा जसरी क्रमले रहे ।
त्यस्तै उत्पत्ति यो बोधि-चित्तको लोकनिम्तिमा
गर्छु, शिक्षा पनि लिन्छु क्रमपूर्वक ती यहाँ ॥

**वर्धन** - **वरबोधिचित्तरत्नमनुत्पन्नेषु जायताम् ।**
**जातेषु चाक्षयं भूयात् भूयो भूयो विवर्धताम् ॥**

**स्वमोदन** - **अद्य मे सफलं जन्म सुलब्धो मानुषो भवः ।**
**अद्य बुद्धकुले जातो बुद्धपुत्रोऽस्मि साम्प्रतम् ॥**
**तथाऽधुना मया कार्यं स्वकुलोचितकारिणाम् ।**
**निर्मलस्य कुलस्यास्य कलङ्को न भवेद् यथा ॥**

**परमोदन** - **जगदद्य निमन्त्रितं मया**
**सुगतत्वेन सुखेन चान्तरा ।**
**पुरतः खलु सर्वतायिनाम्**
**अभिनन्दन्तु सुरासुरादयः ॥**


(यो बोधिसत्त्व संवर लिने आर्य नागार्जुनको परम्परा अनुसारको तरीका हो । यसमा सप्ताङ्ग वन्दना (अथवा सप्तविध अनुत्तर पूजा) र मूल संवर लिने र अनुमोदन गर्ने विषयवस्तु छन् । यसका श्लोकहरू आर्य शान्तिदेवको बोधिचर्यावतारका हुन् र तिब्बतमा पहिलेदेखि नै यिनीहरूको प्रयोगबाट संवर लिने प्रचलन चलेको छ । आर्य अतीश र आर्य असङ्गका तरीकाहरू पनि प्रचलनमा छन् । यो संक्षेपमा भएको र पाठ गर्न सजिलो भएकोले बढी प्रचलित छ । यसको नेपाली अनुवाद बुद्धवज्रले गर्नुभएको हो ।)



वर्धन - श्रेष्ठ बोधिचित्तरत्न जागोस् जस्मा त छैन त्यो ।
जागेकामा नाश नहोस् बारं बार बढिरहोस् ॥

स्वमोदन - आज भो जन्म सफल चोला सुलब्ध मानव
म जन्में बुद्धकुलमा जिनपुत्र भएँ अब ।
आफ्नो कुलोचित अब कार्य मैले छ गर्नु नै
कलङ्क न हवोस् जसले निर्मल यो कुलको कतै ।

परमोदन - बुद्धत्व अन्तिम तथा बिचमा सुखैले
युक्तै बनाउन निमन्त्रण लोकको गरेँ
सम्पूर्ण बुद्ध जिनपुत्र अगाडि राखी
घ्यौता र दानव गरून् अभिनन्दना ती ॥



विजय कलश

## १८. चार संवरहरू

१) सत्त्वा असंख्या तारयिष्यामि सर्वान् ।

२) अमेया भ्रान्तयः प्रजहामि सर्वाः ।

३) शिक्षा अनन्ताः शिक्षिष्यामि सर्वाः ।

४) अचिन्त्या बुद्धता अधिगमिष्यामि ताम् ।

(यी चार र दश महासंवरहरू महायान परम्परामा र विशेष गरी अवतंसक सूत्र अनुसार चलिआएका परम्पराहरूमा प्रचलित र बोधिसत्त्वले पालन गर्नुपर्ने विशेष संवरहरू हुन् । जेन परम्पराहरूमा यिनीहरूको पालन अझै पनि गरिराखिन्छ । बोधिसत्वले यिनीहरूलाई राम्रोसंग ख्याल गर्नुपर्ने हुन्छ र सम्झिनको लागि नियमित रूपमा पाठ गर्नु पनि राम्रो हुन्छ ।)



सप्तोपचार पूजा सामग्री

## १८) चार संवरहरू

१) सत्वहरू असंख्य छन्, मैले सबैलाई मुक्त गराउनेछु ।
२) भ्रान्तिहरू असीम छन्, मैले ती सबैलाई अन्त्य गर्नेछु ।
३) शिक्षाहरू अनन्त छन्, मैले ती सबैलाई सिक्नेछु ।
४) बुद्धता अचिन्त्य छ, मैले त्यो प्राप्त गर्नेछु ।

## १९) दश महासंवरहरू

१) म सधैं तीन कुमार्गबाट टाढा रहनेछु ।
२) मैले राग द्वेष र मोहलाई चाँडै नै काट्नेछु ।
३) मैले सधैं बुद्ध धर्म र संघलाई सुन्नेछु ।
४) म प्रयत्नपूर्वक शील, समाधि र प्रज्ञाको अभ्यास गर्नेछु ।
५) म निरन्तर बुद्धका शिक्षाहरूको अभ्यास गर्नेछु ।
६) मैले कहिल्यै पनि बोधिचित्त त्याग्नेछैन ।
७) म सधैं क्षणसम्पत्तिले युक्त भई जन्मिनेछु ।
८) मैले चाँडैनै बुद्धताको दर्शन गर्नेछु ।
९) मैले आफूलाई विश्वभरि फैलाउने छु ।
१०) मैले स्वतन्त्र भएर सबै सत्त्वहरूलाई बचाउने छु ।

## २०) अष्टश्लोकी मतिशोधन अभ्यास (लाङ्ग्री थाङ्पाको)

*जो चिन्तामणि रत्नदेखि पनि झन् उत्तम छ सत्कार्य त्यो ।*
*सारा सत्त्वहरू सबैप्रति सदा कल्याण गर्नू त हो ।*
*त्यो गर्नें जब भित्रदेखि प्रण ली सङ्कल्प गर्छू भने*
*ती सम्पूर्ण सजीवलाई म सधैं प्यारा सकूँ सम्झन ॥१॥*

*गर्दा संगत अन्यको वरिपरि आफू स्वयंलाई नै*
*सम्झी तुच्छ सबै मनुष्यहरूमा जो निम्नतम् आफू नै ॥*
*ठानेरै गहिराइमा हृदयको भित्री तहैबाट नै*
*सारालाई सधैं म उत्तम तथा प्यारा सकूँ सम्झन ॥२॥*

*गर्दा कर्म सबै जहाँ पनि सधैं यो चित्तसन्तान नै*
*हेरूँ, क्लेश उदाउँछन् जब त्यहाँ, आफ्नो अरूको पनि ॥*
*ती हुन् घातक, कर्मलाई खतरा, भन्ने बुझी चित्तमै*
*सोझै तीसँग सामना गरि स्वयं पन्छाउँ मैले सधैं ॥३॥*

*ठूला पाप र क्लेशबाट अति नै पीडाप्रति प्रेरित*
*सारा दुष्ट स्वभावका जति पनि सत्त्वैहरू देखिँदा ॥*
*तीन्‌लाई म अमूल्य रत्नहरू नै पाए समानै गरी*
*ती दुर्लभ्य अमूल्य वस्तु म सकूँ ऐले ग्रहण गर्न नै ॥४॥*

*ईर्ष्याका वशमा परेर अरूले गाली र बेइज्जत*
*गर्दै दुर्व्यवहार गर्दछ भने, गाली र त्यो कष्ट ता ।*
*आफैंले म ग्रहण गरेर सजिलै हार्नें सकूँ , जीत नै*
*अर्कलाई दिनै समर्थ म बनूँ सन्देह केही न ली ॥५॥*

*मैले साथ दिई गरेर सहयोग् जस्लाई लाभान्वितै*
*पारेँ, आश गरें निकै कि उसले गर्ला भलो नै भनी ।*
*त्यसको लौ विपरीत ठीक गहिरो चोटै पुर्‍यायो भने*
*उस्लाई म सकूँ पवित्र गुरुको रूप्मा सधैं हेर्न नै ॥६॥*

*प्रत्यक्षैसँग वा परोक्षसँग होस् संक्षेपमा यो जुनी,*
*भावी जीवनका सबै सुखहरू मातृ सबैमा दिई*
*आमाका सब दु:ख कष्टहरू औ पीडाहरूलाई नै*
*मैले गोप्य गरी लिऊँ सब खिची बाँकी नराखी कुनै ॥७॥*

*जो धर्मैहरू अष्टलौकिक भए तिन्को छ जो धारणा*
*यस्देखि नभएर दूषित कुनै बेला पनि भावना-*
*द्वारा धर्महरू बुझीकन सबै मायासमान् सम्झँदै*
*यो संसारस्वरूप बन्धन छिनी प्राप्ती गरूँ मोक्ष नै ॥८॥*

(यो 'लाङ्री थाङ्पा' भन्ने भोटका महान् गुरुले आफ्नो मनलाई शुद्ध पार्ने अभ्यासको निमित्त संक्षेपमा गर्नुभएको प्रणिधान हो र यसैलाई मूल अभ्यास बनाएर अघिबढ्नु सच्चा बोधिसत्वको अभ्यास हो । यसलाई बुझेर पढ्ने र बारम्बार मनन गर्ने व्यक्तिको चित्त चाँडै नै शोधन हुन्छ र करुणाले भरिन्छ । यसको नेपाली अनुवाद लोचावा पुण्य प्रसाद पराजुलीले गरेपछि त्यसलाई बुद्ध वज्रले शार्दुलविक्रीडित छन्दमा पद्यबद्ध गर्नुभएको हो र यो शब्दभन्दा भावलाई महत्व दिइएको अनुवाद हो ।)





सैंतिस बोधिपाक्षिक धर्महरूको विकासको लागि पुण्यसम्भार गर्न चढाइने सैंतिस मण्डल भावनाको चित्र



महासिद्ध तिलोपा

## २१) मण्डलार्पण (लामो)

ॐ वज्रभूमे आ: हूँ
आधारे परिशुद्ध - महाबलि - कनकमयां भूमिम्
ॐ वज्ररेखे आ: हूँ
बाह्ये लौहगिरि - चक्रवालपरिवृतं तन्मध्ये हूँ
गिरिराजसुमेरू पूर्वविदेहं दक्षिणे जम्बूद्वीपं, पश्चिमेऽपरगोदानिम्,
उत्तरे कुरुद्वीपं, देहविदेहौ, चामरापरचामरौ शठोत्तरमन्त्रिणौ
कुरवकौरवौ रत्नपर्वतं कल्पवृक्षं कामधेनुं गां नीवारान्
चक्ररत्नं मणिरत्नं स्त्रीरत्नं परिणायकरत्नम्
हस्तिरत्नं अश्वरत्नं सेनानीरत्नं महानिधिकलशम्
लास्यां मालां गीतां नृत्यां पुष्पां धूपां दीपां गन्धां
सूर्यं चन्द्रं रत्नच्छत्रं विजयध्वजम्
दैवीर्मानुषीश्च श्रीसम्पत्तिसम्पन्नता अशेषा इमा
महाकारूणिकेभ्यो मूलपरम्पराश्रीमत्सद्गुरुभ्य
इष्टदेवमण्डलदेव-गणेभ्यो बुद्धबोधिसत्त्वेभ्य:
सद्धर्मपालकेभ्यो यक्षधनदेवगणेभ्यश्च निर्यातयामि ॥
सत्त्वहिताय करूणया गृह्णन्तु गृहीत्वा अधिष्ठानं कुर्वन्तु ॥
मच्चित्तसन्ततौ पुण्यज्ञानसम्भारपूरकम् अधिष्ठानं देहि ।
सर्वावरणद्वयवासनाशोधकम् अधिष्ठानं देहि ।
क्रमद्वयविशिष्टसमाधिचित्तोत्पत्तये अधिष्ठानं देहि ।
उत्तमद्विकायपदप्राप्तिनिमित्ताय अधिष्ठानं देहि ॥

## २१) मण्डलार्पण (लामो)

*ॐ वज्रभूमे आः हूँ*
*आधारमा अत्यन्त शुद्ध र महान् बलियो सुवर्णमय भूमि ।*
*ॐ वज्ररेखे आः हूँ*
*बाहिर फलामको पर्वतवाला चक्रवालहरूले घेरिएको र त्यसको केन्द्रमा हूँ गिरिराज सुमेरू, पूर्वको विदेह, दक्षिणको जम्बूद्वीप, पश्चिमको अपरगोदानीय, उत्तरको कुरुद्वीप, देह र विदेह, चामर र अपचामर, शठ (गाठ) र उत्तरमन्त्री, कुरव र कौरव, रत्नपर्वत, कल्पवृक्ष, कामधेनु गाई, नजोती फलेको अन्न (नाबो), चक्र रत्न, मणिरत्न, रानीरत्न, मन्त्री (अमात्य) रत्न, हात्तीरत्न, घोडारत्न, सेनापति रत्न, महानिधिकलश, लास्या, माला, गीता, नृत्या, पुष्पा, धूपा, दीपा, गन्धा, सूर्य, चन्द्र, रत्नछत्तरी, विजयध्वजा । यस्ता देवताका र मनुष्यका श्रीसम्पत्ति र सम्पन्नताहरू सबै बाँकी नराखी महाकरुणामय मूल सद्गुरु र परम्पराका गुरुहरुलाई, इष्टदेव र मण्डलदेवगणहरूलाई, बुद्धबोधिसत्त्वहरूलाई, सद्धर्मपालहरूलाई, यक्ष र धनदेव गणहरूलाई चढाउँछु । करुणाले सत्वहरुको हितको निमित्त यी लिनुहोस्, लिएर अधिष्ठान गर्नुहोस् । मेरो चित्तसन्तानमा पुण्यसम्भार र ज्ञानसम्भार पूरा गर्ने अधिष्ठान दिनुहोस् । सम्पूर्ण दुईथरी आवरणहरूलाई वासनासहित शोधन गर्ने अधिष्ठान दिनुहोस् । दुई क्रमहरूको विशिष्ट समाधिचित्त पैदा हुनको लागि अधिष्ठान दिनुहोस् । उत्तम दुईकायको पद (बुद्धपद) प्राप्तिको निमित्त अधिष्ठान दिनुहोस् ॥*

## २२) मण्डलार्पण (छोटो)

**गन्धजलपूतां पुष्पयुक्तां भुवं**
**मेरुचतुर्द्वीपार्केन्दुभूषितां**
**बुद्धक्षेत्रत्वेनेमामर्पयामि**
**यत: सर्वसत्त्वा: शुद्धक्षेत्रे रमन्ताम् ।**
**इदं गुरुरत्नमण्डलकं निर्यातयामि ॥**

(मण्डलका धेरै तहका अर्थहरू हुन्छन् । यहाँ मण्डल भन्नाले सबभन्दा उत्तम चढाउन लायक वस्तुहरूको विशेष व्यूह हो । यो पनि बाहिरी, भित्री, गुह्य, परमार्थ गरी विभिन्न तहको हुन्छ । यस्तो मण्डल गुरु, बुद्ध बोधिसत्त्व आदिलाई चढाउनाले छिटै नै पुण्यसम्भार पूरा हुने र त्यसको कारणले प्रज्ञा बुझ्न या ज्ञान पैदा हुन प्रत्यय बन्ने भएकोले उपदेश लिँदा, अभिषेक लिँदा गुरुहरूलाई मण्डल चढाइन्छ । त्यसको भावनालाई उच्चकोटीको र अनुत्तर बनाउनको लागि आफ्ना सामान्य चढाउने वस्तुलाई अनुत्तर मण्डलको विशिष्ट भावना गर्न यो मण्डल गायन गरिन्छ । पहिले एक्काइस बीज अक्षरहरूलाई प्रतिनिधि बनाएर उत्तम मण्डल भावना गर्ने चलन थियो ।

## २३) धर्मचक्रको लागि प्रार्थना

**सामान्येनाथ हीनेन यानेन महतापि वा**
**सत्त्वरुचिबुद्धिभिन्नं धर्मचक्रं विधीयताम् ॥**

(धर्म सुन्न बसेपछि धर्मदेशना गर्नको लागि गुरुलाई विन्ती गर्न यो पाठ गर्नुपर्छ । यो अध्येषणा' हो र गुरुलाई बुद्धजस्तै सम्झेर श्रोताहरूको योग्यता अनुसारको उत्तम धर्म उपदेश गर्न विन्ती या अनुरोध गर्नु अध्येषणा हो । कसैले अध्येषणा नगर्दै धर्मको उपदेश गर्नु धर्मको अपमान हुनेभएकोले यो पाठ गर्ने प्रचलन छ । यो तिब्बतका सबै परम्पराहरूमा प्रचलित श्लोकको बुद्धवज्रकृत संस्कृत र नेपाली अनुवाद हो ।)


## २२) मण्डलार्पण (छोटो)

*सुगन्धित जलले पवित्र पारिएको र पुष्पहरूले सजाइएको यो भूमि,*
*सुमेरु, चार द्वीप, सूर्य र चन्द्रहरूले विभूषित पारिएको छ ।*
*यसलाई बुद्धक्षेत्र नै सम्झेर म चढाउँछु*
*जसले गर्दा सम्पूर्ण सत्त्वहरू शुद्धक्षेत्रमा रमाऊन्*
*यो गुरुरत्नमण्डललाई चढाउँछु ॥*

तर १३ औं शताब्दीका भोटका गुरु धर्मराज फाग्पा रिन्पोछे (कलाकार अरनिको लाई भोटमा बोलाउने गुरु) ले सैंतीस किसिमका उत्तम द्रव्यहरू अर्पण गरेर सैंतीस बोधिपाक्षिक धर्महरूको लाभका निमित्त प्रत्यय बनाउने हेतुले यसको रचना गर्नुभएको थियो । त्यसैले सम्पूर्ण भोट परम्पराहरूमा यसको भावना गर्नमा निकै जोड दिइन्छ । भोट भाषाबाट त्यसलाई लोचावा पुण्य प्रसाद पराजुलीले नेपाली भाषामा अनुवाद गरी त्यसको बुद्ध वज्रले संस्कृतमा अनुवाद गर्नुभएको हो । यो संस्कृतको मौलिक लय पनि व्योमकुसुमा बुद्धधर्मसंघका उपासिका एवं उपासकहरूले सृजना गरेका हुन् । यसको संक्षिप्त रूप पनि यहाँ दिइएको छ र धेरै संख्यामा पाठ गर्नुपरेमा त्यसलाई पाठ गरिन्छ)

## २३) धर्मचक्रको लागि प्रार्थना

*सामान्य, हीन अथवा महायान छ युक्त जो*
*सत्वाशय रूचि हेरी धर्मचक्र चलाउनोस् ॥*





सम्भोगकाय बुद्ध बज्रधर



बुद्धशासनलाई धारण गर्ने सोह्र स्थविर एवं एक उपासक

## २४)षोडशस्थविर पूजा विधि

**शरण्यरत्नत्रयसत्यतातस्**
**तथा जिनानां च तदात्मजानाम् ॥**
**अनुभावतः संभृतियुग्मशक्त्या**
**बलाद् विशुद्धस्य तु धर्मधातोः ॥**
**व्यूहं तु तद् भाजनसत्त्वलोकौ**
**महासुखक्षेत्रकस्य ह्यभूताम् ॥**

**मध्ये मनोज्ञे महति प्रासादे मणिनिर्मिते**
**रत्नसिंहासनं तस्मिन् पद्मचन्द्रोत्तमासनम् ।**
**साक्षात् स्थितं तथा विद्या-धारण्या अधिमुक्तिकात्**
**बलात् सुनिर्मितैः पूजा-मेघानां सागरै स्तथा ।**
**परिपूर्णं चोपभोग्यं भवेत् सर्वं च सर्वतः ॥**

**नमो रत्नत्रयाय । नमो भगवते वज्रसारप्रमर्दिने तथगतायार्हते सम्यक्सम्बुद्धाय । तद्यथा । ॐ वज्रे वज्रे महावज्रे महातेजोवज्रे महाविद्यावज्रे महाबोधिचित्तवज्रे महाबोधिमण्डोपसंक्रमणवज्रे सर्वकर्मावरणविशोधनवज्रे स्वाहा ।**

*(यो मन्त्र पढ्दा बाजा बजाउने)*

**भूमिः समतला संहतलवती रत्नभूषिता**
**पादपैश्च सरोभिश्च शोभिता मध्यमे ततः ॥**

## २४) षोडश स्थविरको पूजा

*शरण्य त्रिरत्नको सत्यता र*

*जिन एवं जिनपुत्रहरुको अनुभाव तथा*

*दुई सम्भारबल र विशुद्धधर्मधातुको शक्तिले*

*भाजन र सत्त्वलोक महासुखक्षेत्रको व्यूह बन्छन् ॥*

*त्यसको बीचमा मनोरम मणिको महाप्रासादमा*

*रत्नसिंहासनमाथि पद्म र चन्द्रको उत्तम आसन*

*साँच्चिकै राखिएका एवं विद्याधारणीको अधिमोक्ष बलले बनेका*

*पूजामेघसागरद्वारा परिपूर्ण एवं उपभोग्य बनून् ॥*

**नमो रत्नत्रयाय । नमो भगवते वज्रसारप्रमर्दिने तथगतायार्हते सम्यक्सम्बुद्धाय । तद्यथा । ॐ वज्रे वज्रे महावज्रे महातेजोवज्रे महाविद्यावज्रे महाबोधिचित्तवज्रे महाबोधिमण्डोपसंक्रमणवज्रे सर्वकर्मावरणविशोधनवज्रे स्वाहा ।**

**(यो मन्त्र पढ्दा बाजा बजाउने)**

*हत्केलाझैं समतल, रत्नहरूबाट अलङ्कृत वृक्ष र*

*तलाउहरूबाट सजिएको भूमिको बीचमा*

चतुष्कोणे चतुर्द्वारे प्रासादे तु सरोरुहे
सूर्याचन्द्रमसाभ्यां हि भूषितस्यासनोपरि ॥
कारूण्यात् कलिवैनेयान् विमोक्षपथि नायकः
मुनिर्वरो लोकनाथः स्थविराः सगणाश्च ते
अस्मिन् स्थाने समायान्तु विराजन्ताम् सुखेन च ॥
दशदिक्स्थान् जिनान् सर्वान् जिनपुत्राँस्तथैव च
प्रज्ञाग्निशोषितक्लेशसागरान् दशदिक्स्थितान् ॥
विमोक्षपुण्यक्षेत्रेषु श्रावकानां सुचारिणाम्
संघान् सम्प्रार्थयामस्ते विराजन्तामिहासने ॥
दक्षिणा-शुद्धि-पूजास्थानत्वेनावाहयामि तान्
सत्त्वानां पूज्यमानेषु सादायान्तु हिताय ते ॥
करेषु येषां खलु लोकनाथः
श्रीशाक्यसिंहो न्यदधात् तु बौद्धम् ।
तच्छासनं वचनरत्नपीटकम्
उद्घाटितं वै पुरतश्च येषाम् ॥
तानर्हतो महतो धर्मपालान्
सम्प्रार्थयामो हि विराजिताः स्युः ॥
आवाहयामः सद्धर्मरत्न-
प्रसारहेतोर्मुनिनानुज्ञाताः ॥
तच्छासनध्वजस्यैव धारकत्वेन संस्थिताः ।
सत्त्वानां पूज्यमानेषु सदायान्तु हिताय ते ॥

*रत्ननिर्मित, चारपाटे, चार द्वारयुक्त प्रासादमा*

*पद्म, सूर्य र चन्द्र अलंकृत आसनमा*

*करूणाद्वारा कलियुगका विनेयजनहरूलाई*

*विमोक्ष मार्गमा लगाउने लोकनाथ*

*उत्तम मुनि र महास्थविरहरू*

*गणहरूसहित यो स्थानमा पाल्नुहोस् ।*

*दशौ दिशाका सम्पूर्ण जिन र जिनपुत्रहरू तथा*

*प्रज्ञाको अग्नि बालेर क्लेशको सागरलाई सुकाएका*

*विमोक्ष र पुण्य क्षेत्रका परिचर दशौ दिशाका श्रावकसंघलाई*

*विराजमान हुनुहोस् भनी अनुरोध गर्छौं ।*

*दक्षिणाशोधन पूजास्थानको रूपमा आह्वान गर्दछौं ।*

*सत्त्वहितको लागि पूजा गर्दा पाल्नुहोस् ।*

*लोकनाथ शाक्यसिंहले बुद्धशासन जसको हातमा सुम्पिनुभएकोछ ।*

*प्रवचनको रत्ननिर्मित बाकस खोलेका*

*धर्मपालक महान् अर्हन्हरू यहाँ*

*विराजमान हुनुहोस् भनी विन्ती गर्छौं ।*

*सद्धर्म फैलाउनको लागि आह्वान गर्छौं ।*

*मुनिले अह्राए अनुसार शासनको ध्वजा धारण गर्नुभएको छ ।*

*सत्त्वहितको लागि पूजा गर्दा पाल्नुहोस् ।*

अंगजं चाजिनं चैव तथैव वनवासिनम्
कुलिकं वज्रिपुत्रं च भद्रं कनकवत्सकम् ।
कनकभारद्वाजं च आर्यं बकुलमेव च
राहुलं चूडपन्थं च पिण्डोलभारद्वाजकम् ॥
पन्थकं नागसेनं च गोपकं तमभेदकम्
इमान् सर्वान् च महतः स्थविरान् पुण्यसम्भवान् ॥
पुण्यस्य रत्नद्वीपेऽस्मिन् आह्वयामो वयं खलु
सत्वानां पूज्यमानेषु सदायान्तु हिताय ते ॥
प्रहाण-ज्ञान-सम्पद्भ्यां सुयुक्ता अपि ते जिनाः
श्रावकं दधते रूपं वैनेयजनहेतुतः ॥
विशिष्ट-कर्मवन्तो ये धर्मपालास्तु षोडश
आयान्तु च सुगृह्णन्तु स्थविरा आसनानि च ॥
सुगतागममुख्यत्वं मत्वा रक्षन्तु शासनम् ॥
निजं हितं विहायैव संसारवन उद्यताः
हिताय तु परेषां ये षोडश स्थविराः खलु ॥
आयातेह शुभस्थाने प्रतिज्ञाकरूणावशात् ।
उपासकः सत्यवाक्सु स्थिरश्च शरणं गतः
त्रिरत्नानां सेवकस्त्वम् आयाहि प्रार्थयामहे ॥
पुण्यस्य रत्नद्वीपेऽस्मिन्नाह्वयामो वयं खलु
सत्वानां पूज्यमानेषु सदायान्तु हिताय ते ॥

*(बाजा सहित आह्वान गर्ने)*

*अंगज, अजित, वनवासी*
*कुलिक, वज्रीपुत्र, भद्र*
*कनकवत्स, कनक भारद्वाज*
*आर्य बकुल, राहुल*
*चूडपन्थक, पिण्डोल भारद्वाज*
*पन्थक, नागसेन, गोपक र अभेद*
*यी महास्थविरहरूलाई*
*पुण्यको रत्नद्वीपमा आह्वान गर्छौं*
*सत्त्वहितको लागि पूजा गर्दा पाल्नुहोस् ।*
*प्रहाण र ज्ञानसम्पदाले युक्त बुद्ध पनि*
*विनेयजन अनुसार श्रावकको रूप धारण गर्छन् ।*
*विशेष कर्मयुक्त धर्मको पालन गर्ने ।*
*सोह्र स्थविरहरू यहाँ आई आसन ग्रहण गर्नुहोस् ।*
*सुगतको आगमलाई मुख्य मानेर शासनको रक्षा गर्नुहोस् ।*
*आफ्नो हित त्यागेर संसाररूपी वनमा*
*अरुको हितमा प्रयत्नरत सोह्र स्थविरहरू*
*प्रतिज्ञा र करुणावश यो स्थानमा पाल्नुहोस् ।*
*हे, शरण गएका उपासक, सत्यवचनमा स्थिर भएका*
*त्रिरत्नका सेवक, आउनुहोस् भनी प्रार्थना गर्दछौं*
*पुण्यको रत्नद्वीपमा आउनुहोस् भनी आह्वान गर्छौं*
*सत्त्वको हितको लागि पूजा गर्दा पाल्नुहोस्*

**(बाजासहित आह्वान गर्ने)**

यावत् केचिद्दशदिशि लोके सर्वत्रियध्वगता नरसिंहाः ।
तान्हु वन्दमि सर्वि अशेषान् कायतु वाच मनेन प्रसन्नः ॥
क्षेत्ररजोपमकायप्रमाणैः सर्वजिनान करोमि प्रणामम् ।
सर्वजिनाभिमुखेन मनेन भद्रचरीप्रणिधानबलेन ॥
एकरजाग्रि रजोपमबुद्धा बुद्धसुतान निषण्णकु मध्ये ।
एवमशेषत धर्मतधातुं सर्वधिमुच्यमि पूर्णजिनेभिः ॥
तेषु च अक्षयवर्णसमुद्रान् सर्वस्वराङ्गसमुद्ररूतेभिः ।
सर्वजिनान गुणान्भणमानस्तान् सुगताँस्तवमी अहु सर्वान् ॥
निरौपम्यं काञ्चनाभ-सुरम्यवपुषं नुमः
अतृप्तदर्शनं चैक-मुखं पद्मासने स्थितम् ॥
करयुग्मं धरास्पर्श-समतामुद्रिकायुतम्
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
महाहिमाद्रिकैलाशे आर्यं स्थविरमङ्गजम् ।
त्रयोदशशतैरर्हद्भिः सदा परिवेष्टितम् ॥
धूपपात्रचामराणि दधानं तु वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
ऋषिपर्वतके तत्र स्फटिके वनखण्डके
आर्याजितं तं स्थविरं शतेन परिवेष्टितम् ॥
अर्हतां, द्विकराभ्यां तु समतामुद्रितं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
सप्तपर्णीगिरिगुहायामार्यं वनवासिनम्
चतुर्दशशतैरर्हद्भिः सदा परिवेष्टितम् ॥

दशौ दिशाका सम्पूर्ण लोकधातुहरूमा तीनै कालका जति पनि
नरसिंहहरू छन् ती सबै (तथागत) लाई काय, वाक् र
चित्तले प्रसन्न भइकन वन्दना गर्छु ।
भद्रचर्याको प्रणिधानको बलले गर्दा सबै बुद्धहरूतिर मन फर्काएर सबै
क्षेत्रका परमाणुबराबरका कायहरूद्वारा सबै
बुद्धहरूलाई प्रणाम गर्छु ।
एउटा धुलोको कणको अगाडि (टुप्पामा) जम्मा जम्मी सबै धुलाका
कण बराबरका बुद्धहरू र बोधिसत्त्वहरू विराजमान हुनुहुन्छ र यसरी
नै सम्पूर्ण धर्मधातु (आकाश) नै पूर्ण रूपमा बुद्धहरूबाट भरिएको
ठान्छु (भावना गर्छु) ।
तिनै (समस्त रजकण) हरूमा विराजमान भएका बुद्धबोधिसत्त्व-
हरूलाई अक्षय वर्ण (अक्षर) का सागर तथा सबै स्वरका अङ्गहरूका
सागरद्वारा उहाँहरूको गुणको प्रशंसा
गरी सबैलाई स्तुति गर्छु ।
अनुपम, दर्शन गरेर कहिल्यै सन्तुष्टि नहुने सुनौलो वर्णको सुन्दर काय
भएका एक मुहार, दुई हात भएका, पद्मासनमा रहेका
भूमिस्पर्श र समता मुद्रामा भएका मुनिलाई वन्दना गर्छौं ।
गुरुको दीर्घायु गराउन तथा शासन विस्तार
गराउन आशीर्वाद दिनुहोस् ।
महान् हिमगिरि कैलाशमा आर्य स्थविर अंगज तेह्रसय अर्हन्‌बाट
घेरिएका धूपपात्र र चामरधारीलाई वन्दना गर्दछौं ।
गुरुको दीर्घायु गराउन तथा शासन विस्तार
गराउन आशीर्वाद दिनुहोस् ।
ऋषिपर्वतको स्फटिक वनमा आर्य स्थविर अजित एकसय अर्हन्‌बाट
घेरिएका दुई हातले समता मुद्रा गरेकालाई वन्दना गर्दछौं ।

स्थविरं तर्जनीमुद्रं नुमश्चामरधारिणम्
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
जम्बूद्वीपस्य ताम्रद्वीपे आर्यं कुलिकं च तम्
एकादशशतैरर्हद्भिः सदा परिवेष्टितम् ॥
हिरण्यकुण्डलधरं स्थविरं तु वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
द्वीपे सिंहलके तत्र तमार्यं वज्रिपुत्रकम्
सहस्रसंख्यैरर्हद्भिर्महद्भिः परिवेष्टितम् ॥
स्थविरं तर्जनीमुद्रं नुमश्चामरधारिणम्
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
द्वीपे तु यमुनानद्याः भद्रनामानमेव च
अर्हद्भिर्द्वादशशतैः स्थविरं परिवेष्टितम् ॥
आर्यं धर्मप्रवचन-समाधिमुद्रितं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्याम् गुरुशासनयोः ॥
काश्मीरदेशे तु वरे स्थाने कनकवत्सकम्
आर्यं पञ्चशतैरर्हद्भिर्महद्भिस्तु वेष्टितम् ॥
रत्नपाशधरं वन्दामहे तं स्थविरं परम्
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
पश्चिमस्यां तु गोदानौ भारद्वाजं तु कानकम्
आर्यं सप्तशतैरर्हद्भिर्महद्भिस्तु वेष्टितम् ॥
कराभ्यां समतामुद्रां दर्शयन्तं वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥

*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*सप्तपर्णीको पर्वत कन्दरामा आर्य स्थविर वनवासी चौध सय अर्हन्*
*बाट घेरिएका तर्जनी मुद्रा गर्दै चामर धारण गरेकालाई वन्दना गर्दछौं*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*जम्बूद्वीपको ताम्रद्वीपमा आर्य स्थविर कुलिक एघार सय अर्हन्‌बाट*
*घेरिएका सुनौला कुण्डलधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*सिंहलको द्वीपमा स्थविर वज्रीपुत्र हजार महान् अर्हन्‌हरूबाट*
*घेरिएका तर्जनी मुद्रा गर्दै चामर धारण गरेकालाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*यमुना नदीको द्वीपमा आर्य स्थविर भद्र बाह्र सय अर्हन्‌बाट घेरिएका*
*धर्म देशना र समाहित मुद्रा गरेकालाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*उत्तम स्थान काश्मीर प्रदेशमा आर्य स्थविर कनकवत्स पाँचसय*
*महान् अर्हन्‌बाट घेरिएका रत्नपाशधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*पश्चिम दिशाको गोदनीयमा कनकभारद्वाजलाई सात सय महान्*
*अर्हन्‌हरूले घेरेका दुबैहात समता मुद्रामा भएकालाई वन्दना गर्दछौं*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*

कुरुद्वीपे चोत्तरस्यां स्थविरं वकुलं खलु
आर्यं नवशतैरर्हद्भिर्महद्भिस्तु वेष्टितम् ॥
करयुग्मैस्तु नकुलं दधानं तं वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
द्वीपे प्रियङ्गुसंख्याते राहुलं स्थविरं खलु
अष्टादशशतैरर्हद्भिरार्यं परिवेष्टितम् ॥
धारयन्तं तु रत्नानां मुकुटं तं वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
गृध्रकूटे पर्वते तु स्थविरं चूडपन्थकम्
अर्हद्भिः षोडशशतैः तमार्यं परिवारितम् ॥
कराभ्यां समतामुद्रां दधानं तु वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
द्वीपे विदेहे पूर्वस्मिन् पिण्डोलं भारद्वाजकम्
अर्हद्भिस्तु सहस्रैश्च वेष्टितं स्थविरं खलु ॥
पुस्तकं पिण्डपात्रं च दधानं तु वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
त्रायस्त्रिंशादेवभूमौ स्थविरं पन्थकं नुमः
आर्यं नवशतैरर्हद्भिर्महद्भिस्तु वेष्टितम् ॥
धर्मदेशनमुद्रायां ग्रन्थधारिणमेव तु
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
उरुमुण्डे शैलराजे स्थविरं नागसेनकम्
अर्हद्भिर्द्वादशशतैः तमार्यं परिवेष्टितम् ॥

*उत्तरको कुरुद्वीपमा आर्य स्थविर बकुल नौसय महान् अर्हन्‌बाट*
*घेरिएका दुबैहातले न्याउली ग्रहण गरेकालाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*प्रियङ्‌गुको द्वीपमा आर्य स्थविर राहुल अठारसय अर्हन्‌बाट घेरिएका*
*रत्नमुकुटधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*गृध्रकूट पर्वतमा आर्य स्थविर चूडपन्थक सोह्र सय अर्हन्‌हरूबाट*
*घेरिएका दुबै हात समतामुद्रामा रहेकालाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*पूर्वको विदेह द्वीपमा पिण्डोल भारद्वाज एक हजार अर्हन् हरूबाट*
*घेरिएका पुस्तक र भिक्षापात्रधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*देवस्थल त्रायस्त्रिंशामा आर्य स्थविर पन्थक नौसय महान् अर्हन्*
*हरूबाट घेरिएका धर्मदेशनामुद्रामा पुस्तकधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*गिरिराज उरुमुण्डमा आर्य स्थविर नागसेन बाह्रसय अर्हन्‌हरूबाट*

कलशं खक्खरं चैव धारयन्तं वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
भिहुले गिरिराजे तु स्थविरं गोपकं खलु
चतुर्दशशतैरर्हद्गणैस्तु परिवेष्टितम् ॥
कराभ्यां धारयन्तं तं पुस्तकं तु वयं नुमः
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
गिरिराजे हिमवति अभेदं स्थविरं खलु
आर्यं सहस्रैरर्हद्भिः परिवारितमेव तम् ॥
बोधिचैत्यं धारयन्तं प्रणमामो वयं सदा
अनुभावय दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
धर्मतालं जटाजूटं तमार्योपासकं नुमः
अमिताभस्य पुरतः पश्यमानं खमण्डले
पुस्तकं चामरं चैव दधानं कलशं तथा
अनुभाव दीर्घायुर्विस्तृतिभ्यां गुरुशासनयोः ॥
सवीर्यकवचान् साधु रक्षमाणान् हि शासनम्
बुद्धानां तान् बलवतः पूर्वदक्षिणयोस्तथा ॥
पश्चिमोत्तरयोर्वन्दे महाराज्ञश्चतुर एव च
अधितिष्ठत दीर्घायुर्विस्तृतिभ्याम् गुरुशासनयोः ॥

(तीनपटक वा यथाशक्ति पाठ गर्नू)

पुष्पवरेभि च माल्यवरेभिर्वाद्यविलेपनछत्रवरेभिः ।
दीपवरेभि च धूपवरेभिः पूजन तेषु जिनान करोमि ॥
वस्त्रवरेभि च गन्धवरेभिश्चूर्णपुटेभि च मेरूसमेभिः ।

*घेरिएका कलश र खक्खरधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*गिरिराज भिहुलमा आर्य स्थविर गोपक चौध सय अर्हन्हरूबाट*
*घेरिएका दुवै हातमा पुस्तक लिएकालाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*गिरिराज हिमवान्मा आर्य स्थविर अभेद एक हजार अर्हन्हरूबाट*
*घेरिएका बोधिचैत्यधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*आर्य उपासक धर्माताल जटा बाँधी पुस्तक धारण गरेका*
*अमिताभको अगाडिको आकाशमा हेरेका*
*चामर र कलशधारीलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
*वीर्यकवचधारी बलवान् बुद्ध-*
*शासनको राम्रोसँग रक्षा गरेका*
*पूर्व, दक्षिण, पश्चिम र उत्तर चार दिशाका*
*चतुर्महाराजाहरूलाई वन्दना गर्दछौं ।*
*गुरुको दीर्घायु गराउन तथा शासन विस्तार*
*गराउन आशीर्वाद दिनुहोस् ।*
**(तीनपटक वा यथाशक्ति पाठ गर्नू)**

*उत्तम पुष्प तथा उत्तम माला, उत्तम वाद्य, विलेपन, छत्र, दीप,*
*धूपद्वारा ती तथागतहरूलाई म पूजा गर्दछु ।*
*त्यस्तै सुमेरूसमान उत्तम वस्त्र, उत्तम सुगन्ध,*

**सर्वविशिष्टवियूहवरेभिः पूजन तेषु जिनान करोमि ॥**
**या च अनुत्तर पूज उदारा तानधिमुच्यमि सर्वजिनानाम् ।**
**भद्रचरी अधिमुक्तिबलेन वन्दमि पूजयमी जिन सर्वान् ॥**

*(निम्न मन्त्र पढ्दा बाजा बजाउने)*

**नमो रत्नत्रयाय । नमो भगवते वज्रसारप्रमर्दिने तथगतायार्हते सम्यक्सम्बुद्धाय । तद्यथा । ॐ वज्रे वज्रे महावज्रे महातेजोवज्रे महाविद्यावज्रे महाबोधिचित्तवज्रे महाबोधिमण्डोपसंक्रमणवज्रे सर्वकर्मावरणविशोधनवज्रे स्वाहा ।**

*(अनि विस्तारमा गर्नें भए यथाशक्ति मण्डल चढाउने)*

**ॐ वज्रभूमे आः हूँ**
**आधारे परिशुद्ध - महाबलि - कनकमयां भूमिम्**
**ॐ वज्ररेखे आः हूँ**
**बाह्ये लौहगिरि - चक्रवालपरिवृतं तन्मध्ये हूँ**
**गिरिराजसुमेरुं पूर्वविदेहं, दक्षिणे जम्बूद्वीपं,**
**पश्चिमेऽपरगोदानिम्, उत्तरे कुरुद्वीपं, देहविदेहौ,**
**चामरापरचामरौ, शठोत्तरमन्त्रिणौ कुरवकौरवौ रत्नपर्वतं**
**कल्पवृक्षं कामधेनुं गां नीवारान्**
**चक्ररत्नं मणिरत्नं स्त्रीरत्नं परिणायकरत्नम्**
**हस्तिरत्नं अश्वरत्नं सेनानीरत्नं महानिधिकलशम्**
**लास्यां मालां गीतां नृत्यां पुष्पां धूपां दीपां गन्धां**
**सूर्यं चन्द्रं रत्नच्छत्रं विजयध्वजम् ।**

*चूर्णपुट (अबिर) तथा अरू सम्पूर्ण विशिष्ट वस्तुहरूको*
*समूहद्वारा ती तथगतहरूलाई पूजा गर्छु ।*
*जति पनि अनुत्तर र उदार (विशाल) पूजाहरू छन्*
*ती सबै सम्पूर्ण बुद्धहरूलाई मनले चढाउँछु*
*र भद्रचर्याको भावनाको बलले*
*सम्पूर्ण बुद्धहरूलाई वन्दना र पूजा गर्दछु ।*

**(अब निम्न मन्त्र पढ्दै बाजा बजाउने)**

**"नमो रत्नत्रयाय । नमो भगवते वज्रसारप्रमर्दिने तथगतायार्हते सम्यक्सम्बुद्धाय । तद्यथा । ॐ वज्रे वज्रे महावज्रे महातेजोवज्रे महाविद्यावज्रे महाबोधिचित्तवज्रे महाबोधिमण्डोपसंक्रमणवज्रे सर्वकर्मावरणविशोधनवज्रे स्वाहा ।**

**(विस्तारमा गर्ने भए सके जति मण्डल चढाउने)**

*ॐ वज्रभूमे आः हूँ*
*आधारे परिशुद्ध- महाबलि- कनकमयां भूमिम्*
*ॐ वज्ररेखे आः हूँ*

*बाहिर फलामको पर्वतवाला चक्रवालहरूले घेरिएको र त्यसको केन्द्रमा हूँ गिरिराज सुमेरू, पूर्वको विदेह, दक्षिणको जम्बूद्वीप, पश्चिमको अपरगोदानीय, उत्तरको कुरुद्वीप, देह र विदेह, चामर र अपचामर, शठ (गाठ) र उत्तरमन्त्री, कुरव र कौरव, रत्नपर्वत, कल्पवृक्ष, कामधेनु गाई, नजोती फलेको अन्न (नाबो), चक्र रत्न, मणिरत्न, रानीरत्न, मन्त्री (अमात्य) रत्न, हात्तीरत्न, घोडारत्न, सेनापति रत्न, महानिधिकलश, लास्या, माला, गीता, नृत्या, पुष्पा, धूपा, दीपा, गन्धा, सूर्य, चन्द्र, रत्नछत्तरी, विजयध्वजा ।*

दैवीर्मानुषीश्च श्रीसम्पत्तिसम्पन्नता अशेषा इमा परिपूर्णरूपा
मुनीन्द्र-षोडश-स्थविरपरिवारेभ्योऽर्हद्गणेभ्यो निर्यातयामि
सत्त्वहिताय करूणया गृह्णन्तु गृहीत्वा सागमाधिगम–
शासन–रत्नस्य विस्तराय चिरस्थितये चाधिष्ठानं देहि ।
ॐ गुरु-बुद्ध-बोधिसत्व–सपरिवार–रत्नमण्डल–पूजामेघ–
समुद्रस्फरण–समये हूँ

यच्च कृतं मयि पाप भवेय्या रागतु द्वेषतु मोहवशेन ।
कायतु वाच मनेन तथैव तं प्रतिदेशयमी अहु सर्वम् ॥
यच्च दशदिशि पुण्य जगस्य शैक्ष अशैक्ष प्रत्येकजिनानाम् ।
बुद्धसुतानथ सर्वजिनानां तं अनुमोदयमी अहु सर्वम् ॥
ये च दश दिशि लोकप्रदीपा बोधिविबुद्ध असंगतप्राप्ता: ।
तानहु सर्वि अध्येषमि नाथान् चक्र अनुत्तर वर्तनतायै ॥
येऽपि च निर्वृतिदर्शितुकामास्तानभियाचमि प्राञ्जलिभूत: ।
क्षेत्ररजोपमकल्पस्थि हेतुं सर्वजगस्य हिताय सुखाय ॥
वन्दनपूजनदेशनताय मोदनध्येषणयाचनताय ।
यच्च शुभं मयि संचितु किञ्चिद् बोधयि नामयमी अहु सर्वम् ॥

(मुनीन्द्र सपरिवारको नामसहित बोलाउँदा उहाँहरूको प्रतिज्ञा अनुसार आह्वान हुन्छ ।)

मन्त्र :- ॐ मुने मुने महामुने शाक्यमुनये स्वाहा ।

(१०८ या बढी यथाशक्ति जप्ने ।)

*यस्ता देवताका र मनुष्यका श्रीसम्पत्ति र सम्पन्नताहरू सबै बाँकी नराखी परिपूर्णरूपमा मुनीन्द्र एवं सोह्र स्थविर सपरिवार अर्हद्गणलाई चढाउँछु । करूणाले सत्वहितका निम्ति लिनुहोस् र अगम् एवं अधिगम शासनरत्नको विस्तार र चिरस्थितिको लागि पनि अधिष्ठान दिनुहोस् ।*

*ॐ गुरूबुद्धबोधिसत्त्व–सपरिवार–रत्नमण्डल–पूजामेघ–समुद्र स्फरणसमये हूँ*

*राग, द्वेष र मोहको कारणले काय, वाक्, चित्तद्वारा मैले जति पनि पाप गरेको हुँला ती सबै पापहरूलाई हजूरहरूको सामु प्रतिदेशना गर्दछु (यथार्थरूपले व्यक्त गर्छु) ।*

*दशौ दिशामा शैक्ष, अशैक्ष, प्रत्येकबुद्ध तथा बोधिसत्त्वहरूले जे जति पुण्य गर्नुभएको छ, ती सबै पुण्यहरूको म अनुमोदन गर्छु ।*

*दशौ दिशामा जति पनि बोधिज्ञान प्राप्त गरी असंग (अनासक्त) भएर लोकप्रदीप भएका (बुद्धहरू) छन् ती सबै बुद्धहरूलाई धर्मचक्र प्रवर्तन गर्नुहोस् भनी म अध्येषणा (अनुरोध) गर्छु ।*

*निर्वाण हुन चाहने जो तथातहरू छन् उहाँहरूलाई हात जोडी सम्पूर्ण प्राणीहरूको हित र सुखको निमित्त सबै क्षेत्रका रज समान कल्पहरूसम्म स्थिर भएर यहीँ बस्नुहोस् भनी याचना गर्छु ।*

*यसरी वन्दना, पूजना, पापदेशना, पुण्यानुमोदना, अध्येषणा र याचना गरेर ममा सञ्चय भएका जति पनि पुण्यहरू छन् ती बोधिको लागि परिणामना गर्छु ।*

**(मुनीन्द्र सपरिवारको नामसहित बोलाउँदा उहाँहरूको प्रतिज्ञा आह्वान हुन्छ ।)**

**मन्त्र :- ॐ मुने मुने महामुने शाक्यमुनये स्वाहा ।**

**(एकाग्र भएर १०८ या त्योभन्दा धेरै या यथाशक्ति जप्नू)**

बुद्धनिर्माणकायास्तु अर्हदार्यगणाश्च ते
हिताय सर्वसत्त्वानां शासनस्य तु रक्षकाः ॥
साक्षात् त्रिरत्नाः स्थविराः षोडशस्तु चिरस्थितेः
अनुभावं शासनस्य कुर्वन्तु खलु सर्वदा ॥
षोडशस्थविराणां ते गणाश्च करुणात्मकाः
निष्क्लेशा भवसिन्धोस्तु गताः पारं चतुःशतैः ।
अधिका षोडशसाहस्रा परिवाराः चिरस्थितेः
अनुभावं शासनस्य कुर्वन्तु खलु सर्वदा ॥
अर्हन्तः पुण्यभूतास्ते सर्वेषां प्राणिनां सदा
विद्याचरणसम्पन्ना महान्तो दानक्षेत्रकाः ।
आर्या महापुद्गलास्ते चिरस्थित्यै भवन्तु ते
अनुभावं शासनस्य कुर्वन्तु खलु सर्वदा ॥

स्वपरकुशलैरिमैर्हितस्य
प्रसरतु शासनमाशु संसुखस्य ।
ससमुदयकानशेषदुःखान्
भवजलधिमेतु शुष्कतां प्रहाय ॥
पुण्यसमुद्र प्रपूरयमाणा
ज्ञानसमुद्र विशोधयमानः ।
प्रणिधिसमुद्रप्रपूरयमाणा
निखिलदेहि विशिष्ट भवेयुः ॥

*बुद्ध अर्हन् आर्यगण सत्त्वहितको लागि*
*शासनको पालन गरेका*
*साक्षात् त्रिरत्न सोह्र स्थविरहरूले शासनलाई*
*लामो समय सम्म टिकाउन आशीर्वाद दिनोस् ।*
*करुणात्मक सोह्र स्थविरहरूको*
*परिवारगण भवसागरबाट तरेका र*
*क्लेशरहित छन्*
*सोह्र हजार चार सय ती गणहरूले*
*शासनलाई लामो समय कायम राख्न आशीर्वाद दिऊन् ।*
*सारा प्राणीहरूका पुण्यभूत*
*अर्हन् विद्याचरणले युक्त, प्राणीहरूका*
*महान् दानस्थान*
*आर्य महापुद्गल-गण-द्वारा शासनलाई लामो समय*
*कायम राख्न आशीर्वाद दिनोस्*
*आफू र अरुको यो कुशलद्वारा हित र सुखको*
*स्रोतरूपी शासन फैलेर जाओस्*
*दुःख र दुःखसमुदयहरू सबै पूरै त्यागेर*
*भवसागर चाँडै सुकेर जाओस्*
*पुण्यसागर परिपूर्ण गरी*
*ज्ञान सागर विशुद्ध बनाएर*
*प्रणिधानसागर परिपूर्ण गराई*
*सबै देहधारीभन्दा विशेष बनून्*

सम्भारयोः पारगानां त्रैकालानामभेदताम् ।
संसिद्ध्य कर्माणि गुणैर्जिनानां प्राप्नुयुस्तथा ॥
समभाग्यास्तु वैनेया येन ते परिपाचिता
गुरोस्तस्याद्वितीयस्योत्तमस्यास्तु सुमङ्गलम् ॥
त्रैकालिकजिनानां तु तत्सुतानां कृपाधिया
आभवात् श्रावकाणां हि रूपेण शासनस्य तु ।
पालनात् सर्वसत्त्वानां सदैव हितकारिणाम् ।
महतां स्थविराणां तु भवेन्मङ्गलमुत्तमम् ॥
धृतराष्ट्र-वैश्रवण-विरूपाक्ष-विरूढकाः
दृष्टगम्भीरसौदार्याः महाराज्ञां तु मङ्गलम् ॥
हितसुखैकोद्गमानां चिरं शासनधारिणाम्
सत्पुरुषाणां शासनधृगामायुर्ध्वजः स्थिरो भवेत् ॥
शास्तुर्लोके स्वागमनं शासनार्कः प्रभाप्रभः
परिवार इवाऽऽमेलः सर्वशासनधारिणाम् ।
स्थितिश्चिरं शासनस्य मङ्गलानि भवन्त्विह ॥



रिदाग खोर्लो, मृगहरूसहितको धर्मचक्र

*दुई सम्भारमा पारङ्गत त्रिकालका जिनहरूको*
*कर्म सिद्ध भई गुणहरूसँग अभेद बनून*
*समान भाग्य भएका विनेयजनलाई परिपाक गराएका*
*अद्वितीय उत्तम गुरुको मङ्गल होस्*
*त्रिकालका जिन र जिनपुत्रहरूको करुणाद्वारा*
*श्रावकको रूप लिई भव रहेसम्म शासनको पालन गरी प्राणीहरूको*
*हित गरेका महास्थविरहरूको मङ्गल होस् ।*
*गम्भीर र उदारतत्वलाई देखेका धृतराष्ट्र, विरूढक, पिरूपाक्ष र*
*वैश्रवण चार महाराजाहरूको मङ्गल होस् ।*
*हित र सुखका एकमात्र स्रोत शासनलाई लामो समय टिकाएका*
*शासनधर सत्पुरुषहरूको आयुको ध्वजा स्थिर होस् ।*
*शास्ता लोकधातुमा पाल्नुभएको शासन सूर्यको प्रकाशझैं स्पष्ट भएको*
*साशनधरहरू परिवारजस्तै मिलेर शासन लामो समयसम्म रहेको*
*मङ्गल होस् ।*

(महायान परम्परामा भएको मान्यता अनुसार भगवान् बुद्ध महापरिनिर्वाण जानुभन्दा अघि अंगज, अजित लगायतका १६ महास्थविरहरू र एकजना उपासकलाई आफ्ना शिक्षाहरू (शासन) को रक्षा गर्नको लागि जिम्मा दिएर जानुभएको थियो । ती स्थविरहरू स्वरूपतः अर्हन् हुन् तापनि बोधिसत्वहरू नै हुन् र बुद्धशासनको रक्षाको लागि यही लोकका विभिन्न स्थानहरूमा आ-आफ्ना अर्हन् शिष्यगणहरूसहित चिरञ्जीवी भएर रहेका छन् । त्यसैले उनीहरूसँग बुद्धशासनको रक्षा र विस्तारको कामना राखेर उनीहरुको पूजा गर्ने प्रचलन महायानका विहारहरूमा व्यापक रूपमा पाइन्छ । यहाँ दिइएको पूजाविधिको मूल स्वरूप काश्मीरी गुरु महापण्डित शाक्य श्रीभद्रले लेख्नुभएको थियो र त्यसमा गुरु खेन्चे वाङ्गोले केही परिमार्जन गर्नुभएको थियो । तिब्बती भाषामा उपलब्ध यस पूजा विधिलाई पुण्य प्रसाद पराजुलीले नेपालीमा अनुवाद गर्नुभएको हो र बुद्धवज्रले त्यसलाई सम्पादन गरी संस्कृतमा पुनरुद्धार गर्नुभएको हो ।)



महासिद्ध नरोपा



भगवती प्रज्ञापारमिता

## २५) प्रज्ञापारमिताहृदयसूत्रम्

**वन्दना**

अवाक्किन्ताभिलपनां प्रज्ञापारमितामजाम्
अनिरोधां नभोरूपां स्वसंविज्ज्ञानगोचराम्
प्रत्येकैकस्य तां वन्दे त्रिकालजिनमातरम् ॥

**मूलपाठः**

**एवं मया श्रुतम् । एकस्मिन् समये भगवान् राजगृहे विहरति स्म । गृध्रकूटे पर्वते महता भिक्षुसंघेन सार्धं महता च बोधिसत्त्वसंघेन । तेन खलु समयेन भगवान् गम्भीरावसंबोधं नाम समाधिं समापन्नः । तेन च समयेन आर्यावलोकितेश्वरो बोधिसत्त्वो महासत्त्वो गम्भीरायां प्रज्ञापारमितायां चर्यां चरमाण एवं व्यवलोकयति स्म । पञ्चस्कन्धांस्तांश्च स्वभावशून्यान् व्यवलोकयति स्म ॥**

**अथायुष्मान् शारिपुत्रो बुद्धानुभावेन आर्यावलोकितेश्वरं बोधिसत्त्वमेतदवोचत् - यः कश्चित् कुलपुत्रो ऽस्यां गम्भीरायां प्रज्ञापारमितायां चर्यां चर्तुकामः कथं शिक्षितव्यः ? एवमुक्ते आर्यावलोकितेश्वरो बोधिसत्त्वो महासत्त्व आयुष्मन्तं शारिपुत्रमेतदवोचत् - यः कश्चिच्छारिपुत्र कुलपुत्रो वा कुलदुहिता वा अस्यां गम्भीरायां प्रज्ञापारमितायां चर्यां चर्तुकाम स्तेनैवं व्यवलोकितव्यम् - पञ्चस्कन्धांस्तांश्च स्वभावशून्यान् समनुपश्यति । रूपं शून्यता, शून्यतैव रूपम् ।**

## २५) प्रज्ञापारमिता हृदयसूत्र

**वन्दना**

वचन-चिन्तन र अभिव्यक्तिबाट परकी, अनुत्पन्न, आकाशसमानकी प्रत्येकको आ-आफ्नो स्वसंविद्ज्ञानबाट मात्र भेटिने वाली त्यस्ती त्रिकालकै जिनहरूकी मातालाई वन्दना छ ॥

**मूलपाठ**

*मैले यस्तो सुनेँ - एक समयमा भगवान् राजगृहमा गृध्रकूटपर्वतमा ठूलो भिक्षुसंघका साथमा र ठूलो बोधिसत्त्वसंघका साथमा विहार गर्नुभएको थियो । त्यो वेलामा नै भगवान् "गम्भीरावसंबोध" नाम गरेको समाधिमा प्रवेश गर्नुभयो । त्यही वेलामा आर्य अवलोकितेश्वर बोधिसत्व महासत्व गम्भीर प्रज्ञापारमितामा चर्या गर्दै रहँदा यसरी हेर्नुहुन्थ्यो कि पाँच स्कन्धहरूलाई स्वभावशून्य देख्नुहुन्थ्यो । अनि आयुष्मान् सारिपुत्रले बुद्धको अनुभावले गर्दा आर्य अवलोकितेश्वर बोधिसत्त्वलाई यस्तो भन्नुभयो,*

*"जो कोही कुलपुत्रले यो गम्भीर प्रज्ञापारमितामा चर्या गर्न इच्छा गर्दछ भने उसले कसरी सिक्नुपर्छ ?"*

*यति भनेपछि आर्य अवलोकितेश्वर बोधिसत्व महासत्वले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो -*

*"हे सारिपुत्र, जो कोही कुलपुत्र या कुलपुत्रीले यो गम्भीर प्रज्ञापारमितामा चर्या गर्न इच्छा गर्छ उसले यसरी हेर्नुपर्छ -*

*"ती पञ्च स्कन्धहरूलाई पनि स्वभावशून्य देख्छ । रूप शून्यता हो, शून्यता नै रूप हो, रूपभन्दा शून्यता बेग्लै होइन,*

रूपान्न पृथक् शून्यता, शून्यताया न पृथग् रूपम् । यद्रूपं सा शून्यता, या शून्यता तद्रूपम् । एवं वेदनासंज्ञासंस्कारविज्ञानि च शून्यता । एवं शारिपुत्र सर्वधर्माः शून्यतालक्षणा अनुत्पन्ना अनिरूद्धा अमला न विमला अनूना असम्पूर्णाः । तस्मात्तर्हि शारिपुत्र शून्यतायां न रूपं, न वेदना, न संज्ञा, न संस्काराः, न विज्ञानम् । न चक्षुर्न श्रोत्रं न घ्राणं न जिह्वा न कायो न मनो न रूपं न शब्दो न गन्धो न रसो न स्प्रष्टव्यं न धर्माः । न चक्षुर्धातुर्यावन्न मनोधातुर्न धर्मधातुर्न मनोविज्ञानधातुः । नाविद्या नाविद्याक्षयो यावन्न जरामरणं न जरामरणक्षयः । न दुःखसमुदयनिरोधमार्गाः । न ज्ञानं न प्राप्तिर्नाप्राप्तिः । तस्माच्छारिपुत्र, अप्राप्तित्वेन बोधिसत्त्वानां प्रज्ञापारमिता–माश्रित्य विहरति चित्तावरणः । चित्तावरणनास्तित्वादत्रस्तो विपर्यासातिक्रान्तो निष्ठनिर्वाणः । त्र्यध्वव्यवस्थिताः सर्वबुद्धाः प्रज्ञापारमितामाश्रित्यानुत्तरां सम्यक्सम्बोधिमभिसंबुद्धाः । तस्माज्ज्ञातव्यः प्रज्ञापारमिता-महामन्त्रः अनुत्तरमन्त्रः असमसममन्त्रः सर्वदुःखप्रशमनमन्त्रः सत्यममिथ्यत्वात् प्रज्ञापारमितायामुक्तो मन्त्रः । तद्यथा - गते गते पारगते पारसंगते बोधि स्वाहा ।

एवं शारिपुत्र गम्भीरायां प्रज्ञापारमितायां चर्यां शिक्षितव्यम् बोधिसत्त्वेन ।

*यो (१०८ नाम को स्तुति) धनधान्यले सम्पन्न गराउने, आरोग्य गराउने, पुष्टि बढाउने, आयु र आरोग्य पैदा गर्ने, सबै सत्त्वहरूलाई सुख दिने, लक्ष्मी र श्रीलाई स्थापना गर्ने, सबै सत्त्वहरूलाई वृद्धि गर्ने खालको छ । हे मुने, सत्त्वहरूप्रति मैत्रीको आलम्बन गरेर त्यसको गायन गर्नुहोस्" ॥२१-२२॥*

*यति भनेपछि जगत्का नाथ अवलोकितेश्वरले प्रसन्नतापूर्वक मुस्कुराउँदै मैत्री स्फारण गर्ने आँखाहरूले सबै दिशातिर अवलोकन गर्दै । पुण्यका लक्षणहरूले युक्त भएको दाहिने हात उठाएर तिनी (गुह्यराज वज्रपाणि) लाई भन्नुभयो- "हे महातपस्वी, साधु साधु ! ॥२३-२४॥*

*हे महाभाग ! हे सबै सत्त्वहरूलाई एकमात्र छोरासमान माया गर्ने ! ती नामहरू सुन्नुहोस् जसको कीर्तन गर्नाले मनुष्यहरू सम्पन्न र धनेश्वर बन्नेछन् ॥२५॥*

*सबै व्याधिहरूबाट मुक्त भएर सबै ऐश्वर्य-गुणहरूले युक्त हुनेछन् । अकालमृत्युलाई पूर्णरूपले डढाएर च्युत भैसकेपछि (मरेपछि) सुखावती भुवनमा जानेछन् ॥२६॥*

*ती (नामहरू) म राम्रोसँग बताउँछु, हे देवगण हो, सुन्नुहोस् र अनुमोदन पनि गर्नुहोस्, यसो भएमा राम्रोसँग निर्वाणलाभी हुनुहुनेछ ॥२७॥*

*ॐ लोचने सुलोचने तारे तारोद्भवे ॥ सर्वसत्त्वानुकम्पिनि सर्वसत्त्वतारिणि ॥ सहस्रभुजे सहस्रनेत्रे ॐ नमो भगवति अवलोकय अवलोकय मां सर्वसत्त्वाँश्च हुँ फट् स्वाहा ॐ तारे तुत्तारे तुरे स्वाहा ॥ ॐ शुद्धे विशुद्धे सिद्धे सुसिद्धे सुगतात्मजे मैत्रीकृपात्मकहृदये निर्मले श्यामे श्यामरूपिणि महाप्राज्ञे प्रवरे वरविभूषिते ॥२८-२९-३०-३१॥ ॐ अपराजिता महारौद्री विश्वरूपी महाबला ॥ ॐ सःश्री तद्यथा ॐ सःश्री स्वाहा ॥३२॥*

ॐ कल्याणी महातेजा लोकधात्री महायशा ।
सरस्वती विशालाक्षी प्रज्ञा श्रीर्बुद्धिवर्धिनी ॥३३॥
धृतिदा पुष्टिदा स्वाहा ॐकारा कामरूपिणी ।
सर्वसत्त्वहितोद्युक्ता संग्रामोत्तारिणी जया ॥३४॥
प्रज्ञापारमिता देवी आर्यतारा मनोरमा ।
दुन्दुभी शङ्खिनी पूर्णा विद्याराज्ञी प्रियम्वदा ॥३५॥
चन्द्रानना महागौरी अजिता पीतवाससा ।
महामाया महाश्वेता महाबलपराक्रमा ॥३६॥
महारौद्री महाचण्डी दुष्टसत्त्वनिषूदिनी ।
प्रशान्ता शान्तरूपा च विजया ज्वलनप्रभा ॥३७॥
विद्युन्माली ध्वजी खड्गी चक्री चापोद्यतायुधा ।
जम्भनी स्तम्भनी काली कालरात्रिर्निशाचरी ॥३८॥
रक्षणी मोहनी शान्ता कान्तारिद्रावणी शुभा ।
ब्रह्माणी वेदमाता च गुह्या च गुह्यवासिनी ॥३९॥
माङ्गल्या शाङ्करी सौम्या जातवेदा मनोजवा ।
कपालिनी महावेगा सन्ध्या सत्याऽपराजिता ॥४०॥
सार्थवाहकृपादृष्टिर्नष्टमार्गप्रदर्शिनी ।
वरदा शासनी शास्त्री सुरूपाऽमितविक्रमा ॥४१॥
शर्वरी योगिनी सिद्धा चण्डाली चामृता ध्रुवा ।
धन्या पुण्या महाभागा शुभगा प्रियदर्शना ॥४२॥
कृतान्तत्रासिनी भीमा उग्रा उग्रमहातपा ।
जगद्धिते सदोद्युक्ता शरण्या भक्तवत्सला ॥४३॥


ॐ कल्याणी महातेजा लोकधात्री महायशाः ।
सरस्वती विशालाक्षी प्रज्ञा श्रीर्बुद्धिवर्धिनी ॥३३॥
धृतिदा पुष्टिदा स्वाहा ॐकारा कामरूपिणी ।
सर्वसत्त्वहितोद्युक्ता संग्रामोत्तारिणी जया ॥३४॥
प्रज्ञापारमिता देवी आर्यतारा मनोरमा ।
दुन्दुभी शङ्खिनी पूर्णा विद्याराज्ञी प्रियम्वदा ॥३५॥
चन्द्रानना महागौरी अजिता पीतवाससा ।
महामाया महाश्वेता महाबलपराक्रमा ॥३६॥
महारौद्री महाचण्डी दुष्टसत्त्वनिषूदिनी ।
प्रशान्ता शान्तरूपा च विजया ज्वलनप्रभा ॥३७॥
विद्युन्माली ध्वजी खड्गी चक्री चापोद्यतायुधा ।
जम्भनी स्तम्भनी काली कालरात्रिर्निशाचरी ॥३८॥
रक्षणी मोहनी शान्ता कान्तारिद्रावणी शुभा ।
ब्रह्माणी वेदमाता च गुह्या च गुह्यवासिनी ॥३९॥
माङ्गल्या शाङ्करी सौम्या जातवेदा मनोजवा ।
कपालिनी महावेगा सन्ध्या सत्याऽपराजिता ॥४०॥
सार्थवाहकृपादृष्टिर्नष्टमार्गप्रदर्शिनी ।
वरदा शासनी शास्त्री सुरूपाऽमितविक्रमा ॥४१॥
शर्वरी योगिनी सिद्धा चण्डा ली चामृता ध्रुवा ।
धन्या पुण्या महाभागा शुभगा प्रियदर्शना ॥४२॥
कृतान्तत्रासिनी भीमा उग्रा उग्रमहातपा ।
जगद्धिते सदोद्युक्ता शरण्या भक्तवत्सला ॥४३॥
वागीश्वरी शिवा सूक्ष्मा नित्या सर्वक्रमानुगा ।
सर्वार्थसाधनी भद्रा गोप्त्री धात्री धनप्रदा ॥४४॥
अभया गौतमी पुण्या श्रीमल्लोकेश्वरात्मजा ॥ इति ॥
तारा नामगुणानन्ता सर्वाशापरिपूरका ॥४५॥

वागीश्वरी शिवा सूक्ष्मा नित्या सर्वक्रमानुगा ।
सर्वार्थसाधनी भद्रा गोप्त्री धात्री धनप्रदा ॥४४॥
अभया गौतमी पुण्या श्रीमल्लोकेश्वरात्मजा ॥ इति ॥
तारा नामगुणानन्ता सर्वाशापरिपूरका ॥४५॥
ॐ तारे कृपालम्बे मैत्र्यात्मके श्रवणीये स्वाहा ।
नाम्नामष्टोत्तरशतं ह्येतद्यत्कीर्तितं मया ।
रहस्यभूतं गुह्यं च देवानामपि दुर्लभम् ॥४६॥
सौभाग्यभोगकरणं सर्वकिल्विषनाशनम् ।
सर्वव्याधिप्रशमनं सर्वसत्त्वसुखावहम् ॥४७॥
त्रिकालं यः पठेद्धीमान् शुचिस्थाने समाहितः
सोऽचिरेणैव कालेन राज्यश्रियमवाप्नुयात् ॥४८॥
दुःखी स्यात्तु सुखी नित्यं दरिद्रो धनवान् भवेत् ।
जडो भवेन्महाप्राज्ञो मेधावी च न संशयः ॥४९॥
बन्धनान्मुच्यते बद्धो व्यवहारे जयो भवेत् ।
शत्रवो मित्रतां यान्ति शृङ्गिण श्चापि दंष्ट्रिणः ॥५०॥
संग्रामे संकटे दुर्गे नानाभयसमाकुले ।
स्मरणादेव नामानि सर्वान्भयानपोहति ॥५१॥
नाकालमृत्युर्भवति प्राप्नोति विपुलं यशः ।
मानुष्ये सफलं जन्म तस्यैकस्य महात्मनः ॥५२॥
यश्चेदं प्रातरूत्थाय मानवः कीर्तयिष्यति ।
स दीर्घकालमायुष्मान् श्रियं च लभतेः नरः ॥५३॥
देवा नागास्तथा यक्षा गन्धर्वाः कठपूतनाः ।

*ॐ तारे कृपालम्बे मैत्र्यात्मके श्रवणीये स्वाहा ।*
*यसरी जुन एक सय आठ नामहरुको कीर्तन मैले गरें, त्यो रहस्यमय छ र गोप्य छ, देवताहरुका लागि पनि दुर्लभ छ ॥४६॥*
*यसले सौभाग्यभोग गराउँछ, सबै पाप नाश गर्नें, सबै व्याधिहरू शान्त पार्नें, सबै सत्त्वहरूमा सुख ल्याउने छ ॥ ४७॥*
*जुन बुद्धिमान्ले शुद्धस्थानमा एकाग्र भएर तीनै कालमा यो पढ्छ उसले चाँडै नै राज्यको ऐश्वर्य प्राप्त गर्नेछ ॥४८॥*
*दुःखी व्यक्ति सधै सुखी हुने छ, दरिद्र चाहिँ धनवान् बन्नेछ, मूर्ख (जड) व्यक्ति महाप्रज्ञावाला र मेधावी बन्नेछ । यसमा संशय छैन ॥४९॥*
*बन्धनमा परेको व्यक्ति बन्धनबाट मुक्त हुनेछ, व्यवहारमा उसको जय हुनेछ ।*
*शत्रुहरू मित्र बन्न पुग्नेछन् । सिङ् हुने र दाह्रा हुनेहरु पनि मित्र हुनेछन् ॥५०॥*
*लडाईंमा, संकट परेको बेला, दुर्गम स्थानमा या किल्लाहरुमा,*
*विभिन्न किसिमका भयहरूले आकुल पारेको बेला,*
*यी नामहरु सम्झिने वित्तिकै पनि सबै भयहरू हटेर जान्छन् ॥५१॥*
*अकालमृत्यु हुँदैन, ठूलो यश प्राप्त गर्छ ।*
*त्यही एक महात्माको नै मनुष्यको जीवन सफल हुनेछ ॥५२॥*
*जो व्यक्तिले विहान उठेर (यी नाम) गाउनेछ ऊ धेरै लामो समयसम्म चिरायु हुनेछ र श्रीसम्पत्ति पनि प्राप्त गर्नेछ ॥५३॥*
*देवताहरू, नागहरु, यक्ष तथा गन्धर्वहरू एवं कठपूतनाहरू, पिशाच, राक्षस, भूत, क्रोधी चित्त भएका मातृकाहरु, डाकिनीहरु, ओस्तारक (या ताडकहरू), प्रेत स्कन्द, उन्माद, महाग्रह, छाया, अपस्मार, खेटक, खार्दक आदि, वेताल, चिंचक, प्रेष्य आदि जे जति पनि दुष्ट चित्तवाला सत्त्वहरु छन् ती कसैले पनि छाया समेत नाघ्न सक्दैनन्*

**पिशाचा राक्षसा भूता मातरो रौद्रचेतसः ॥५४॥**
**डाकिन्यस्ताडका: प्रेता: स्कन्दोमाद्या महाग्रहा: ।**
**छायापस्मारकाश्चैव खेटका खार्दकादय: ॥५५॥**
**वेतालाश्चिंचकाः प्रेष्या ये चान्ये दुष्टचेतस: ।**
**छायामपि न लङ्घन्ति किं पुनस्तस्य विग्रहम् ॥५६॥**
**दुष्टसत्त्वा न बाधन्ते व्याधयो नाक्रमन्ति च ।**
**सर्वैश्वर्यगुणैर्युक्तो वंशवृद्धिश्च जायते ॥५७॥**
**जातिस्मरो भवेद् धीमान् कुलीन: प्रियदर्शन: ।**
**प्रीतिमांश्च महावाग्मी सर्वशास्त्रविशारद: ॥५८॥**
**कल्याणमित्रसंसेवी बोधिचित्तविभूषित: ।**
**सदाऽविरहितो बुद्धैर्यत्र यत्रोपपद्यते ॥५९॥**

(यो आर्यताराका १०८ नामहरूको स्तुति हो । यसलाई स्वयं ताराको आज्ञा अनुसार अवलोकितेश्वरले वज्रपाणिलाई बताएको उल्लेख छ । यो पाठ गरिरहने व्यक्तिलाई धेरै पक्षबाट ताराको अनुभाव भइराख्ने र विभिन्न किसिमका खराव, दुष्ट सत्वहरू, प्रेत-पिशाच लागो लगान आदि अनेक थरीका दुःखदायी सत्वहरूको भय रहँदैन र सधै लोकमा सुखशान्तिसँग बाँच्न पाउँछ भन्ने कुरा त्यसको अनुशंसामा बताइएको छ । काठमाण्डौंमा यो धेरै प्रचलित छ र पाठ गर्ने गरिन्छ । यसको नेपाली अनुवाद बुद्धवज्रले गर्नुभएको हो ।)



रुप पूजास्वरुप ऐना आदर्शयुक्त पात्र

*भने त्यो व्यक्तिको शरीरलाई (छुने त) कुरै के रह्यो ? ॥५४-५५-५६॥*
*दुष्ट सत्त्वहरूले पीडा दिँदैनन्, व्याधिहरूले आक्रमण गर्दैनन् ।*
*सबै ऐश्वर्य गुणहरूले युक्त हुनेछ । वंशवृद्धि, छोरा-नातिहरुको वृद्धि पनि हुनेछ ॥५७॥*
*पूर्वजन्मको स्मरण हुनेछ, धीमान्, कुलीन र प्रियदर्शन हुनेछ ।*
*सबैसँग प्रीतिले युक्त, बोल्न महासिपालु,*
*सबै शास्त्रहरुको विज्ञ हुनेछ ॥५७॥*
*कल्याणमित्रको सेवा गर्ने बानी भएको र बोधिचित्तले विभूषित हुनेछ।*
*जहाँ जहाँ जन्मे पनि सधैं नै बुद्धहरुबाट अलग नहुने बन्नेछ ॥५९॥*



उत्पल

## ३२) पञ्चरक्षादेवीस्तोत्र

### १) महाप्रतिसरास्तोत्रम्

ॐ नमः श्रीमहाप्रतिसरायै

तथागताद्यास्तथतां तत्त्वमापुर्महत्तरम् ।
धारणीधारणाद्यस्याः प्रतिसरां नमामि ताम् ॥ १ ॥
रणे शक्रोऽजयद्दैत्यान् धारणीध्वजधृग् बहून् ।
संग्रामजयदां भीमां प्रतिसरां नमामि ताम् ॥ २ ॥
यत्प्रभावाद् ब्रह्मदत्तोऽलभद् राज्यमकण्टकम् ।
सार्वभौमप्रदां देवीं प्रतिसरां नमामि ताम् ॥ ३ ॥
बह्वपराधोऽपि यद्भक्तो राज्याधिकारमाप्तवान् ।
शस्त्रादिभीतिसंहर्त्रीं प्रतिसरां नमामि ताम् ॥ ४ ॥
रत्नान्यवापुर्वणिजो यां स्मृत्वोदधिनिर्गताः ।
सर्वबाधाप्रशमनीं प्रतिसरां नमामि ताम् ॥ ५ ॥

### २) महामन्त्रानुसारिणीस्तोत्रम्

ॐ नमः श्रीमहामन्त्रानुसारिण्यै

बुद्धाधिष्ठानतो बुद्धाभयदां भयनाशिनीम् ।
भवाम्बुधिनिमग्नानां नमो मन्त्रानुसारिणीम् ॥ १ ॥
यन्मन्त्रोच्चारणादेव षडीतयः सुदारूणाः ।
नाशं प्रयान्ति वरदां नमो मन्त्रानुसारिणीम् ॥ २ ॥
मन्त्रानुसारिणो लोकान् नान्ये मन्त्रादयो ग्रहाः ।
पीडयन्ति प्रियांश्चापि नमो मन्त्रानुसारिणीम् ॥ ३ ॥

**बुद्धोऽभ्यभाषद् गाथास्ता यन्मन्त्रकथनान्तरम् ।**
**याभिः सर्वत्र स्वस्ति स्यान्नमो मन्त्रानुसारिणीम् ॥४॥**
**कलौ बुद्धविहीनेऽस्मिन् लोकानां हितमाचरेत् ।**
**पापोत्पातप्रशमनीं नमो मन्त्रानुसारिणीम् ॥५॥**

## ३) महामायूरीस्तोत्रम्

ॐ नमः श्रीमहामायूर्यै

**दुष्टं कृष्णभुजङ्गं च नरः स्वान्तिकं पालयेत् ।**
**यस्या मन्त्रानुभावेन मायूरीं प्रणमामि ताम् ॥१॥**
**ब्रह्मादयो लोकपाला यद्धारण्या समाप्नुवन् ।**
**स्वानि स्वान्यधिकाराणि मायूरीं प्रणमामि ताम् ॥२॥**
**स्वर्णावभासं शिखिनं नालभज्जपिनं कुधीः ।**
**अमोघेनापि पाशेन मायूरीं प्रणमामि ताम् ॥३॥**
**यन्मन्त्रजपतो जीवाः प्राजीवञ्छुष्कपादपाः ।**
**मृतसंजीवनीं देवीं मायूरीं प्रणमामि ताम् ॥४॥**
**यन्मन्त्रिसङ्गात् पवनो महोपद्रवशान्तिकृत् ।**
**बुद्धानां बोधिदां नित्यं मायूरीं प्रणमामि ताम् ॥५॥**

## ४) महाशीतवतीस्तोत्रम्

ॐ नमो महाशीतवत्यै

**यद्धारणीमनुजपन् राहुलो भद्रमाप्तवान् ।**
**विहेठितो ग्रहैः सर्वैः शीतवतीं नमाम्यहम् ॥१॥**
**पापतापे शीतकरीं शीतलाद्युपसर्गतः ।**

**शीतोष्णदुःखशमनीं शीतवतीं नमाम्यहम् ॥२॥**
**मन्त्रग्रन्थितसूत्राणां धारणाल्लक्षयोजनम् ।**
**पथिकानां पालयित्रीं शीतवतीं नमाम्यहम् ॥३॥**
**श्मशानस्थेन मुनिना या समुच्चरिता पुरा ।**
**ग्रहोपद्रवशान्त्यर्थं शीतवतीं नमाम्यहम् ॥४॥**
**ग्रहाभिभूतवातानां ग्रन्थिपदविधारिणाम् ।**
**ग्रहभीतिप्रशमनीं शीतवतीं नमाम्यहम् ॥५॥**

## ५) महासाहस्रप्रमर्दिनीस्तोत्रम्

ॐ नमः श्रीमहासाहस्रप्रमर्दिन्यै

**महासाहस्रिके लोके साहस्रहितकारिणाम् ।**
**सहस्रसत्त्वजननीं नौमि साहस्रमर्दिनीम् ॥१॥**
**सोपद्रवायां वैशाल्यां महोत्सवो यतः सदा ।**
**महोपसर्गशमनीं नौमि साहस्रमर्दिनीम् ॥२॥**
**यक्षराक्षसभूतानां दमनीं दुष्टचेतसाम् ।**
**दुरितोपद्रवहतां नौमि साहस्रमर्दिनीम् ॥३॥**
**यद्धारणीपठनतो रक्षितः शाक्यकेशरी ।**
**विषतो विषदिग्धां तां नौमि साहस्रमर्दिनीम् ॥४॥**
**मधुमिश्रितभैषज्यं सर्वरोगनिवारणम् ।**
**मृतसञ्जीवनं लोके नौमि साहस्रमर्दिनीम् ॥५॥**

(वज्रयानमा अभ्यास गरिने पाँच ओटा रक्षादेवीहरू छन् जसको आश्रयले गर्भप्रवेश भएदेखि जन्मेर बुढै हुँदासम्म पनि विभिन्न प्रकारका भय, विष, कुदृष्टि आदिबाट मनुष्यलाई आरक्षा हुन्छ र धर्मप्रवृत्तिमा सहयोग हुन्छ । तिनीहरूलाई

पञ्चरक्षादेवी भन्छन् । ती हुन् - महाप्रतिसरा, महामायूरी, महासाहस्रप्रमर्दिनी, महाशीतवती, महामन्त्रानुसारिणी । यिनीहरूको अभिषेक, विद्यामन्त्र, धारणी इत्यादि धेरै बृहत् उपाय विधिहरू हुन्छन् । पहिले भारतमा र अहिलेसम्म पनि काठमान्डौ उपत्यकामा प्रचलित वज्रयानपरम्परामा पञ्च रक्षादेवीको निकै राम्रो अभ्यास गर्ने गरिआएको पाइन्छ । यहाँ दिइएको केवल स्तुति मात्र हो र यसको पाठमात्रले पनि ठूलो फाइदा हुने विश्वास गरिन्छ ।)

## ३३) मार्गवाधा निवारणी

*(अधिष्ठान गुरुयोग)*

*(एकाग्र चित्तको भक्तिले भन्नू)*

*मेरो अगाडि आकाशमा । पूजामेघ समुद्रमा । बीचमा हुन्छ सिंहासन् । पद्म, सूर्य र चन्द्रमा । उर्गेन् ठोट्रेन्जाल त्यहाँ । शरण्य सबका स्वरूप । मुख एक दुई हात । क्रोध-मुस्कान दीप्तिमान् । लगाई पद्म मुकुट । गुह्य वस्त्र र गाउन । धर्मचीवर किन्खाब । दायाँ हातमा त वज्र छ । कपाल कलशै बायाँ । हातमा अनि गुह्य ती । मुद्रालाई अँगालेका । खट्वाङ्ग रूपको गरी । लीलासन्मा दुई पाउ । इन्द्रेणी पञ्चरङ्गको । गोलाभित्र स्वयं आफू । रही सम्पूर्ण घेरने । त्रिमूलका मेघहरू । चारैतिर पठाउँदा । सबै भव-प्रतिभास । सार् हुन् श्री गुरुदेवका ॥*

**(अधिष्ठानका निमित्त यसरी भावना गरी तीव्र भक्तिका साथ तलको मार्गवाधा निवारणी स्तोत्र पाठ गर्नू)**

***ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ***

*धर्मका काय अमिताभमा प्रार्थना गर्दछु । सम्भोगकाय करूणामय प्रार्थना गर्दछु । निर्माणकाय हे पद्मकर प्रार्थना गर्दछु । विलक्षणका निर्माणकाय हे मेरा गुरुदेव । भारतभूमि जन्मेर पढी भावना गरेर ।*

तिब्बत गई तह लगायौ आसुरी शक्तिलाई । उड्डीयानमा रहेर हित
सत्त्वको गरेछौ ।
दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।
हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

देखेर अद्भुत देहका रूप दाहिने हातैले । तरवार मुद्रा आह्वान मुद्रा
बायाँको हातैले । बाएको मुख, खुलेका दन्त भृकुटी नयन । धारण
गऱ्यौ सत्त्वका नाथ हे 'ग्याल्वे दुग्जीन' ।
दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।
हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

अमूल्य गुह्य उपदेश् दिंदा तिम्रो त्यो शरीर । देदीप्यमान चम्किलो
भई ओजस्वी बन्दछ । त्रिपिटक र किलय शास्त्र दायाँ र बायाँका ।
हातमा लिई व्यारव्यान गर्छौ गम्भीर शिक्षाका ।
हे पण्डित याङ्लेशोका ।



मार्गबाधानिवारणी प्रार्थनासँग सम्बन्धित गुरु पद्मसम्भवका रूपहरू



निधिप्रकाशक महागुरु छोग्युर लिङ्पा

*दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।*
*शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।*
*हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।*
*तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥*

***ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ***

*वाचामा बाँध्दा समयधारीहरूका बीचमा । भारत-नेपाल सिमाना बीच सुन्दर उत्तम । पावन ठाउँ आऊँदा तिमी पर्वत सुगन्धी । हिउँदमा पनि कमल फूले आशीर्वाद तिम्रो दी । यो सुखमय उत्तम ठाउँमा बोधिका वसन्त । अमृत जल लिएका तिमी 'ख्येछोक् तुल्साङ्' त । लगाएका छौ धर्मचीवर दायाँमा नौ पोरे । वज्र छ वायाँ हातमा तिम्रो रत्नको टोकरी । भरिएको छ रक्त-अमृत् ले ॥ वाचा गराई डाकिनी तथा समय–धारीमा । पाएछौ सिद्धि देखेर इष्ट प्रत्यक्ष आँखैमा ॥*

*दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।*
*शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।*
*हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।*
*तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥*

***ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ***

जिनको शासनको स्थापना गर्दा साधना गरेथ्यौ । यारी जंगलमा
बसेर तिमीले जपको कीलय । फ्याँकेर विशाल् आकाशमा तिम्रो
वज्रको मुद्राले । समाई बेरी चन्दनवनमा फ्याँकेर तिमीले । जगाई
आगो सुकायौ ताल तीर्थिकहरूका । सम्पूर्ण ठाउँ जलायौ छिटै, ती
काला यक्षैलाई । चूर्ण बनायौ हे अद्वितीय नाशक मारैका ।।
दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।
हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

दमन गर्दा राक्षस तिमीले निर्माणकायैको । रूपमा युवा बनेर साह्रै
सुन्दर रूपैको । आकर्षक् वर्ण, दन्तले युक्त सुनौला कपाल । सोरह
वर्षे तन्नेरी समान् रत्नका गहना । धेरै थरीका लगाई तिमीले दाहिने
हातैले । कांसोको बोकी किलय मार-राक्षस दबाई । बायाँ हातले
खयरको नै कीलय बोकेर । भक्तिले युक्त शिष्यहरूको सुरक्षा गरेर ।
जो इष्ट सँगै अभेद छ त्यो फलामे कीलय । गर्धन वरिपरि नै लगाई ।
अद्वय निर्माणकाय जम्बूद्वीपका गहना ।
दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।

हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आ: हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

प्रेतको लोकमा आगोको घना जाँदा त क्षेत्रैमा । शरको दूरी समान
चौडा तलाउ बीचैमा । कमलमाथि बसेर तिमी ताजा र शीतल ।
भएथ्यौ गर्दै भावना त्यही पद्ममा बसेर । पद्मसम्भव भनेर तिमी
प्रख्यात भएछौ । सम्यक्सम्बुद्ध मानिस रूपले देखा नै परेछौ ।
दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।
हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आ: हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

भोटका सूर्य समान हुँदा श्रीसत्त्व नायक । जस्लाई जस्तो चाहिन्छ
जति बनेर तद्रूप । चाङखालाको भन्ज्याङमा युद्धदेवलाई तिमीले ।
वाचा गरायौ, छावा छासो क्षेत्रमा तिमीले । एक्काईस ढीठ ल्हाइ गेनेन
वाचा नै गरायौ । माङ्ग्युल् को झाम्ट्रीन् ठाउँमा सिद्धि तिमीले
दिलायौ । चार ओटा भिक्षुहरूलाई, सर्व-उत्तम विद्याधर ।
दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् ।प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।

हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै। हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै। विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

महान मैदान् पाल्मोथाङ्मा बारह देवीलाई। गरायौ वाचा केन्द्रीय
भोटको खाला भञ्याङ्मा। कङ्काली सेतो हिमानीलाई लियौ नि
वाचामा। दाम्शो ल्हाबु निन्दुङ् भन्ने ठाउँमा गएर। गरायौ वाचा
थाङ्ला यार्शुलाई नै तिमीले। हेपोरिको नै शिखर गई वाचामा लियौ
रे। सम्पूर्ण देव र राक्षसलाई नराखि बाँकि नै। यी महान् देव राक्षस
मध्ये केहीले प्राण नै। अर्पण गरे केहीले शिक्षाहरूको रक्षा नै।
केहीले दास बन्नको लागि वचन दिए नै। हे शक्तिशाली चमत्कारी
बलिष्ठ गुरुदेव।

दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान्। प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन्। साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका।

हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै। हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै। विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

स्थापना गर्दा विजयध्वजा पावन धर्मको। सिद्धान्त जब साम्येमा
खडा नगरीकनै त्यो। भएर सिद्ध, राजाको इच्छा पुर्‍याई दिएथ्यौ।
तीन ओटा महान् नामले तिमी भूषित भएथ्यौ। पद्मकर र पद्मसम्भव,
सरोहरूहवज्र। जो गुह्यनाम वज्रक्रोधविक्रम तिम्रो छ।

दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।
हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

साम्ये छिम्फूमा साधना गर्दा बाधालाई हटायौ । सिद्धि दिलायौ राजा
र मन्त्री मार्गमा लगायौ । अकुशलको मूर्तस्वरूप वोनको सिद्धान्त ।
क्षीण गराई, अमूल्य धर्मकाय नै विशुद्ध । देखाइदियौ पुऱ्याइदियौ
बुद्धको अवस्था । लागिसकेका साधकलाई नै ।
दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।
शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।
हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा
ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।
तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥

**ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ**

उग्र्येन भूमि गएर अब राक्षस दबायौ । महान गुण तिम्रा समान
मानिसमा हुँदैनन् । अद्भुत कर्म तिम्रा यी साह्रै चकित गराए । हे
शक्तिशाली चमत्करी बलिष्ठ गुरुदेव ।

दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो
अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।

*शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।*
*हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा*
*ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।*
*तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥*

***ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ***

*काय र वाक चित्तले युक्त सत्त्वका महान । नायक, देख्छौ तीन ओटै*
*लोक आवरण हटेर । स्पष्टले पायौ सिद्धि र महासुखको काय नै ।*
*हटाइदिन्छौ बोधिको लागि अवश्य बाधा नै ।*
*दयाले तिम्रो मलाई देऊ सधैं नै अधिष्ठान् । प्रेमले गर मार्गमा मेरो*
*अरूको निर्देशन् । साक्षातकारबाट नै तिम्रो दिलाऊ सिद्धि ता ।*
*शक्तिले तिम्रो हटाऊ बाधा मेरा र अरूका ।*
*हटाऊ सारा बाहिरी बाधा बाहिरबाट नै । हटाऊ सारा भित्रका बाधा*
*ती भित्रबाट नै । विलाऊ सबै ती गुह्य बाधा धर्मको धातुमा ।*
*तिमीमा वन्दना झुकेर गर्छु शरण लिन्छु म ॥*

***ॐ आः हूँ वज्र गुरु पद्म सिद्धि हूँ***

***ॐ आः हूँ वज्र गुरु पद्म ठोट्रेन्जाल् वज्र समयः जः सिद्धि फल हूँ आः***

*त्रिकालका बुद्ध गुरु रत्नश्री, सिद्धिका नाथ महासुखवान*
*सर्वबाधानाशी मारदमी क्रोधी, प्रार्थना गर्दछु देऊ अधिष्ठान*
*बाहिरी भित्री गुह्य बाधा शान्ति, चिताएको सिद्धिको देऊ अधिष्ठान ॥*

(यो छोग्युर् लिङ्पाले निकाल्नु भएको निधिधर्म 'छोक् लिङ् तेर् सार्' अन्तर्गतको भार्छेकुन्सेल् (सर्वबाधा निवारणी) नामक गुरु पद्मसम्भवको ध्यान अभ्यासको मार्गबाधानिवारणी (भार्छे लाम् सेल्) भन्ने प्रार्थना हो । यो बाहिरी प्रत्ययहरूबाट आउने बाधा, भित्री कर्मका कारणले आउने बिभिन्न प्रकारका बाधा र अन्तमा

आफ्नै चित्तको स्वभावलाई विकल्पहरू पैदा भइराखेको वेला चिनेर रहन नसक्ने स्वरूपका गुह्य बाधाहरूलाई हटाई बुद्धताको मार्गमा अघि बढ्नको लागि प्रभावकारी प्रार्थना हो । प्रायशः यसलाई धेरैले नियमित रूपमा श्रद्धाचित्तले पाठ गर्दछन् र लाभ लिन्छन् । यसको बुद्धवज्रले नेपालीमा झ्याउरे लयमा अनुवाद गर्नुभएको हो ।)

## ३४) कामना सहज सिद्धिदा

*पश्चिम दिशा सुखावतीको पावन क्षेत्रैमा । अमिताभको करूणा भई अधिष्ठित त्यसैमा । निर्माणकाय पद्मसम्भव अधिष्ठित भएछौ । जम्बूद्वीपमा सत्त्वको हित गर्नलाई आएछौ । हे कारूणिक, सत्त्वको हित गर्दछौ निरन्तर् ।*

*वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्*

*कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥१॥*

*सम्राट ठ्रिसोङ् देचेन् देखि लिएर पछाडि । वंशको अन्त्यसम्मका धर्मराजका पछाडि । सतत तिम्रो त्रिकालको नै रहेछ अधिष्ठान् । शास्ताका धर्मपालक राजाका एक् मात्र हितैषी । करूणावन्त, शास्ताका धर्मको एक मात्र सुरक्षी ।*

*वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।*

*कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥२॥*

*कायले राक्षस् दमन गर्‍यौ आग्नेय दिशामा । करूणायुक्त दृष्टि छ तिम्रो सम्पूर्ण सत्त्वमा ।श्रीमान् नायक अविद्यायुक्त मतिका सत्त्वैका । उपायद्वारा तह लगाउँछौ क्लेशित सत्त्वैका । करूणावन्त, दया र माया सतत भएका ।*

*वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्*

कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥३॥
यो कलियुग कषायको नै अन्तिम बेलामा । आउँछौ हित सत्त्वको गर्न साँझ र विहान । सूर्यको अस्त उदय हुँदा रश्मीमा चढेर । शुक्ल र कृष्ण दशमीमा त प्रत्यक्ष भएर । करूणामय, सत्त्वको लागि बलिया गर्छौ काम् ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।
कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥४॥
कलियुगको पाँच् सय वर्ष कषाय अन्तमा । पाँचोटा स्थूल भोग्दछन् क्लेश सत्त्वमा सबैले । चित्तमा पाँच विषले कार्य गरेर भर्दछन् । वचाऊ तिम्रो करूणाबाट त्यो वेला हामीलाई । श्रद्धालुलाई लैजान उच्च लोकमा दयावान् ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्
कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥५॥
भयानक सेना आएर घेरी बीचमा पारेमा । धर्मका महान् क्षेत्रहरू नै मासिन लागेमा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौ । घेरेका अष्टवर्गीय देवासुरले ओडियान् । धपाउँछौ भन्नेमा शंका नै छैन ती सेना भयानक् ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।
कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥६॥
भंगुर देह सत्त्वको नाश गराउने रोगैमा । असह्य पीडा कष्ट गराउने खालका रोगैमा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । ओडियान् गुरो भैषज्यगुरुदेखि जो अभिन्न । हटाइदेऊ सम्पूर्ण बाधा यो आयु रहुन्जेल ।

वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।
कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥७॥
यी महाभूत शत्रु भैदिंदा पृथिवी शक्तिहीन् । भोग्दछन् पीडा सत्त्वले जसै परेर अनिकाल् । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । डाकिनी धनदेवका गणवेष्टित ओडियान् । दरिद्रता र भोक र तिर्खा निश्चय हटाउँछौ ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्
कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥८॥
सत्त्वको हितमा कर्मवान्ले निकाल्दा निधि त । समय भ्रष्ट नगरिकनै लिएर विश्वास । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । अभिन्न इष्ट देवतादेखि हे गुरु ओडियान् । पिताको धन पुत्रमा पुग्न रहेन क्यै शंका ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।
कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥९॥
जो गुप्त क्षेत्र वन र तपोवनमा हिँड्दामा । हिउँ र वर्षा हिमाधि चली बाटै रोकिँदामा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । प्रतिपक्षी भूमिपतिले घेरेका ओडियान् । हिँडाऊ धर्म अभ्यासीलाई निःशंक मार्गैमा ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्
कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥१०॥
चितुवा बाघ भालु हिउँ-भालु विशालु सर्पैका । विशाल वन डरमर्दो सानु बाटोमा हिंडेमा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं ।

वीर किंकर रक्षक गण् ले सहित ओडियान् । निःशंक तिनी भयंकरका जन्तु नै लखेट्छौ ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।
कामना सिद्धि सहज गर्नें देऊ है अधिष्ठान् ॥११॥

पृथिवी जल अग्नि र वायु महाभूत् का बाधाले । मायाको देह विनाश गर्दा डरा'को बेलामा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । महाभूतका चारै देवीसहित हे गुरु ओडियान् । निःशंक शान्त पारिद्यौ आफ्नै स्थानमा महाभूत् ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्
कामना सिद्धि सहज गर्नें देऊ है अधिष्ठान् ॥१२॥

भयानक् मार्गको साँघुरो ठाउँ भएर जाँदामा । हत्यारा चोर डाँकूहरूका आक्रमण हुँदामा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । साक्षात् गरेका चारोटै मुद्रा हे गुरु ओडियान् । चोर बर्बर लुब्धचित्तलाई गरिद्यौ सखाप ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्
कामना सिद्धि सहज गर्नें देऊ है अधिष्ठान् ॥१३॥

हत्यारा फौजले घेरेर हामीलाई नै सताए । धारिला हात हतियारले हामीलाई तर्साए । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । वज्रपञ्जर सहितका हे गुरु ओडियान् । हत्यारालाई तर्साई हतियार् सर्वत्रै छरिद्यौ ।
वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्
कामना सिद्धि सहज गर्नें देऊ है अधिष्ठान् ॥१४॥



कामनासहज सिद्धिदा प्रार्थनासँग सम्बन्धित गुरु पद्मसम्भवका रूपहरू



महागुरु लोङ्छेङ्पा

समाप्त होला यो आयु - चोला मरिने बेलामा । भयानक् कष्टकारक दुःखले पीडित हुँदामा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । अमिताभका निर्माणकाय हे गुरु ओडियान् । निश्चय पनि सुखावतीको लोकमा पुऱ्याउँछौ ।

वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।
कामना सिद्धि सहज गर्नें देऊ है अधिष्ठान् ॥१५॥

सापटी देह यो मायाको नाशिई अन्तराभवैमा । भ्रान्ति र भ्रान्त प्रतिभासले पारेको दुःखैमा । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । त्रिकालज्ञाता तिम्रो करूणाबाट हे ओडियान् । निःशंक भ्रान्ति स्वस्थानमा नै विमुक्त भैजाऊन् ।

वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्
कामना सिद्धि सहज गर्नें देऊ है अधिष्ठान् ॥१६॥

अज्ञ कर्म र प्रत्ययको त वशमा परेर । दुःखित हुँदा भ्रान्तप्रतिभासमा आसक्त भएर । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । हे महासुखराजका स्वरूप गुरु ओडियान् । भ्रान्ति र दुःख मूल सहितै हटाइदिन्छौ ती ।

वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान् ।
कामना सिद्धि सहज गर्नें देऊ है अधिष्ठान् ॥१७॥

षड्गतिका नै सत्त्वहरू ती दुःखित भएमा । नायक मन्त्री प्रजाले दुःख पाएको वेलामा । श्रद्धा, भक्ति र रूचिको तीव्र चाहना भएर । न गरी दोमन् न लिई शंका वन्दना गर्दछौं । निश्चल करूणाबाट नै हेर हे गुरु ओडियान् ।

वन्दना गर्छु पद्मसम्भवलाई नै ओडियान्

*कामना सिद्धि सहज गर्ने देऊ है अधिष्ठान् ॥१८॥*

(यो गुरु पद्मसम्भवको साम्पा लुण्डुप' क्रमको अन्तर्गत पर्ने १३ स्वरूपहरूको प्रार्थना हो र यसलाई धर्म अभ्यासको लागि सबै कामनाहरूको सिद्धि गराउने प्रार्थना मानिन्छ । त्यसैले न्यिङ्मा परम्परामा यसको ठूलो महत्व छ । शुद्ध धार्मिक आशय राखेर यसको पाठ गरेमा कामना सिद्ध हुन्छ भनिन्छ । यसको भावनाक्रम र स्वयंमै परिपूर्ण मार्गव्यवस्था पनि छ । यो स्तुति त्यसको संक्षिप्त सार मात्र हो । यसको अनुवाद लोचावा पुण्यप्रसाद पराजुली एवं बुद्धवज्रले मिलेर झ्याउरे छन्दमा गर्नुभएको हो ।)

## ३५) कामना शीघ्र सिद्धिदा

*एमा हो !*
*मध्यपोखरीमा पद्मकेशरको काण्डमा*
*पञ्च काय र ज्ञान अनाभोग देव*
*महास्वयम्भू पद्म मातापिता र*
*डाकिनीको घनामेघराशीलाई स्तुति छ*
*कामना शीघ्रसिद्धिको देऊ अधिष्ठान ।*
*दुष्कर्म गर्नाले विपाकद्वारा उत्पन्न*
*रोग, भेद, बाधा, युद्ध, कलह, अनिकालहरू*
*तिम्रो मुहार सम्झिँदैमा नाश हुन्छन्,*
*स्वीकार्ने ओडियानस्वामी ! हृदयदेखि पुकार्छु*
*कामना शीघ्रसिद्धिको देऊ अधिष्ठान ।*
*श्रद्धा, शील, त्याग, भावना तथा*
*श्रवणद्वारा चित्तमुक्त भई 'ह्री' र 'अपत्राप्य'*
*प्रज्ञाको सुसम्पन्नता यी सातै धनहरू*
*सर्वसत्त्वको चित्तमा प्रतिष्ठित भई*
*लोकलाई सुख आनन्द युक्त हुन विश्राम देऊ*

*कामना शीघ्रसिद्धिको देऊ अधिष्ठान ।*
*जसमा रोग, पीडा, अप्रिय प्रत्यय*
*भूतका भेद र राजाका दण्ड छन्*
*अग्नि, जल, मांसाहारी प्राणी, मार्गभय आदि*
*आयुसमाप्तिसम्मका सबै अवस्थामा*
*शरण र आशा अरू नभएकोले*
*करूणाले लेऊ गुरु ओडियानस्वामी*
*कामना शीघ्रसिद्धिको देऊ अधिष्ठान ।*

(यो गुरु पद्मसम्भवको साम्पान्युर्डुप्मा' नामक प्रार्थनाको नेपाली अनुवाद हो । यसका अनुवादक खेन्पो वागीन्द्रशील हुनुहुन्छ । यो पाठ गरेमा चिताएको चाँडै पुग्छ भन्ने विश्वास गरिन्छ ।)

## ३६) "श्रद्धाचित्तको किलो गाड्ने" नामक टाढाबाट गुरु बोलाउने प्रार्थना

( नमो गुरवे । टाढाबाट गुरु बोलाउने प्रार्थनाको ख्याति चारैतिर फैलेको भए तापनि पाठ गर्दाखेरि अनुभाव जगाउने मूल मर्म स्वरूप वैराग्य र छटपटी भएको जस्तो चित्तले युक्त भएर पाठ गर्नुपर्छ । शब्दहरू मात्र नभट्याई श्रद्धाभक्तिपूर्वक हृदयको गहिराई र हाड नसाको भित्रीभागबाटै पाठ गर्नुपर्छ । गुरुभन्दा भिन्दै बुद्ध होइनन् भन्ने दृढविश्वाससहित सुमधुर लयमा निम्न अनुसार पाठ गर्नुपर्छ ।)

*हे गुरो, मेरो ख्याल गर*
*कृपालु मूल गुरो, मेरो ख्याल गर !*

त्रिकाल बुद्धका सार तिमी
आगम र अधिगम धर्मका स्रोत
आर्य गणका अधिपति तिमी
हे मूल गुरो, मेरो ख्याल गर !

अनुभाव र करुणाका खानी
दुबै सिद्धिका त हौ मुहानी
सबै इष्ट सत्कर्मका हौ नि दाता
हे मूल गुरो, मेरो ख्याल गर !

गुरो अमिताभ मेरो ख्याल गर
हेर, निष्प्रञ्च धर्मकायबीचबाट
भड्केका हामी कुकर्मले भवमा
महासुखको शुद्ध क्षेत्रमा तानेर लग !

गुरो अवलोकित, मेरो ख्याल गर
हेर, भास्वर सम्भोगकायबीचबाट
जरैदेखि षड्गतिका दुःख शान्त गर
पींधैदेखि चलाउ त्रिधातु संसार

गुरो पद्मसम्भव, मेरो ख्याल गर
हेर, चामर पद्मप्रभबाट
कलियुगका अनाथ निरीह हामीलाई
देऊ करुणाले शरण शीघ्र हामीलाई !

गुरो येशे छोग्याल, मेरो ख्याल गर !
हेर, महासुखको खेचरनगरीबाट

*हामी पापीहरूलाई भवसिन्धुबाट*
*तारिदेऊ महान् मोक्षको नगरीमा !*

*वचन र निधि परम्पराका गुरुहो, मेरो ख्याल गर !*
*हेर, युगनद्ध ज्ञानको बीचबाट*
*मेरो भ्रान्तचित्तको अँध्यारो भवन भत्काऊ*
*अधिगमको दिवाकरको उदय गराऊ !*

*सर्वज्ञ डिमे ओसेर, मेरो ख्याल गर !*
*हेर अनाभोग पञ्च प्रभको बीचबाट*
*आदिशुद्ध ज्ञानचित्तको महत्पराक्रम पूरा गराऊ*
*चार आभासमा पारङ्गत गराऊ !*

*अद्वितीय प्रभु गुरु-शिष्य, मेरो ख्याल गर !*
*हेर, सय देवले घेरिएको तुषितबीचबाट*
*करुणाको सारले युक्त शून्यता*
*गराइदेऊ मनमा बोधिचित्त पैदा !*

*परमसिद्ध मार्पा-मिला-गम्पोपा-त्रय, मेरो ख्याल गर !*
*हेर, महासुखमय बज्रधातुबाट*
*सुखशून्य महामुद्राको परमसिद्धि देऊ*
*हृदयको बीचमा धर्मकाय उदाइदेऊ !*

*लोकेश्वर कर्मपा, मेरो ख्याल गर !*
*हेर, गगनव्यापी सत्वविनयधातुबाट*
*सबै धर्महरू असत्य माया चिनाऊ*
*प्रतिभास र चित्त यो त्रिकायै उदाऊ !*

चार महान् आठ लघु काग्युपाहरू,मेरो ख्याल गर !
हेर, स्वप्रतिभासको शुद्धक्षेत्रबाट
चार अवस्थाका भ्रमहरू हटाऊ
अनुभूति र अधिगममा पारङ्गत गराऊ !

पाँच उत्तर भट्टारकहरू, मेरो ख्याल गर !
हेर, संसार-निर्वाण-अभेद बीचबाट
विशुद्ध दृष्टि-भावना र चर्याको सम्बन्धबाट
उत्तम गुह्य मार्गमा हिँडाऊ !

अद्वितीय श्याङ्गा काग्युपा, मेरो ख्याल गर !
हेर, विशुद्ध बुद्धक्षेत्रबाट
उपायमुक्त अभ्यासमा नियमानुसार पूर्ण बनाऊ
अशैक्ष युगनद्ध अवस्था प्राप्त गराऊ ।

महासिद्ध थङ्तोङ् ग्याल्पो, मेरो ख्याल गर !
हेर, अनायाश करुणाको बीचबाट
असत्य अघिगमको ब्रतलाई सिद्ध गरी
वायु र चित्त नियन्त्रण गरी संग्रह गराऊ !

एकमात्र पिता धाम्पा साङ्गे मेरो ख्याल गर !
हेर सुकर्म-सिद्ध-धातुबाट
परम्पराको अधिष्ठान हृदयमा प्रवेश गराई
निष्पक्ष शकुनको उदय गराऊ ।

एकमात्र माता लाप्की डोन्मा, मेरो ख्याल गर !
हेर प्रज्ञापारमिता बीचबाट

*आत्मग्राहक गर्वकर्तालाई जरैबाट काट*
*अनात्म निष्प्रपञ्च सत्यको दर्शन गराऊ !*

*सर्वज्ञ धोल्पो साङ्गे मेरो ख्याल गर !*
*हेर, सर्वाकारवरोपेत उत्तम धातुबाट*
*सङ्क्रान्तिका श्वासहरू अवधूतिमा निरोध गराऊ*
*सङ्क्रान्तिरहित वज्रकाय प्राप्त गराऊ !*

*भट्टारक तारानाथ, मेरो ख्याल गर !*
*हेर, त्रिविध दूतको धातुबाट*
*वज्रगुह्य मार्गमा निर्विघ्न हिँडाऊ*
*इन्द्रधनुषी खेचर सिद्ध गराऊ ।*

*महानिधिपति छोग्युर् लिङ्पा, मेरो ख्याल गर !*
*हेर सर्वव्यापी धर्मकायबीचबाट*
*द्वैत विकल्पलाई अनुत्पाद स्थितिमा विलाऊ*
*स्वसंवेद स्वभूमिमा ग्रहण गराऊ*

*ओर्गेन् देछेन् लिङ्पा, मेरो ख्याल गर !*
*हेर, स्वयंप्रकाश सम्भोगकाय धातुबाट*
*पाँचकाय र ज्ञानहरूको महान् अनाभोगलाई*
*त्याग र प्राप्तिविना नै प्रत्यक्ष गराऊ !*

*विभु शिग्पो लिङ्पा, मेरो ख्याल गर !*
*हेर, सत्वविनय करुणा अवस्थाबाट*
*चित्तरत्न आफैमा पाएर*
*फललाई भूमिमै पूर्ण गराऊ !*

*सेम्पा पेमे न्युगु, मेरो ख्याल गर !*
*हेर, मायाजालको बीचबाट*
*ज्ञानराज चार कायका उत्तम*
*नाथसँग अभेद गराऊ*

**(ओग्र्यैन् छोग्युर लिङ्पाका भतिजा लामा साम्तेन् ग्याछोको आग्रहमा पन्ध्रौं कर्मपाद्वारा यति चार श्लोकहरू लेखिएका हुन् ।)**

*जामयाङ् खेञ्चे वाङ्पो, मेरो ख्याल गर !*
*हेर, दुई परिज्ञानका ज्ञानधातुबाट*
*मतिको अज्ञानरूपी अँध्यारो हटाइदेऊ*
*प्रज्ञाको प्रकाश फैलाइदेऊ !*

*ओसाल् टुल्पे दोर्जे, मेरो ख्याल गर !*
*हेर, पञ्चप्रभको इन्द्र धनुषी रश्मीबाट*
*तिलक, वायु र चित्तका मल शोधन गरी*
*कुमारकलशकाय कायको रूपमा बोध गराऊ*

*पेमा दोङाग् लिङ्पा, मेरो ख्याल गर !*
*हेर, अपरिवर्त्य सुखशून्यताबीचबाट*
*जिन-जिनपुत्रका समस्त अभिप्रायहरू*
*मैले पूरा गर्न सक्ने बनाऊ !*

*ङावाङ् योन् तेन् ग्याछो, मेरो ख्याल गर !*
*हेर आदि युगनद्ध धातुको बीचबाट*
*प्रतिभासको सत्यग्राहको सङ्न नाशबाट*
*पैदा भएको छ जे त्यो मार्गको रूपमा लिऊँ !*

जिनपुत्र लोड्रो थाये, मेरो ख्याल गर !
हेर, मैत्री र करुणाको अवस्थाबाट
सबै सत्व कृपालु माता हुन् भन्ने जानी
परहितलाई हृदयबाटै अभ्यास गर्न सक्ने बनाऊ ।

पेमा घार्गी वाङ्छुग् मेरो ख्याल गर !
हेर, महासुख प्रभास्वरधातुबाट
पाँच विषलाई पाँच ज्ञानको रूपमा मुक्त गरी
त्याग र प्राप्तिको ग्राहलाई भत्काइदेऊ !

तेन् नी युङ् ढुङ् लिङ्पा, मेरो ख्याल गर !
हेर, भवशान्तिसमताको धातुबाट
प्राकृतिक श्रद्धाभक्ति चित्त-सन्तानमा जगाऊ
अधिगम र मोक्ष समकालको महानता बनाऊ

सिद्धपुत्र कर्म उर्गेन्, मेरो ख्याल गर !
हेर, विद्या-शून्य ज्ञानधातुबाट
अभिप्रायको परम्परा कर्मवान् पुत्रमा सारी
अधिगमको राज्य ग्रहण गराऊ ।

कृपालु मूल गुरो मेरो खाल गर !
हेर शिरको महासुख स्थानबाट
स्वसंवेदन धर्मको स्वयं मुहार दर्शाऊ
एकै जीवनमा बुद्धत्व प्राप्ति गराऊ ।

कठै !
मजस्तो पापी सत्त्व अकुशल कर्म गर्दै

घुमेको छु भवमा अनादिदेखि सदैँ
अहिले पनि भोग्दैछु अनन्त दुःख
तर, आउँदैन क्षणभर पनि वैराग्य अझ
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव वैराग्य पैदा हुनलाई !

क्षण सम्पत्ति पाएर व्यर्थै गुमाएँ
व्यर्थैका कामले जीवनमा सधैं फ्याँकिएँ
मोक्षको लक्ष्य सिद्ध नगरी आलस्यले जितेर
फर्किंदैछु रत्नद्वीपबाट खालि हात
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव मानव जीवन सार्थक गर्नलाई ॥

यो धरतीमा नमर्ने कोही बाँकी छैनन्
अहिल्यै पनि एक एक गरी तिनी बितिरहेछन्
म पनि चाँडै मर्नेछु पक्कै, तर पनि
क्षुब्धहृदय म प्रयत्नशील छु, बन्न चिरंजिवी
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव बेमतलवका योजना अन्त्य गर्नलाई !

मेरा प्रियजन र मित्रहरू छुट्नेछन्
रागसंचित धन अरुले भोग्नेछन्
प्यारो जीउ पनि चिन्हमात्र छोडी जाला

विज्ञान अन्तराभवमा उपायविना कुद्‌ला
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव जीवनको अनित्यता बुझ्नलाई !

भयानक कालो अँध्यारो स्वागत गर्छ सामु
लघार्नेछ कर्मको भयानक रक्त वायु
यमका नराम्रा दूतले पिट्ने र पीर्ने हुनेछ
असह्य अपायदुःख भोग्नै पर्नेछ ।
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव दुर्गतिका भीरबाट मुक्त हुनलाई !

मेरा पर्वत झैं ठूला दोष, लुकाएछु मभित्रै
अरूका तिलका दाना जत्रा, दोष लगाउँछु निन्दा गर्दै
गुण केही छैनन्, तर भद्रता देखाउँछु
धर्माभ्यासीको नाममा अधर्म मात्र गर्छु
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव मेरो स्वार्थ र घमण्ड दबाउनलाई !

अतिविनाशकारी आत्मग्राह- ग्रह भित्रै लुकाई
जे सोचूँ सबै क्लेशवृद्धिकै हेतु उदाई
जे गरूँ सबै कर्म अकुशलकै फलदायी
मोक्षको मार्गतिर त लागेको पनि छैन भन्नलाई
गुरो मेरो ख्याल गर,

हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव, आत्मग्राह उखेल्नलाई !

सानो प्रशंसा र दोषले पनि पार्छ खुशी र दुःखी मलाई
सानो गालीले पनि मेरो भत्काउँछ क्षान्तिकवचलाई
असहायहरूलाई देख्दा पनि उदाउँदैन करूणा मेरो
खाँचो परेकाहरूले माग्दा बाँध्छ कञ्जुस्याईंको गाँठो
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव मनमा धर्म मिसाउनलाई !

असार संसारलाई पकडेको छु सार मानी
परम लक्ष्यलाई त्यागेछु खान र लुगाकै लागि
चाहिएको सबै पूरै भए पनि चाहान्छु झन् झन् धेरै
असत्य माया धर्महरूबाट मेरो मन ठगिन्छ धेरै
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव, यो जीवनमा अनासक्त हुनलाई !

अलिकति पनि शरीर-मनका पीडा सक्तिन खप्न
हृदय टुटेको म, डर छैन दुर्गतिमा खस्न
हेतु-फलभावको सच्चाइ साँच्चिकै देखेको छु तापनि
अझैं अकुशल बारम्बार गर्छु, कुशलै नगरी
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव, कर्ममा विश्वास पैदा हुनलाई !

म शत्रुप्रति द्वेष र मित्रमा आसक्ति गर्छु
ग्राह्य-अग्राह्य चिन्न मोहान्धकारले मूढ छु
धर्मानुसार चल्दा लय निद्राको चपेटामा पर्छु
अधर्म गर्दा इन्द्रिय जाग्छन् र म चलाख हुन्छु ।
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव क्लेशरूपी शत्रु छिनाल्न लाई !

बाहिरी रूप सच्चा धर्माभ्यासीको छ मेरो
भित्री मन भने धर्मसित मिसिएन मेरो
विषधारी झैं, क्लेश मभित्र नै लुकाउने
अप्ठ्यारो पर्दा धर्म अभ्यासीका दोष देखाउने
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव आफ्नो चित्त नियमन गर्नलाई !

महसूस छैन मेरो आफ्नै दोषको पनि मलाई
अधर्मचर्या गर्दै राख्छु अभ्यासीको रूपलाई
क्लेशले गर्दा अकुशलमा छ बानी मेरो
बारं बार पुण्यवृद्धिभई बारं बार नष्टै भएको
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव आफ्ना दोष देख्नलाई !

मृत्यु नजीक नजीक हुँदैछ प्रति दिन बित्दा मेरो
स्वचित्त सन्तति झन् झन् छ निष्ठुर प्रतिदिन बित्दा मेरो

गुरुकहाँ पुगे पनि श्रद्धा क्रमशः घट्दैछ मेरो
धर्म बन्धुप्रति प्रेम, शुद्धाभास घट्दैछ मेरो
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव मेरो निष्ठुर स्वचित्त दमन गर्नलाई !

शरण लिएँ चित्तोत्पाद गरेँ, प्रार्थना गरे पनि
श्रद्धा, आदर, करुणा उदाएनन् मेरो गहिराइदेखि
धर्मचर्या, पुण्यप्रयोग सबै शब्दका खेलमात्र भए
केवल क्रिया मात्र भए हृदयलाई छुँदै न छोए
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव जे गरे पनि त्यो धर्म नै हुनलाई !

आफ्नो सुख चाहनाले मिल्छन् सम्पूर्ण दुःख
बताइन्छ बुद्धत्व परहित चित्तले हुन्छ
परमचित्त पैदा गरे पनि लुकाएको छु स्वार्थ चित्त
परहित परै जाओस्, साँध्दैछु अरुको दुःख
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव परात्मपरिवर्तन गर्ने सामर्थ्य लाई !

गुरु साक्षात् बुद्ध नै भए पनि मानवकै रूपमा लिन्छु
गूढ उपदेश शिक्षा दिएकोमा कृतार्थ हुन विर्सिन्छु
मेरो मन लाग्यो भने मनोभावना नै तोडिदिन्छु
मिथ्यादृष्टि र शंकाले उनको चर्याहरू नै ढाकिदिन्छु

*गुरो मेरो ख्याल गर,*
*हेर, करुणाले अलि चाँडै मलाई*
*देऊ अनुभाव श्रद्धा नरोकिई बढ्नलाई !*

*स्वचित्त नै बुद्ध भए पनि साक्षात् कहिल्यै भएन*
*विकल्पहरू नै धर्मकाय भए पनि कहिल्यै चिनिएन*
*त्यही नै प्राकृत स्वभाव भए पनि कहिल्यै कायम राखिएन*
*सहज नै स्वभाव हो तर विश्वास कहिल्यै गरिएन*
*गुरो मेरो ख्याल गर,*
*हेर, करुणाले अलि चाँडै मलाई*
*देऊ अनुभाव, मेरो चित्त सहजमै मुक्त हुनलाई !*

*मृत्यु निश्चित भए पनि हृदयले लिनै सकिएन*
*सद्धर्मले हित गर्ने निश्चितै भए पनि विधिवत् साध्न सकिएन*
*कर्म र फल निश्चित सत्य हुन् तर ग्राह्य-अग्राह्य नियमतः छैन*
*स्मृति निश्चित आवश्यक हो तर स्थिर अक्षुब्ध छैन*
*गुरो मेरो ख्याल गर,*
*हेर, करुणाले अलि चाँडै मलाई*
*देऊ अनुभाव, स्मृति क्षोभरहित पार्नलाई !*

*पूर्व कुकर्मले अन्तिम कलियुगमा जन्मियो*
*पहिले गरेको सबै दुःखको हेतु हुन पुग्यो*
*दुर्मित्रहरूले पापको छायाले ढाकिदिएछन्*
*सम्भिन्नप्रलापले गर्दा पुण्य कर्मलाई विक्षेपले लगेछन्*
*गुरो मेरो ख्याल गर,*
*हेर, करुणाले अलि चाँडै मलाई*
*देऊ अनुभाव, धर्ममा साहसी हुनलाई !*

प्रथम चिन्तन थियो धर्म मात्रको, तर
अन्तिम सिद्धिफल भव दुर्गतिको हेतु बनेछ
मोक्षरूपी बाली अकुशलको असिनाले नाश्यो
परम लक्ष्य लिने म जस्ता क्षुद्र व्यक्तिको
गुरो मेरो ख्याल गर,
हेर, करुणाले अलि चाँडै मलाई
देऊ अनुभाव सद्धर्म साङ्गोपाङ्ग बुझ्नलाई !

देऊ अनुभाव, हृदयदेखि नै उद्वेग पैदा हुनलाई
देऊ अनुभाव, क्षणलाई बुझी थोरै सोच्ने हुनलाई
देऊ अनुभाव, हृदयदेखि नै मृत्यु सम्झिनलाई
देऊ अनुभाव, कर्ममा विश्वास पैदा हुनलाई
देऊ अनुभाव, मार्गमा विघ्नहरू न आउनलाई
देऊ अनुभाव, साधनाको लागि सक्षमवीर्य हुनलाई
देऊ अनुभाव, खराब प्रत्ययलाई मार्गीकरण गर्नलाई
देऊ अनुभाव, प्रतिपक्षलाई स्वाभाविक बनाउनलाई
देऊ अनुभाव, अकृत्रिम श्रद्धा उत्पन्न हुनलाई
देऊ अनुभाव, स्वभावको साक्षात्कार हुनलाई
देऊ अनुभाव, स्वसंवेद हृदयको बीचमा उदाउनलाई
देऊ अनुभाव, भ्रान्त प्रतिभास निर्मूल हुनलाई
देऊ अनुभाव, यही जुनीमा बुद्धत्व प्राप्त हुनलाई ॥

गुरत्न, अध्येषणा गरिराख्छु म
उपकारी धर्मस्वामी आर्त भैं आह्वान गर्छु म
शरण हौ तिमी मात्र म अभागीको लागि
देऊ अनुभाव, ज्ञानचित्त अभेद भै मिसिनलाई ॥

*(यो प्रणिधानको लागि श्रद्धायुक्त केही भिक्षुहरूले पहिले नै प्रार्थना गरेका थिए तर क्रमैले पूर्ण गर्न सकिन । केही समय पहिले कुलिक धर्मवती र देवरक्षित दुवैको विशेष आग्रहमा कषाय-कालम गुरुको प्रतिबिम्ब धारण गर्ने लोड़ो थाये ले जोङ्पो सुगत संग्रह महासाधना गृहमा रचना गरेको हुँ ।*

यस प्रकारको यो प्रार्थानाको नेपाली अनुवाद लोचावा पुण्य प्र. पराजुली र बुद्धवज्र दुवैजनाले मिलेर गर्नुभएको हो । यसवाट धर्माभ्यासीको सद्धर्म वृद्धि होस् ।)

## ३७)"अधिष्ठानको स्रोत" नामक शास्ता र भारत एवं भोटका निष्पक्ष शासनधर सिद्ध तथा पंडित गुरुहरूको प्रार्थना

*प्रहाण र अधिगममा पूर्ण शान्त धर्मधातु*
*लक्षणानुव्यञ्जनले चम्किने महासुख सम्भोगकाय*
*विनेयधातु अनुकूल निर्माणकाय*
*वन्दना छ, विनायक सागरवत् त्रिकाय ।*
*भद्रकल्पका चौथा दीप केतु शाक्यका*
*अजित, मञ्जुघोष र अधिपति गुह्यका*
*अवलोकितेश्वर, सरोरुहवज्र र अन्यमा*
*जिन एवं जिनपुत्रहरूमा छ वन्दना ।*
*सोह्र जना स्थविर एवं सात शासनधर*
*छ अलङ्कार एवं तीन आचार्य आठ विद्याधर*
*चौरासी सिद्धेश्वरहरू र अन्यमा*
*आर्यक्षेत्रका पण्डित सिद्धमा वन्दना ।*
*हिमदेशमा शासनका संस्थापक निङ्मापा*
*पूर्ण शासनलाई फैलाउने साक्यापा*
*कोटिऔं शासनधरका स्रोत कादाम्पा*
*ती परम्पराका कल्याणमित्रहरूलाई वन्दना ।*

*अद्वितीय सिद्धको गुह्यमार्गका काग्युपा*
*गम्भीरोदार तन्त्रवर्गका अधिपति भुतोन् र धोल्पोपा*
*धर्मदिवाकर मञ्जुघोष नै चोङ्खापा*
*उनी र उनीहरूका परम्पराधारीमा वन्दना ।*
*अझै प्रमाण-विनय-अभिधर्म-पारमिता*
*माध्यमिक-शान्तिकर-छेदक परम्परा आदि*
*व्याख्यान र साधनमा आधारित आगम र अधिगमका*
*महान् शासनधरहरूलई वन्दना ।*
*विशेष गरी उत्तम शास्तादेखि अहिलेसम्म*
*क्रमिक रूपमा परम्पराका सबै गुरुहरूका*
*यान एकाग्र भएका उत्तम प्रकट रूप*
*मूल गुरुहरूलाई छ वन्दना ।*
*यसरी अभेद्य श्रद्धाले गरेको वन्दनाको बलले*
*भवबाट विरक्त भई निर्वाणको सुखमा अनासक्त*
*मैत्री-करुणा दुई बोधिचित्तले युक्त*
*जिनपुत्र आचरणमा प्रवेश गर्न दिनोस अधिष्ठान ।*
*शीलमा रहेर श्रुत- चिन्ता- भावनामा पारंगत*
*अभिषेकले चित्त विपाक गरी विशुद्ध समयवान्*
*दुई क्रमबाट उत्पन्न शैक्ष र अशैक्षको*
*युगनद्ध ज्ञान पैदा गर्न अधिष्ठान दिनोस्*

(यो प्रार्थना १२ औं शताब्दीका प्रसिद्ध निष्पक्ष गुरु जाम् याङ् खेन्चे वाङ्पोले रचना गर्नुभएको हो र श्रद्धेय भिक्षु जाम्पा लोसाल् शास्त्री र लोचावा पुण्यप्रसाद पराजुलीले नेपालीमा अनुवाद गर्नुभएको हो । )

## ३८) आर्य-अपरिमित-आयुर्ज्ञान-नाम महायान सूत्र

*आर्य्य अपरिमित आयुर्ज्ञान नाम महायान सूत्र ।*
*भगवान् बुद्ध तथा बोधिसत्त्वहरू सबैमा दण्डवत् प्रणाम गर्दछु ।*
*मैले यस्तो सुनेको थिएँ एक समय भगवान् श्रावस्तीको जेतवनमा विराजमान हुनुभएको बेला अनाथपिण्डदको आराम बैठकमा बाह्र सय पचास (१२५०) भिक्षुहरूको महासंघ र बोधिसत्त्व महासत्त्वहरूको ठूलो समूह भेला भएको थियो । त्यस सभामा विराजमान भई प्रारम्भमा भगवान्‌ले मञ्जुश्री कुमारभूतलाई आज्ञा गर्नुभयो ।*

*"हे मञ्जुश्री ! यहाँबाट माथिल्लो ऊर्ध्व दिशामा अपरिमित-लोकधातु-गुण-संचय" नामगरेको एक भुवन छ ।त्यस भुवनमा अपरिमित आयुर्ज्ञान सुविनिश्चित तेरोराज नाम गरेका तथागत अर्हन् सम्यक्संबुद्ध विराजमान हुनुहुन्छ । आयुको अधिपति भएका उहाँले आयुबाट परिमुक्ति दिन भनी प्राणीहरूलाई धर्मोपदेश गर्नुभयो ।*

*मञ्जुश्री कुमारभूत, सुन ! जम्बूद्वीपका मनुष्यहरूको अल्पआयु १०० वर्षको मात्र छ । त्यसमध्ये पनि धेरैजसोको अकालबाटै मृत्यु हुन्छ । मञ्जुश्री ! जुन प्राणीले अपरिमितायुर्ज्ञान तथागतको सम्पूर्ण गुण वर्णन "अष्टोत्तर शत नाम सूत्र" धर्म पर्याय पुस्तक लेख्छन्, लेख्न अथवा छाप्न लगाउँछन्, "अष्टोत्तर शत नाम सूत्र" ध्यान दिएर सुन्छन् अथवा पाठ गर्छन्, पुस्तक लेखाई आफ्ना घरमा सगौरव स्थापना गरी पुष्प, धूप, दीप, माला, लेपन, चूर्ण आदिले पूजा गर्छन् त्यस्ता प्राणीको आयु सकिएको भए पनि सय वर्षको आयुले सम्पन्न हुनेछ ।*

*मञ्जुश्री ! जुन प्राणीले अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजो-राजको "अष्टोत्तर शत (१०८) नाम सूत्र" श्रवण गर्छन् ती प्राणीहरूको आयु प्रवृद्धि हुनेछ । आफ्नो आयु क्रमैसित सिद्धिएर जाने बेला*

*"अष्टोत्तर शत नाम सूत्र" स्मरण गरी धारण गर्ने प्राणीहरूको आयु प्रवृद्धि हुनेछ । मञ्जुश्री, त्यसकारण दीर्घायु हुने अभिलाषा राखी तथागत अपरिमित आयुर्ज्ञान "अष्टोत्तर शत नाम सूत्र" श्रवण गर्ने वा पुस्तक लेख्ने, लेख्न वा छपाउन लगाउने तथा पाठ गराउनेहरू शुभ सौभाग्य गुणले युक्त हुनेछन् ।*

*अष्टोत्तर शत नाम १०८ अक्षर युक्त धारणी सूत्र यस प्रकारको छ :-*

**"ॐ नमो भगवते । अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्ये पुण्ये महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार-परिशुद्ध-धर्मते गगन-समुद्गते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"**

*मञ्जुश्री ! तथागतको "अष्टोत्तर शत नाम सूत्र" पुस्तक जसले लेख्छ, लेख्न वा छपाउन लगाई पुस्तक घरमा राखी पाठ गराउँछ त्यसको क्षय भएको आयु पूरा सय वर्षको हुनेछ । यस लोकबाट परलोक हुनासाथ तथागत अपरिमित बुद्धको भुवन लोकधातु अपरिमित गुण आदि भुवनमा जन्म हुनेछ ।*

**"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्ये पुण्ये महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार-परिशुद्ध-धर्मते गगनसमुद्गते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"**

*फेरि त्यसै समयमा बुद्धभुवनमा उनान्सय कोटी (९९,००,००,०००) बुद्धहरूले एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो ।*

**"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्ये पुण्ये महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार-परिशुद्ध-धर्मते गगनसमुद्गते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"**

*फेरि त्यसै समयमा चौरासी कोटी (८४,००,००,०००) बुद्धहरूले पनि एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो ।*

**"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्ये पुण्ये महापुण्ये । अपरिमितपुण्ये अपरिमित पुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार-परिशुद्ध-धर्मते गगनसमुद्गते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"**

आमुखि सर्वि भवेयु समग्राः।
तांश्च अहं परिपूर्य अशेषान्
सत्त्वहितं करि यावत लोके ॥५८॥
तहि जिनमण्डलि शोभनि
रम्ये पद्मवरे रुचिरे उपपन्नः।
व्याकरणं अहु तत्र लभेय्या
संमुखतो अमिताभजिनस्य ॥५९॥

जसरी शूर मञ्जुश्रीले यसलाई जान्नुहुन्छ त्यस्तै समन्तभद्रले पनि (यो भद्रचर्या) जान्नुहुन्छ । उहाँहरूका अनुसार शिक्षा लिंदै गरेको म पनि यी सम्पूर्ण कुशलहरूलाई परिणामना गर्दछु ॥५५॥

तीनै कालका बुद्धहरूले जुन परिणामनालाई अग्रकोटिको भनेर वर्णन गरेका छन् त्यही परिणामनाद्वारा मैले यी सबै कुशलहरूलाई उत्तम भद्रचर्याका निमित्त परिणामना गर्दछु ॥५६॥

म मर्ने बेलामा सबै आवरणहरूलाई हटाएर आफ्नो सामु अमिताभ तथागतको दर्शन गरूँ र उहाँकै सुखावती भुवनमा जाऊँ ॥५७॥

सुखावती भुवनमा गएर पनि मैले गरेका यी सम्पूर्ण प्रणिधानहरू मेरो सम्मुख रहुन् र तिनीहरुलाई एउटै पनि बाँकी नहुने गरी पूरा गरी यो लोक जबसम्म रहन्छ तबसम्म सत्त्वहित गरिराखूँ ॥५८॥

त्यहाँ रमणीय र शोभायमान जिनहरूको (बुद्धहरूको) मण्डलमा रूचिर (मन पर्ने) खालको उत्तम कमलमा उपपादुक जन्म लिई त्यहीं अमिताभ बुद्धका अगाडि नै मैले व्याकरण (भविष्यवाणी) लाभ गरूँ ॥५९॥

त्यहाँ त्यसरी व्याकरण प्राप्त गरेपछि अनेक किसिमका सयौं करोडौं निर्माणकायहरू निकालेर दशै दिशाहरूमा बुद्धिको बलले थुप्रै किसिमले सत्त्वहरूको हित गरूँ ॥६०॥

**व्याकरणं प्रतिलभ्य च तस्मिन्**
**निर्मितकोटिशतेभिरनेकैः ।**
**सत्त्वहितानि बहून्यहु कुर्यां**
**दिक्षु दशस्वपि बुद्धिबलेन ॥६०॥**
**भद्रचरिप्रणिधान पठित्वा**
**यत्कुशलं मयि संचितु किंचित् ।**
**एकक्षणेन समृध्यतु सर्वं**
**तेन जगस्य शुभं प्रणिधानम् ॥६१॥**
**भद्रचरि परिणाम्य यदाप्तं**
**पुण्यमनन्तमतीव विशिष्टम् ।**
**तेन जगद्व्यसनौघनिमग्नं**
**यात्वमिताभपुरिं द्रुतमेव ॥६२॥**

(बोधिसत्त्वले सधै भद्रचर्या (सबै प्राणीहरूलाई कल्याण गर्ने आचरण)को उत्तरोत्तर वृद्धिको लागि प्रणिधानहरू गरिरहनुपर्ने हुन्छ । त्यस्ता प्रणिधानहरू सूत्रहरूमा धेरै पाइन्छन् । यो आर्य गण्व्यूहसूत्रमा समन्तभद्र बोधिसत्त्वले गर्नुभएको प्रणिधान र त्यसको अनुशंसा एवं सार संक्षेपसहितको प्रणिधान हो र सबै प्रणिधानहरूको राजा समानको मानिन्छ । त्यसैले साधनाहरू सकेपछि प्रत्येक उपासक उपासिकाले यसको नियमित पाठ गर्ने गर्छन् । त्यस्तै मर्न लागेको व्यक्ति या भर्खर मरेको व्यक्ति या प्राणीको लागि श्रद्धा र करुणा पूर्वक यो पाठ गरिदिएमा उक्त सत्व सुखावतीमा पुग्छ, दुर्गतिमा पतन हुनबाट बच्दछ । यो अपभ्रंश भाषामा छ र यसको नेपाली अनुवाद बुद्धवज्रले गर्नुभएको हो ।)

*यो भद्रचरी प्रणिधानलाई पाठ गरेर जो पुण्य ममा सञ्चय भएको छ त्यो पुण्यको प्रभावले एकै क्षणमा सबै जगतका सत्त्वहरूका शुभ प्रणिधानहरू पूर्ण होऊन् ॥६१॥*

*यो भद्रचरीलाई परिणामना गर्दा लाभ भएका विशेष प्रकारका जे जति अनन्त पुण्यहरू छन् ती पुण्यका प्रभावले दुःखको सागरमा डुबेको जगत् चाडै नै अमिताभको श्रेष्ठ पुरीमा–जाओस् ॥६२॥*



हस्ती रत्न

## ४६) अष्ट मंगल द्रव्यार्पण

*मंगलस्वस्तिर्भवतु ।*

*आज यहाँ सम्पूर्ण जम्बूद्वीपका अलंकार, सम्पूर्ण जगत्का इच्छाहरूका स्रोत, सम्बुद्धरूपी वृक्षहरूको आश्रयको आधार, भद्र गुणहरूद्वारा अलंकृत बोधिवृक्ष, समस्त देवता र मनुष्यको पुण्यको एक मात्र क्षेत्र, सर्वश्रेष्ठ (यूप धातु) पूजा-वृक्ष वज्रासन छ ।*

**(यसरी पाठ परिवर्तन गर्नू)**

*यहाँ बुद्धले स्वयं जुन माङ्गलिक द्रव्यहरूलाई अधिष्ठित गर्नुभएको थियो, त्यसको प्रभावले (म यहाँ) मङ्गल-पाठ गर्छु ।*

*अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिलाई गुह्याधिपति वज्रपाणिले सेतो सस्र्यूं चढाउनुभएको थियो । त्यसलाई बुद्धले माङ्गलिक-द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको बल र प्रभावले गर्दा आज यहाँ महोत्सवमा सेतो सस्र्यूंबाट मङ्गल होस् ।*

*सेतो सस्र्यूं वज्रकुलको हो, यसले सबै ठाउँमा सम्पूर्ण विघ्नहरूलाई बाँकी नराखी नाश गर्दछ । बल-प्रताप र गुणमा पराकाष्ठा भएको त्यो मांगलिक द्रव्यले गर्दा सबै विघ्नहरू शान्त होऊन् ॥१॥*

*अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिले ब्राह्मण कुन्धालीले दूबो चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको प्रभावले आज यो महोत्सवमा दूबो-द्रव्यद्वारा मङ्गल होस् ।*

दूवोले आयुलाई बढाउँछ, वज्रसत्वको आयु सिद्ध गराउँछ । क्लेशले भएको जन्म-मरणको शृङ्खलालाई तोड्ने यो माङ्गलिक द्रव्यद्वारा हाम्रो आयुको पनि वृद्धि होस् ॥ २ ॥

अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिले पृथ्वी-देवीले सिन्दूर चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको थियो ।

त्यसको प्रभावले आज यो महोत्सवमा यहाँ सिन्दूर-द्रव्यद्वारा मङ्गल होस् ।

रातो सिन्दूर वशीकरण स्वभावको छ र अशेष धर्महरूलाई वशमा राखेर अत्यन्त सुदृढ धर्मराजले यसको मङ्गलद्वारा यहाँ पनि राज्यस्थिर गरून् ॥ ३ ॥

अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिले ऐरावत हात्तीले 'गोरोचन' चढाउँदाखेरि उसलाई माङ्गलिक द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको प्रभावले आज यस महोत्सवमा यहाँ गोरोचन द्रव्यद्वारा मङ्गल होस् ।

गोरोचन त्रिविषनाशक, रोगहरुको उत्तम औषधि हो । धर्मधातुको साक्षात्कार गरेर क्लेशका पीडाहरूलाई मेटाइदिने यसको मङ्गलले यहाँ दुःख शान्त होस् ॥ ४ ॥

अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिले गृहाधिपति भद्रपालले दही चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको

थियो । त्यसको प्रभावले आज यो महोत्सवमा यहाँ दही-द्रव्यद्वारा मङ्गल होस् ।

दही सबको सार हो । विशुद्ध सार, उत्तम ज्ञानको साक्षात्कार गरेर आकाश जस्तो समस्त गुण भएको त्यसबाट यहाँ पनि त्रिविष शान्त होस् ॥५॥

अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिले रूपकी देवी प्रभाधरीले आदर्श चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको बल-प्रभावले आज यो महोत्सवमा यहाँ आदर्श-द्रव्यद्वारा मङ्गल होस् ।

आदर्श-ज्ञान-महासागर श्रेष्ठ ज्ञान सागरहरूमा विशुद्ध भएर विशुद्ध धर्महरूको निर्बाधरूपमा उपभोग गर्नेवाला छ । त्यसबाट यहाँ पनि आवरण शोधित होऊन् ॥६॥

अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिले वृक्ष-देवीले वेलको फल चढाउँदा त्यसलाई माङ्गलिक-द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको प्रभावले आज यो महोत्सवमा यहाँ वेलको फलद्वारा मङ्गल होस् ।

वेलको फल हेतु-फल सहितको धर्म हो, समस्त लोक र लोकोत्तर चर्याहरू श्रेष्ठ बोधिगर्भका कारण बन्छन् । त्यो मङ्गलले सर्वार्थ सिद्ध होऊन् ॥७॥

*अतीतमा सम्यक्सम्बुद्ध शाक्यमुनिले देवराज इन्द्रले सेतो दाहिने शंख चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रूपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको प्रभावले आज यो महोत्सवमा यहाँ दाहिने शंखद्वारा मङ्गल होस् ।*

*शंख धर्म-नादलाई ध्वनित पारेर ज्ञानसागरमा शोधित गरेर सम्पूर्ण धर्महरूको प्रदर्शक हुन्छ । त्यो मङ्गलद्वारा शब्दाभिषेक प्राप्त होस् ॥८॥*

(भगवान् बुद्धको जीवनीसँग सम्बन्धित विभिन्न घटना क्रममा उहाँले यी आठ द्रव्यहरूलाई अधिष्ठित गरेर माङ्गलिक द्रव्य' को रूपमा लिएको हुनाले यिनीहरूलाई सबैले मङ्गल द्रव्य'को रूपमा लिन्छन् । त्यसैले अभिषेक, उपदेश जस्ता राम्रा शिक्षाहरू लिने मौकाहरूमा शुभ साइत होस् भनेर यी द्रव्यहरू चढाउने चलन छ । त्यसरी चढाउँदा यिनीहरूको गुण र विशेषतालाई भावना गरी बुझेर मनमा धारण गरेर चढाउनको लागि यो पाठ उपयोगी हुन्छ । यो 'काग्यु महाप्रणिधान' को परम्परा पाठसंग्रहको हिन्दीमा अनूदित पुस्तकबाट बुद्धवज्रद्वारा नेपालीमा अनुवाद गरिएको हो ।)



**अष्ट मांगलिक द्रब्यहरू**

## ४७) दीप-ज्वालन-प्रणिधानम् (मार्मे मोन्लाम्)

भवेत् त्रिसाहस्त्र-विसारि लोक-
चक्रेण तुल्यं खलु दीपभाण्डम् ॥
काण्डं गिरीशेन सुमेरुणा च
घृतं भवेत् सागरतुल्यमेव ॥
संख्या तु कोटीनियुतेन तुल्या
तेषां जिनानां पुरतो भवेद् वै ॥
प्रभाऽऽभवाग्रान् नरकेऽप्यवीचौ
सर्वान्धकारानपनीय सद्यः ॥
क्षेत्राणि वै यद्दशदिक्-स्थितानि
तेषां जिनानां तु सपुत्रकाणाम् ॥
चकास्तु तान्येष तु चक्षुसि स्फुटम्
ॐ वज्र आलोके आः हूँ

अहो !
अत्यद्भुतं विस्मयकारकं च
समुज्ज्वलं दीपमहं ददामि ॥
सभाद्र-सम्बुद्ध-सहस्त्रकेभ्यो
जिनेभ्य एवं दशदिक्स्थितेभ्यः ॥
गुरुभ्यो खलु देवेभ्यो डाकिनीभ्यस्तथैव च ।
धर्मपालेभ्योऽपि ददे माण्डलेयेभ्य एव च ॥
माता पिता सर्वसत्त्वा अस्यां जातौ ह्यनागते ।

## ४७) दीप -ज्वालन प्रणिधान (मार्मे मोन्लाम्)

*दीपको भाँडो त्रिसाहस्र महासाहस्र*

*लोक धातुको चक्रवाल समान बनोस् ।*

*(काण्ड) सलेदो पर्वतराज सुमेरु समान बनोस् ।*

*घ्यू (तेल) वरिपरिको सागर समान बनोस् ।*

*संख्या हरेक बुद्धहरुको*

*अगाडि कोटी कोटी बनून् ।*

*प्रभाले भवाग्रदेखि तल अवीचि नरकसम्मका*

*सारा अन्धकार हटाओस्*

*र दशौ दिशाका बुद्ध र बोधिसत्त्वहरुका*

*सारा क्षेत्रहरुलाई*

*प्रत्यक्ष रूपमा देखिने गरी स्पष्ट पारोस् ।*

**ओं वज्र आलोके आः हूँ ।**

*अहो, यो अद्भुत र आश्चर्यजनक*

*उज्यालो बत्ती (दीप) लाई*

*भद्रकल्पका हजार बुद्ध*

*लगायतका दशौ दिशाका*

*सम्पूर्ण बुद्धहरुलाई, गुरु, देव, डाकिनी*

*र धर्मपाल तथा मण्डल-देव गणहरूलाई चढाँउछु ।*

*मूलतः माता, पिता लगायतका सर्व सत्त्वहरू*

*यो जन्म तथा सारा जन्महरुमा सम्यक् संबुद्धको क्षेत्र*

सम्यक्सम्बुक्षेत्राणि पश्यमानास्तु लोचनैः ॥
अभेदत्वं हि नाथस्याऽमिताभस्याऽऽप्नुयुस्तथा ।
त्रिरत्नानां त्रिमूलानां देवानां सत्यताबलात् ॥
भवेयुराशिषः शीघ्रं प्रणिधानस्य सिद्धये ।
तद्यथा पञ्चेन्द्रियावबोधनाय स्वाहा ॥

## ४८) डोला देक्चीमा

सत्त्वार्थमेक-सुख-शान्ति-समुद्भवं तत्
सर्वज्ञ-सर्वजयि-शासन-रत्नमेव ।
सर्वासु दिक्षु निखिलेषु पदेषु काले
सर्वस्मिन्नुत्थितिमियात् खलु हानिहीनम् ॥ १ ॥
प्रज्ञा कृपाऽप्रमितश्रीयुत-सम्प्रभूँस्तान्
प्राणानिव प्रियतया जिनशासनंधरान् ।
कल्याणमित्र-वर-सत्यगुरूनतुल्यान्
दीर्घायुषो विदधताम् खलु सर्वदैव ॥ २ ॥
सन्दर्शयन् हि कुशलं खलु भद्रमार्गं
सत्त्वार्थमेव च सुदेशन-साधनारतम् ।
धर्माभ्यसद्गणपदं स्थिरमेव कृत्वा
कुर्यात् सदा शुभकृतिं दशदिक्षु याताम् ॥ ३ ॥
रूङ्मृत्युतश्च मनुजानभयान् जरायाः
सम्यग्दशा भवगया च युतान् विहित्वा ।

*प्रत्यक्ष रूपमा देखेर नाथ अमिताभसंग अभेद बनून् ।*
*त्रिरत्न तथा त्रिमूल देवगणको सत्यताको बलद्वारा यो*
*प्रणिधान शीघ्र सिद्ध गर्न अधिष्ठान दिनुहोस् ।*
*तद्यथा पञ्चेन्द्रियावबोधनाय स्वाहा ।*

(बत्ती बालेर बुद्धबोधिसत्त्वका प्रतिमा, चैत्य या पूजामण्डपमा चढाएपछि यो प्रणिधान गर्नुपर्छ । यसको ज्ञानप्राप्तिसँग सांकेतिकरूपमा धेरै महत्व छ भनिन्छ । समूहमा भएको वेला लय हालेर गाउँदै प्रणिधान गर्ने चलन छ । यो महसिद्ध पण्डित श्रीमद् अतीशले रचनागर्नुभएको हो, तर तिब्बती भाषामा मात्र थियो र पुण्य प्रसाद पराजुलीले नेपालीमा अनुवाद गरेर त्यसको आधारमा संस्कृतमा बुद्धवज्रले अनुवाद गर्नुभएको हो ।)

## ४८) डोला देकीमा स्तुति

*प्राणीहरूको लागि एकमात्र सुख शान्तिको श्रोत*
*सर्वज्ञ जिन शासनरत्न ।*
*सबै ठाँउ र समयमा ह्रास नभईकन*
*सबै दिशाहरूमा उत्थान गरी विस्तार गराउनुहोस् ॥१॥*

*अप्रमेय प्रज्ञा र करुणाश्रीबाट सुसम्पन्न भएका*
*जिनशासनलाई प्राण जस्तै प्रिय मानेर धारण गरेका ।*
*अनुपम गुरु तथा कल्याणमित्रहरूको*
*आयु लामो बनाउने गराउनुहोस् ॥२॥*

*प्राणीहरूलाई कुशल हुने भद्र मार्ग दर्शाएर*
*व्याख्यान र साधनाको कर्ममा तल्लीन भएका ।*
*धर्म अभ्यासी संघको चरण स्थिर गराई*
*शुभ कर्म दशै दिशामा फैलाउने गराउनुहोस् ॥३॥*

मैत्रीमयेन मनसा च परस्परेषु
युक्तानमेय-मुदितास्फुरणं विधेहि ॥४॥
धीरानिलाहतचलद्ध्वज-पङ्क्तिशोभान्
कृत्वा पुरान् सितपताकयुतान् समग्रान् ।
रत्नाञ्चितै र्विदधताम् रमणीयवस्त्रै
र्युक्तै र्जनै र्धनसमृद्धबलैः प्रपूर्णान् ॥५॥
व्योमास्तु तत्तडिदतीव्रपयोदशोभम्
भूयाद् रसा च रममाणमयूरशोभा ।
मन्देन जिम्हगतिना च पतत्सुवृष्ट्या
आनन्दमातततमियात् खलु देहभाजाम् ॥६॥
नागाश्च प्रस्त्रवण-पुष्प-वनौषधीभि-
र्नानाविधान्न-पशु-गोभिरुपत्यकाश्च
पूर्णा जनाः स्युरथ गीतिरताः प्रसन्नाः
शान्तान् विधेहि कलहानपि दर्पवृत्तान् ॥७॥
भूपालका दधतु शान्तितया च राज्यं
आज्ञां च लान्तु सुकरेण प्रज्ञाश्च तेषाम् ।
आभ्यन्तरान् च कलहानपि बाह्यजातान्
शान्तान् विधाय कुरु सत्ययुगीनसौख्यम् ॥८॥
बुद्धादिमूर्तिभिरतीव सुशोभिताः स्युः
सद्धर्म-पुस्तक-गणै र्विविधै र्विहाराः ।
पूजाभ्रकैरमित-दिव्य-विशिष्ट-द्रव्यै
र्वृष्टिं करोतु परिपूजनवस्तुभिश्च ॥९॥

मानिसहरूलाई रोग, जरा र मरणबाट निर्भय बनाई
लौकिक सम्यक् दृष्टिले युक्त बनाई
परस्परमा मैत्री चित्तले युक्त गराई
अप्रमेय मुदिता फैलाउने गराउनुहोस् ॥४॥
नगरहरूमा शीतल मन्द वायुले फर्फराएका
पङ्क्तिबद्ध श्वेतपताकाहरूले सुशोभित गराई ।
रत्न जडित सुन्दर वस्त्रले युक्त भएका
सम्पन्न व्यक्तिहरूबाट भरिभराउ गराउनुहोस् ॥५॥
आकाश मन्द गतिले विजुली चम्कने बादलबाट सुशोभित होस्
जमीन रमाएर नाचेका मयूरहरूबाट सुशोभित होस् ।
हल्का र मन्दगतिले भएको सिमसिमे वर्षाबाट
प्राणीहरूको आनन्दलाई फैलाउने गराउनुहोस् ॥६॥
पर्वतहरू घाँस, फूल, झर्नाहरूबाट अलंकृत होउन्
उपत्यकाहरू नाना थरिका अन्न र वस्तुभाउ आदिले भरिऊन् ।
मानिसहरू अति प्रसन्न भई गाना गाइरहून्
घमण्ड र झैझगडा शान्त गराउनुहोस् ॥७॥
शासकले शान्तिपूर्वक राजकाज चलाउन्
प्रजाहरूले राजाको आदेश आदरपूर्वक लिऊन् ।
बाहिरी र भित्री कलह शान्त गराई
सत्य युगको जस्तै सुख गराउनुहोस् ॥८॥
मन्दिरहरू जिनका प्रतिमाहरू र
विविध सद्धर्म ग्रन्थहरूबाट सुशोभित होऊन् ।
अपार देवद्रव्यको पूजामेघद्वारा
पूजासामग्रीको व्यापक वर्षा गराईदिनुहोस् ॥९॥
सबै विहारहरू मुनिको शासन पालन गरेका
गेरु वस्त्र धारण गरेका कल्याणमित्रहरूबाट भरिपूर्ण भई ।

पूर्णा भवन्तु मुनिशासनपालकैश्च
काषायधारि-हितमित्रगणै र्विहाराः ।
व्याख्या-प्रवाद-रचना-कृतिषूपलब्धैः
कुर्याद्धि पाठ-पठनादि-कृतेः प्रसारम् ॥१०॥

ये श्रामणेर-समुपासक-भिक्षुवर्याः
भिक्षुण्य एव च सुनिर्मलशीलयुक्ताः ।
तेषां विशुद्धश्रुत-चिन्तित-भावनाभि-
स्तच्छाशनं सुगतजं विततं करोतु ॥११॥

औद्धत्यहीनमतयः खलु साधकाः स्युः
हिंसाखिलाद् विमुखतां गमनादसङ्गाः ।
शान्ते समाधिरतचित्ततया प्रदेशे
बोधेर्गुणान् प्रतनुतां सततं च तेषाम् ॥१२॥

श्रद्धातिरेक-मनसा खलु प्रार्थयन्तं
अस्मत्सुसाधकगणं परिवारयुक्तम् ।
मिथ्यार्जनेन रहितं सुसमृद्धियुक्तं
दीर्घायुषं प्रकुरु चाततसत्यधर्मम् ॥१३॥

अभ्यासतोऽपि च निरुत्तरदानशील-
वीर्य-क्षमापन-समाधि-सुप्रज्ञतानाम् ।
सम्पूरिता निखिलबुद्धगुणा मयि स्युः
सर्वांगमाधिगम-धर्मगुणान् तनोतु ॥१४॥

दानेन नीय वचसा च प्रियेण शिष्यान्
व्याख्याय तत्र चरितार्थबलेन धर्मम् ।

व्याख्यान, शास्त्रार्थ, रचनाका कर्महरूमा तल्लीन भई
पठन र वाचन कार्य विस्तार गराइदिनुहोस् ॥१०॥
उपासक, श्रामणेर, भिक्षु, भिक्षुणीहरू
निर्मल शीलद्वारा युक्त भई ।
विशुद्ध श्रुति, चिन्तन र भावना कर्मद्वारा
सुगत–शासन फैलाउने गराउनुहोस् ॥११॥
साधकहरु औद्धत्य त्यागेर
सबै हिंसा कर्महरूबाट विमुख भई संसर्गबाट मुक्त भएको ।
शान्त स्थलमा ध्यानमा तल्लीन भई
बोधका गुणहरू फैलाउने गराउनुहोस् ॥१२॥
अत्यन्त श्रद्धाले प्रार्थना गर्ने
हामी साधक सपरिवारलाई
मिथ्या आजीविका त्यागेको सुसंवृद्धि (श्री)
दीर्घायु र सद्धर्म फैलाउने गराउनुहोस् ॥१३॥
अनुत्तर दान, शील, क्षान्ति, वीर्य
ध्यान, प्रज्ञा आदिको अभ्यासद्वारा ।
ममा बुद्धका सबै धर्महरु पूर्ण गराई
आगम र अधिगमका गुणहरू फैलाउने
गराउनुहोस् ॥१४॥
दान र प्रियवचनद्वारा शिष्य संग्रह गरी
अर्थचर्यारूपी सद्धर्मलाई व्याख्या गरेको बलले ।
समानार्थताको धर्ममा अरुलाई राम्रोसँग डोऱ्याएर परहित गर्ने
बुद्धधर्म अनुसार फैलाउने गराउनुहोस् ॥१५॥
धर्मका सबै प्रतिकुल परिस्थिति शान्त गराई
सबै अनुकुल परिस्थितिबाट सम्पन्न गराई ।


**तुल्यार्थतासमभिनीत-परार्थधर्मान्**
**यद्बुद्धधर्ममनुगामितया तनोतु ॥१५॥**

**धर्मस्य नीय निखिलाः प्रतिकूलता स्ताः**
**युक्ताश्च शान्तिमनुकूलतयाऽपि सर्वाः ।**
**कृत्वाऽखिलान् हि जिनशंसितसर्वधर्मान्**
**कर्माणि चापि कुशलानि सदा तनोतु ॥१६॥**

## ४९) रत्नश्रीको प्रार्थना

*प्रभास्वर गर्भको परम विमानमा*
*त्रिपरम्परा गुरुको इन्द्रधनुषी वज्रकाय*
*अक्षय अलङ्कार चक्रको निर्माणकाय*
*गुरु रत्नपादको प्रार्थना गर्दछौं ।*

( यो प्रार्थना डोल्पाका गुह्ययोगी श्रीछेवाङ् दोर्जेले रचना गर्नुभएको हो र यसमा उहाँले महायोगी श्रीधर राणा रिन्पोछेको स्तुति गर्नुभएको छ ।)



*बुद्धले प्रसंशा गरेका सबैथरी धर्महरू*
*र सबै कुशल कर्महरूलाई फैलाउनुहोस् ।।१६।।*

(यो तिब्बतका साक्या अन्तर्गतको ङोर् परम्पराका गुरु ङोर्चेन् कुङ्गा साङ्पोले रचना गर्नुभएको प्रणिधान हो । यसको संस्कृत स्वरूप बुद्धवज्रले तयार पार्नुभएको हो, नेपाली अनुवाद पुण्य प्रसाद पराजुलीले गर्नुभएको हो । साक्या परम्परामा यो प्रणिधानलाई खुब महत्व दिएर समारोहहरूको अन्तमा गाउने गरिन्छ )

## ५० ) उपोषथ विधि

१- **शंखवाद नानन्तरम्** ( शंख बजाउने )

२- **शरणगमन (साधारण)**

३- **दशशील :-**

अहमित्थं (आफ्नो नाम भन्ने) नामा यावज्जीवं

१) प्राणातिपातविरतिशिक्षापदं समाददामि ।

२) अदत्तादानविरतिक्षापदं समाददामि ।

३) काममिथ्याचारविरतिशिक्षापदं समाददामि ।

४) मृषावादविरतिशिक्षापदं समाददामि ।

५) सुरामैरेयमद्यप्रमादस्थानविरतिशिक्षापदं समाददामि ।

६) श्वो भानूदयपर्यन्तं विकाल-भोजन-विरति-शिक्षापदं समाददामि ।

७) नृत्य-वादित्र- विषुक-दर्शन-विरति- शिक्षापदं समाददामि ।

८) गन्धमाल्य-विलेपन-धारण-मन्दन-विभूषणस्थान-विरतिशिक्षापदं समाददामि ।

९) उच्चासन-महाशयन-विरति-शिक्षापदं समाददामि ।

१०) जातरूप-रजत-प्रतिग्रहण-विरतिशिक्षापदं समाददामि ।

## ५. उपोषथ ग्रहण

दशदिक्षु स्थिताः सर्वे बुद्धाश्च जिनपुत्रकाः ।
भगवान् शाक्यराजस्तु यस्य तुल्यो नविद्यते ॥
आर्यावलोकितेशश्च मां समन्वाहरन्त्विति ! !

सम्यक्सम्बुद्धैरर्हद्भि र्यथा पूर्वैस् तथागतैः ।
अश्वाजानेयैस्तु महाहस्तिभिः कृतकृत्यकैः ॥
प्राप्तस्वार्थैस्त्यक्तभारै श्छिन्नाशेषभवयोजनैः ।
प्रज्ञावद्भिर्मुक्तचित्तै र्विशुद्धवचनैरपि ॥
सर्वेषामपि सत्त्वानां हिताय च सुखाय च ।
मुक्तये रोगनाशाय दुर्भिक्षानागमाय च ॥
बोधिपाक्षिकधर्माणामपि सम्परिपूर्तये ।
अनुत्तरसम्यक्सम्बोधेः प्राप्तये च धृतो यथा ॥
उपोषथस्तथा ( **आफ्नो नाम भन्ने** ) नामाहमप्यतः परम् ।
श्वो भानूदयपर्यन्तं सुग्रहिष्यामि पोषधम् ॥

## ६- शरणगमन (लामो) :-

## ७- बोधिचित्त :-

## ८ चतुर्ब्रह्मविहार :-

## ९- त्रि - स्कन्ध सूत्र

## १०-बोधिसत्त्वसंवर विधि

## ११- महासङ्कल्प :

*(दशैंको अष्टमीको लागि उपोषथ बस्ने हो भने यो सङ्कल्प गर्ने । अरु प्रयोजनको लागि भए त्यस अनुसारको सङ्कल्प गर्नुपर्छ । )*

स्वार्थेन लोभेन च लौकिकेन
दुर्गादिपूजाविधिना निहत्य
बल्यादिनाम्ना च जनैश्च भोक्तुं
यथेच्छाया पर्वणि वा च कोट्टे ।
हत्वा मृतान् वापि च मार्यमाणान्
पशून् निरीहानवलम्व्य चाद्य
तेषां हि कर्मावरणस्य शुद्ध्यै
संसारदुःखात् परिमुक्तिहेतोः
सुखावतीप्रापकशुद्धहेतोः
सम्बोधिलाभाय च शीघ्रमेषाम्
लोकेश्वरादिप्रणिधानधारणीः
प्रकुर्महे साधनपाठसंक्रियाः ॥ (× ३)

**(नेपालीमा)**

*लौकिक स्वार्थले लोभले*
*दुर्गादिपूजा विधिले मारेर*
*बलिको नामले या मानिसले खान भनेर*
*स्वेच्छाले, पर्वमा या कोटहरूमा*

*मार्नाले मरेका अथवा मारिनलागेका*
*निरीह पशूहरूलाई आलम्बन गरेर आज*
*तिनीहरूकै कर्मावरणहरूको शुद्धिको लागि*
*संसारको दुःखबाट मुक्ति दिलाउनको लागि*
*सुखावतीमा पुऱ्याउने शुद्ध हेतुले*
*र यिनीहरूको चाँडै नै सम्बोधिलाभ होस् भनेर*
*लोकेश्वर आदिको प्रणिधानहरूको*
*साधना-पाठ जस्ता कर्महरू गर्दछौं।*

**१२- सुखावती प्रणिधान (३ पटक)**

**१३- कायेन वन्दना**

क्षेत्ररजोपमकायप्रमाणै: सर्वजिनान करोमि प्रणामम् ।
सर्वजिनाभिमुखेन मनेन भद्रचरीप्रणिधानबलेन ॥ (× २७)

**१४- सुखावती प्रणिधान**

१५- ( सुखावती प्रणिधान + क्षेत्ररजोपम (२७) + सुखावती प्रणिधान ) × ३

१६- सुखावती प्रणिधान

**१७- वज्रसत्त्व :-**

ॐ वज्रसत्त्व समयमनुपालय । वज्रसत्त्वेनोपतिष्ठ । दृढो मे भव । सुतोष्यो मे भव । सुपोष्यो मे भव । अनुरक्तो मे भव । सर्वसिद्धिं मे प्रयच्छ । सर्वकर्मसु च मे चित्तं श्रेय: कुरू हुँ । ह ह ह ह हो भगवन् सर्व तथागत वज्र मा मे मुञ्च । वज्रीभव महासमयसत्त्व आ: । (× १०८)

**१८- सुखावती प्रणिधान** (× २)

**१९- मण्डल लामो + (मण्डल छोटो × १०८) + मण्डल लामो**

**२०- सुखावती प्रणिधान**

**२१- विश्राम ( १५ मिनेट )**

**२२- सुखावती प्रणिधान**

**२३- अक्षोभ्य धारणी :-**

नमो रत्नत्रयाय । ॐ कंकनि कंकनि । रोचनि रोचनि । त्रोटनि त्रोटनि । त्रासनि त्रासनि । प्रतिहन प्रतिहन । सर्वकर्मपरम्पराणि मे सर्वसत्त्वानाञ्च स्वाहा । (× १०८)

**२४- सुखावती प्रणिधान** (× २)

**२५- "नमो अमिताभाय"** (×१०००)

**२६- सुखावती प्रणिधान** (× २)

**२७- भगवन्तं तथागतं अर्हन्तं सम्यक्सम्बुद्धं नाथम्**
**अमिताभं वन्दे पूजयामि शरणं व्रजे अधिष्ठानं देहि । (× १०८)**

**२८- सुखावती प्रणिधान** (× २)

**२९- लोकेश्वर धारणी :-**

नमो रत्नत्रयाय । नम आर्यज्ञानसागर-वैरोचन-व्यूहराजाय । तथागताय अर्हते सम्यक्- सम्बुद्धाय । नमः सर्वतथागतेभ्योऽर्हद्भ्यः सम्यक्-सम्बुद्धेभ्यो । नम आर्य-अवलोकितेश्वराय बोधिसत्त्वाय । महासत्त्वाय । महाकारूणिकाय । तद्यथा । ॐ धर धर । धिरि धिरि । धुरू धुरू । इट्टे इट्टे । चले चले । प्रचले प्रचले । कुसुमे कुसुमवरे इलिमिलि । चितिज्वल-मपनय स्वाहा । (३ पटक)

**३१- ॐ मणिपद्मे हुँ ( ३ माला )**

**३२- लोकेश्वर धारणी ( ३ पटक )**

**३३- सुखावती प्रणिधान (× २)**

**३४- क्षितिगर्भ बोधिसत्त्व धारणी :-**

**"नमः क्षितिगर्भबोधिसत्त्वाय" ।**

*( यो धारणीलाई सबैले मिलाएर जम्मा ३००० भन्दा बढी गर्नुपर्छ । ३० जना भन्दा बढी भएमा हरेकले एकमाला जपे पुग्छ । )*

**३५- सुखावती प्रणिधान × ३**

**३६- भद्रचरीप्रणिधानम् ।**

**३७- भोजनार्पण**

*( मध्याह्नभन्दा अगावै गर्नुपर्छ र त्यसपछि भोलिपल्ट बिहानसम्म केही खानुहुँदैन । )*

(गृहस्थहरूलाई समय समयमा उपवास (उपोषथ) बस्नु धेरै दृष्टिले राम्रो मानिन्छ । अष्टमी, पूर्णिमा, चतुर्दशी र औंसी विशेष गरी उपवासको लागि राम्रा दिन मानिन्छन् । यो उपोषथ विधि आचार्य महायोगी श्रीधर राणा रिन्पोछेले बताए अनुसार बुद्धवज्रले लेख्नुभएको हो र विशेष गरी पशुबलि दिने दिनमा उनीहरूको मुक्तिको कामनाले आर्य अवलोकितेश्वर, बुद्ध अमिताभ, बुद्ध अक्षोभ्य एवं वोधिसत्व क्षितिगर्भको धारणीविद्यामा आश्रित भएर पूर्वाह्नमा पूर्णरूपमा साधना संलग्न रही २४ घण्टा अष्ट शील पालन गरेर गरिने उपोषथ अभ्यास हो । नेपालीहरूको चाड दशैंको महाअष्टमीका दिन त्यही प्रयोजनले व्योमकुसुमा बुद्धधर्मसंघले नियमित रूपमा उपोषथको आयोजना गर्दछ । आफूलाई इच्छा लागेका कुनै मृतकको निमित्त प्रणिधान गरेर पनि यो उपोषथ गर्न सकिन्छ ।)



भगवान् वज्रसत्व



भगवान् अक्षोभ्य



सहस्रभुज लोकेश्वर



आर्या अवलोकितेश्वर

## ५१) भोजनार्पण

रँ यँ खँ

ओम् आः हुँ ×३

इमां गणार्चां ज्वलितां हि रोचिषा

ददे वरेभ्योर्च्यतमेभ्य एव

आपत्ति-दोष-त्रुटयश्च भ्रान्ती

र्द्विग्राहभ्रान्तप्रतिभासरुद्रम्

दिशामि वक्रे च ददामि ख रं खाहि

ओं आः हुँ गुरुदेवडाकिनी निर्ऋति गणचक्रपूजा खाहि

(यो निधिप्रकाशक श्री ज्याछोन् निङ्बोको निधिधर्म 'कोन्छोग् चिदु' (त्रिरत्नसमुच्चय) मा उल्लेख गरिएको अतिसंक्षिप्त गणचक्रपूजाविधि हो । जुनसुकै भोजन गर्दा पनि यस विधि अनुसार त्रुटिशोधनपूर्वक भोजनलाई ज्ञानामृतमा परिणत गरेर गुरु एवं देवी-देवताहरूलाई अर्पण गर्दै आफूले पनि पूजाकै अङ्गस्वरूप ग्रहण गर्नु अत्यन्त उत्तम भोजनयोग हो। )

## ५२) भूकम्पलाई दबाउने विधि

*आफू तत्क्षणमै भगवान् शाक्यमुनि बुद्ध बन्छु । पहेंलो वर्ण, भूमिस्पर्श तथा समता मुद्रा भएको छु । बोधिवृक्षमुनि लोक नै भरिएको हजारौं पत्र भएको पद्ममा पृथ्वीलाई दबाएर वज्रासनमा बसेको अधिष्ठानको बलले पृथ्वीलाई त्रिसाहस्र लोकधातुले समेत रौं बराबर पनि हल्लाउन नसकेको संझेर (निम्न मन्त्र जप्ने -)*

**ओं मुने मुने महामुनये स्वाहा । ओं है । तिष्ठ तिष्ठ बन्ध बन्ध धारय धारय निरून्ध निरून्ध भूमिचल उर्णामणये स्वाहा । (मिफामद्वारा विरचित)**

*पृथ्वी, जल, अग्नि र वायु महाभूत वाधाले*
*मायाको देह विनाश गर्दा डराको वेलामा*
*नगरी दोमन नलिई शंका वन्दना गर्दछौं ।*
*महाभूतका चारै देवीसहित हे गुरु ओडियान् !*
*निःशंक शान्त पारिद्यौ आफ्नै स्थानमा महाभूत ।*
*वन्दना गर्छु पद्मसंभवलाई ओडियान*
*कामना सहज सिद्धि गर्ने देउ है अधिष्ठान ।*

*(रौद्र गुरुको नाम मन्त्र)* **ओं आः हूँ अर्चिग् निर्चिग् नमो भगवते हूँ हूँ फट् ।**

*(क्षितिगर्भको धारणी मन्त्र)* **ओं सुम्भ निसुम्भ हरचर महापाश मरूत अमोघ वज्रसत्व स्वाहा ।**

*(भूकम्प आदि चार महाभूतले गरेको विनाशबाट आत्तिएको वेला यो नियमित रूपमा पाठ गर्नु अति महत्वपूर्ण छ)*

(यो मिफाम् रिन्पोछेले संग्रह गर्नुभएको भूकम्पनिरोधक विधि हो । यसमा शाक्यमुनि बुद्धको साधनाबाट त्यसको प्रयास गरिन्छ र गुरु पद्मसम्भवको रौद्र रूप एवं क्षितिगर्भको धारणीको पनि मद्दत लिइन्छ । गहिरो समाधिमा रहेर एकाग्र भई यो विधि गरेमा आसन्न भूकम्पभय टर्छ भन्ने विश्वास गरिन्छ । यसको नेपाली



बोधिसत्व क्षितिगर्भ



परमपावन साक्या ठ्रिजिन रिन्पोछे

## ५३) परमपावन साक्या ठ्रिजिन् रिन्पोछेको दीर्घायु प्रार्थना

अमरायुर्दात्री सप्तलोचनी देवी
अमरायुर्वशीकृतं यैस्ते देवाश्च ।
अमराभेद्यरक्षापञ्जरे निधाय
अमरायुषस्तु प्रयच्छन्तु वै सिद्धिम् ॥

त्रिकुलनाथपद्मानां बोधिचित्तनभस्तले
प्रज्ञाबलकरुणानां सूर्यतस्तु शोभितो भगवान् ।
सागमाधिगमशासनपद्ममेव साक्यानां
वर्धयन् भवतु सदा स्थिरश्चतुर्द्वीपशिष्यनाथः ॥

कुले खौने मञ्जुश्रिय इव कृतो निर्मितवपु
र्महायानीयं सत्त्वनिखिलसुखादायि सुदिशन् ।
ससौत्रं तान्त्रं तद्धितसुखकरं मार्गमपि च
परेच्छापूर्तिस्थो भवतु सुचिरायुर्हि वशिराट् ॥

विशुद्धायां सच्छीलकनकयुतायां भुवि श्रुत-
सुचिन्ताध्यानानां सुमणिमुपचिन्वन् सुशरणः ।
विवादव्याख्यानाववदनसुलेखक्रमगती-
र्दिहन् सः स्याद् दीर्घायुरिव च सुमेरुर्हि गिरिराट् ॥

द्वितीयबुद्धैः खलु पञ्चभिस्तै-
र्भट्टोत्तरैः संवलिता जिनानाम् ।
सुशासनस्यैव चतुष्प्रमाणा
परम्परा कर्णश्रुतिप्रचारा ॥

## ५३) परमपावन साक्या ठ्रिजिन् रिन्पोछेको दीर्घायु प्रार्थना

*अमर आयु प्रदान गर्ने सप्तलोचनी देवी र अमर आयुलाई वशमा गरेका जति पनि देवहरू छन् तिनीहरूले अमर एवं अभेद्य रक्षा– पञ्जरमा राखेर अमर आयुको सिद्धि प्रदान गरून् ॥*

*बोधिचित्तरूपी आकाशमा त्रिकुलनाथका प्रज्ञा-बल रकरूणा–रूपी सूर्यबाट आगम र अधिगमरूपी शासनको पद्मको रूपमा शोभित हुनुहुन्छ । साक्याहरूको (उक्त) शासनलाई बढाउँदै सधैं चारै द्वीपका शिष्यहरूको नाथको रूपमा स्थिर रहनुहोस् ॥*

*खोन वंशको कुलमा मञ्जुश्रीको निर्माणकायको रूपमा आएर सबै सत्त्वहरूलाई सुख दिने महायानका सूत्र र तन्त्रसहितको हित एवं सुखकारक मार्गको उपदेश गर्दै अरूका इच्छा पूरा गरिराख्ने त्यस्ता वशीहरूका राजाको सधैं चिरायु होस् ॥*

*उत्तम (निर्मल) शीलरूपी विशुद्ध सुवर्ण भूमिमा श्रुत-चिन्ता एवं भावनारूपी उत्तम मणिलाई जम्मा गर्दै शास्त्रार्थ-व्याख्यान-उपदेश- एवं लेखन यी क्रमलाई अघि बढाइरहेका उत्तम शरणक्षेत्र उहाँ गिरिराज सुमेरू झैं दीर्घायु हुनुहोस् ॥*

*द्वितीय बुद्धसमानका पाँच उत्तर भट्टारकहरूद्वारा संगृहीत गरिएका बुद्धहरूको उत्तम शासनका चार प्रमाणहरूले युक्त कर्णश्रुति (कामना सुनाएर दिइने) द्वारा फैलिने परम्परा एवं ।*


जिनस्य भद्रश्च गभीरमार्गः
सच्छिष्यव्याख्यानपरम्परश्च ।
साक्षाज्जिनेनेव हि येन दर्शितौ
गुरोर्भवेत् तस्य तु दीर्घमायुः ॥

समङ्गलः सप्तभी राजद्रव्यैः
सुसम्पन्नै र्धमनीतिश्रियौ च ।
श्रीसाक्यानामुज्वलौ च प्रकुर्वन्
तीर्थं चेदं चोत्तमं तद्धरण्याः ॥

आयातो यः सुन्दरं कर्तुमेवा-
यत्यां वाप्यागामिभूतस्तथैव ।
सो वै गुह्यानां त्रयाणां यथास्ति
वज्रस्तद्वत् सुस्थिरः स्यात्तथैव ॥

करुणया निश्छलस्य गुरोर्रत्नत्रयस्य च ।
स्वदेवानां पालयितृ-सागराणां बलादपि ॥


गम्भीरधर्मतायास्तु स्थिरसत्यबलादपि ।
मनोरथः प्रपूर्णोऽस्तु प्रार्थितः सर्वदा सदा ॥



गन्ध पूजा स्वरुप शंख र अन्य सामग्री

*जिनको कल्याणकारी गम्भीर मार्ग शिष्यव्याख्यान (लोव्से)*
*परम्परासहितका मार्गलाई साक्षात् जिन (बुद्ध) ले जस्तै गरी देखाउने*
*त्यस्ता गुरुको दीर्घायु होस् ॥*
*सात राजद्रव्यहरूद्वारा सुसम्पन्न भएका धर्म र नितिरूपी*
*सम्पत्तिहरूलाई श्रीसाक्याहरूका निमित्त उज्वल बनाउँदै*
*मङ्गलले सहित भएर यो धरतीको उत्तम तीर्थलाई सुन्दर बनाउन जो*
*आउनुभयो र आगामी समयमा पनि आउने भएका त्यस्ता (तपाईं)*
*त्रिगुह्यवज्रजस्तै अत्यन्त स्थिर भएर रहनोस् ॥*
*गुरुको र त्रिरत्नको निष्कपट करूणाद्वारा आफ्ना देवहरू र*
*धर्मपालहरूको बलद्वारा पनि गम्भीर धर्मताको स्थिर सत्यता–को*
*बलद्वारा पनि मनले प्रार्थना गरेको कुरा पूर्ण होस् ॥*

(यो साक्या परम्पराका ४१ औं गद्दीधारी परमपावन साक्या ठ्रिजिन् रिन्पोछेको दीर्घायु प्रार्थना हो र फेन्पो नालेन्द्र महाविहारका उपाध्याय ङावाङ् लोड्रो रिन्छेन् द्वारा रचना गरिएको हो । यसको लोचावा पुण्य प्रसाद पराजुलीले गर्नुभएको नेपाली अनुवादमा आधारित भई बुद्धवज्रले संस्कृतमा अनुवाद गर्नुभएको हो । परम पावन पनि संघका मूल गुरुहरूमध्ये एक हुनुहुन्छ र उहाँको दीर्घायुको कामना गरी सबै संघबन्धुहरूले पाठ गर्नें गर्छन् ।)



**पञ्च कामगुणका पूजा सामग्री**

## ५४) परमपावन दाग्छेन रिन्पोछेको दीर्घायु प्रार्थना

**अमरसुखवज्रनाथामिताभ**
**विजयार्यतारे यमराजरिपुम् ।**
**विजयन् सदास्मभ्यं प्रयच्छत**
**आयुःश्रीज्ञानानां सिद्धिं हि साम्प्रतम् ॥**
**सर्वावभासकगिरीन्द्रसुहासपूर्त्या**
**भद्र सुनायक चतुःसुखभद्रमार्गे ।**
**सम्भारसागरविनेयजनान् नियोक्तुं**
**सत्पुण्यज्ञानसुश्रियां च चिरायुरेधि ॥**
**उदारप्रज्ञया ज्ञेयाकाशे तु शान्तरोचिषः**
**महत्याः करूणायाश्च बोधिचित्तवरस्य च ।**
**स्फारयतो ज्वालयतो बलैश्वर्यप्रकाशं तु**
**प्रज्ञा-कृपा-बलाः सन्तु दृढा वृद्धिंगताः सदा ॥**
**विशेषतः स्याद्धि मञ्जुश्रियां वै, परम्परा वंशजा सा सुदीर्घा ।**
**शुक्लेन्दुवद्वर्धमानाऽक्षया तु, सत्त्वस्यैषः शासनस्यैव धर्ता ॥**
**विघ्नादीनामहितच्छाययाऽपि, अस्पृष्टः स्यात् सत्यताया बलेन ।**
**परम्परायाश्च तस्याऽशिसा तु, अपाराणां त्रिरत्नां जिनानाम् ।**
**अस्मद्विन्तिच्छलहीनप्रतीत्योत्-पादद्वारा चिन्तितं सिद्धमायात् ॥**

परम पावन दाग्छेन् रिन्पोछेको दीर्घायु प्रार्थना उहाँबाट 'मार्गफलम्' को उपदेश पाएका सबै संघ बन्धुहरूले नियमित पाठ गर्दछन् । रिन्पोछे साक्या परम्पराका यो शताब्दी महान् योगी हुनुहुन्छ । लोचावा पुण्य प्रसाद पराजुलीको नेपाली अनुवादका आधारमा बुद्धवज्रले संस्कृतमा अनुवाद गर्नुभएको हो ।



परमपावन दागछेन रिन्पोछे



परमपूज्य लुदिङ् खेन्चेन् रिन्पोछे

## ५५) परमपूज्य लुदिङ् खेन्छेन् रिन्पोछेको दीर्घायु प्रार्थना

हे शूर, मञ्जुश्रीका प्रतिभानका महानिधि गण
रमणी सरस्वतीले सदा पालन गरेकी श्री
शासनका साझा वैभव, भव-अन्धकार जरैदेखी नाश गरेका
हे महायान धर्मका सूर्य सदा रहनोस् भनी गर्दछौँ प्रार्थना ।।

मैत्रीको श्री पहिरिएर करूणाको केशरले युक्त भएका
अनालम्बन करूणाका शाखाका झुप्पोले वरिपरि घेरिएर धेरै गम्भीर
धर्मको प्रज्ञाबोध उत्तम रूपले फक्रेर हजारौं दलले सजिएका
हे कोटिऔं विनायकका शिरोमणि सदा रहनोस् भनी गर्दछौँ प्रार्थना ।।


परिकल्पित धर्मरूपी सारा प्रतिभासहरू
परतन्त्र त्रि-मण्डलको लीलाको रूपमा उदाएर
परिनिष्पन्न धर्मताको महासुखज्ञानको अर्थ देखाउने
हे गुह्य वचनधर, सदा रहनोस् भनी गर्दछौँ प्रार्थना ।

दुई हितरूपी फल लटरम्म भई भारयुक्त काय भएकाको
अच्छेद्य वज्रका सातधर्म पूर्ण हुन भनी गर्दछौँ प्रणिधान ।।
एकाग्र प्रार्थनारूपी मलयको वायुले
अनुकम्पाका नील मेघहरू चलाएको हुनाले

दुई सिद्धिरूपी अमृतको वर्षा भएको वेलामा

चार कायका उत्तम भद्रफल परिपाक गराउनुहोस् ।।

(शेर्पा खेन्पो मञ्जुनामधारीद्वारा लिखित यो दीर्घायु प्रार्थनालाई धर्मवन्धु नारायण रिजालको आग्रहमा धर्मगुरु जाम्पा लोसाल शास्त्रीज्यूको निर्देशमा नेपाली लोचावा पुण्य प्रसाद पराजुलिद्वारा २०६४ भाद्र १५ मा बौद्ध निवासमा भावार्थ अनुवाद गरिएको हो ।)



महाबोधि चैत्य



साक्याका पाँच संस्थापक गुरुहरुलगायत देव तथा अन्य गुरुहरु



परमपूज्य कर्मा ठ्रिन्ले रिन्पोछे

## ५६) परमपूज्य कर्मा ठ्रिन्ले रिन्पोछेको दीर्घायु प्रार्थना

**श्रीमतां कर्मपानां सा- क्यापानां चानुयायिनां ।**
**कृष्ण- रक्तमुकुटिनां व्याकृत्या कर्मणां खलु ॥**
**श्रेष्ठ निर्मितकायत्वे स्तुतः प्रत्यक्ष्यमेव यः ।**
**परः कल्याणमित्रः स्याच्चिरायुर्नायकोत्तमः ॥**
**विशुद्धशिक्षात्रयवान् शीलमूलयुतश्च यः ॥**
**विकसत्सज्जननव- गुणपत्रफलश्च सः ॥**
**नतनीतार्थाधिगम- फलभारो विनायकः ।**
**सर्वसंग्रहवृक्षस्तु दीर्घजीवी भवेत् खलु ॥**
**आशीर्बलात् त्रिरत्नानां समयिसागरस्य च ।**
**विशुद्धधर्मतायुक्त- सत्यताया बलेन च ॥**
**अस्माकं च विशुद्धस्या-विक्षिप्तस्याशयस्य तु ।**
**बलेन प्रणिधानं यत् कृतं सर्वं हि सिध्यतु ॥**

(परम पूज्य कर्माथिन्ले रिन्पोछे हाम्रो संघका एक महान् गुरु हुनुहुन्छ र सधै संघलाई र रत्नश्रीलाई मार्गदर्शन गरिराख्नुभएको छ । सन् १९८४ मा लुम्बिनिमा 'साधना समुच्चय' अभिषेक दिने क्रममा परम पूज्य गुरुपाद चोग्बे ठ्रिचेन रिन्पोछेद्वारा रचित 'चित्तको अन्धकार हटाउँदै' शिर्षकमा लेख्नुभएका तीन दीर्घायु प्रार्थनाहरू मध्येको यो एक प्रार्थनाको लोचावा पुण्य प्रसाद पराजुलीकृत नेपाली अनुवादमा आधारित संस्कृत अनुवाद बुद्धवज्रले गर्नुभएको हो ।)

## ५७) आचार्य धर्मवज्रको दीर्घायु प्रार्थना

*ॐ स्वस्ति विजयन्ताम्*

*बोधिचित्तको विस्तारबलले, आदिशुद्ध धर्मताको बलले,*
*प्रतीत्यजात गम्भीर शून्यता-अधिष्ठानको शक्तिले गर्दा*
*शासन्लाई प्रेमले धारण गरेका पुरुषको दीर्घायु होस् ॥*
*पूर्वप्रणिधानको अति सेतो, चलेर ध्वजा चिन्तामणिको*
*रत्नझैं क्षण-सम्पत्ति नाऊ, भद्र-शुभ-श्री-प्रज्ञा-पूर्ण*
*आचार्य धर्मवज्रको दीर्घायु होस् ॥*
*त्रियान-शास्ता अद्वितीय मुनिको, शासन श्रुत - चिन्तित - ध्याताको*
*तीर्थिक बाधा मार नआऊन्*
*श्री श्रीधर राणाको दीर्घायु होस् ॥*
*यसरी प्रणिधानैको हवस् सर्वार्थ सिद्धि र भूमि, मार्ग, फल, दृष्टि - भावना-चर्या-फल*
*सबै युक्त भद्र मार्ग - बुद्ध शासन उत्तम*
*धारण गर्नेहरू सारा - रहून् स्थिर चिरन्तन ॥*

(यो प्रार्थना परमपूज्य कर्माथिन्ले रिन्पोछेले रचना गर्नुभएको हो र यसको नेपाली अनुवाद पुण्य प्रसाद पराजुलीले गरी त्यसलाई बुद्ध वज्रले गीतबद्ध गर्नुभएको हो । आचार्य महायोगी श्रीधर राणा रिन्पोछेका सबै शिष्यहरूले यो नियमित रूपमा पाठ गर्छन् । आफ्ना गुरुहरूको दीर्घायु कामना गर्नु स्वयंमा धेरै ठूलो पुण्यसम्भार पनि हो र आफ्नो आयु पूरा हुनमा प्रत्यय पनि बन्छ ।)



आचार्य महायोगी श्रीधर राणा रिन्पोछे



भट्टारिका (जेचुन्मा) नीरु राणा

## ५८) जेचुन्माको दीर्घायु प्रार्थना

*करूणामूर्ति भट्टारिका नाथ तिम्रो दीर्घायु होस्*
*करूणामूर्ति भट्टारिका नाथ तिम्रो जय जय होस्*
*संकल्पको बलले तिम्रो धर्तीमा आइदियौ*
*जननी तिमी हौ जिनहरूकी सयौं बुद्ध जन्माइदियौ*
*योगिनीहरूको शंख फुकी नवयुग निम्त्याइदियौ*
*जननी तिमी हौ जिनहरूकी सयौं बुद्ध जन्माइदियौ*
*करूणामूर्ति भट्टारिका नाथ तिम्रो दीर्घायु होस्*
*करूणामूर्ति भट्टारिका नाथ तिम्रो जय जय होस्*
*अमर - आयुर्दात्री सप्तलोचनी तिम्रो आयु बनून्*
*वज्रपाणि तिम्रो शक्ति बनी बोधिचर्या गरून्*
*देव यक्ष सर्वलोक तिम्रो नमन गरून्*
*अनुमोदन गर्ने ती तिम्रा भवसागर तरून्*
*करूणामूर्ति भट्टारिका नाथ तिम्रो दीर्घायु होस्*
*करूणामूर्ति भट्टारिका नाथ तिम्रो जय जय होस्*
*जननी तिमी हौ जिनहरूकी तिम्रो जय जय होस्*
*तिम्रो जय जय होस्*

(परमपूज्य जेचुन्मा (भट्टारिका) गुरुआमा नीरु राणाको दीर्घायुको यो प्रार्थना परमपूज्य गुरुवर कर्माथिन्ले रिन्पोछेले उपासिका सहायक शमथाचार्य अनूपमा दाहालको सपनामा प्रत्यक्ष भई उहाँलाई लेखाउनुभएको हो र संघलाई नियमित रूपमा शुद्ध आशयले पाठ गर्न आज्ञा गर्नुभएको छ । तदनुसार विगत ४ वर्षदेखि हाम्रो गणका सबै उपासक उपासिकाहरूले नियमित रूपमा यो पाठ गर्ने गर्दछन् ।)



*पाट वस्त्र*

## ५९) आह्वान

*हे मञ्जुघोष फर्क, समन्तभद्र फर्क*
*हे बुद्धपुत्र फर्क फर्क फर्क फर्क*
*लुक्न कहाँ मिल्छ तिमीले बादलको माझमा*
*रोएको छ सारा जगत् आज तिम्रो यादमा ।   x२*
*हे मञ्जुघोष फर्क समन्तभद्र फर्क*
*हे बुद्धपुत्र फर्क फर्क फर्क फर्क*
*आज यस धर्तीमा   फेरि तिम्रो खाँचो छ*
*झूटो होइन हाम्रो वचन सोह्रै आना साँचो छ ।  x२*
*हे मञ्जुघोष फर्क समन्तभद्र फर्क*
*हे बुद्धपुत्र फर्क फर्क फर्क फर्क*
*सङ्कल्प त्यो तिम्रो धरतीमा ताजा छ*
*हाम्रो निम्ति फेरि आउने सम्झ तिम्रो वाचा छ  x२*
*हे मञ्जुघोष फर्क, समन्तभद्र फर्क*
*हे बुद्धपुत्र फर्क फर्क फर्क फर्क*
*तिमी हिँड्ने गोरेटोमा मुटु हामीले छर्नेछौं*
*दृष्टि देऊ आज फेरि  तिम्रो निम्ति मर्नेछौं ।   x२*
*हे मञ्जुघोष फर्क, समन्तभद्र फर्क*
*हे बुद्धपुत्र फर्क फर्क फर्क फर्क*

(यो गीतिमा परमपूज्य गुरुपाद क्याब्जे चोब्ग्ये ठ्रीचेन् रिन्पोछेको संघमा शीघ्र अवतरण भई पुनः धर्मको ज्योति प्रसार होस् भन्ने शुद्ध आशयले उहाँलाई आह्वान गरिएको छ यो बोधिपुष्पाञ्जलि समारोहमा नियमित रूपमा गाईंदै आएको छ । यो स. श. अनूपमा दाहालले रचना गर्नुभएको हो । यहाँ मञ्जुघोष भनेर रिन्पोछेलाई सम्बोधन गरिएको हो किनकि उहाँ मञ्जुघोषकै निर्मितक हुनुहुन्थ्यो ।)



परमपूजनीय चोब्गये ठ्रिचेन रिन्पोछे

## ६०) परिणामना (लामो)

**एतत्साधनपुण्येन सर्वे सर्वज्ञतापदम्**
**प्राप्नुवन्तु जयन्तु चाकुशलं कर्मवैरिणम् ॥१॥**
**जन्ममृत्युजराव्याधि - स्वरूपार्वतपूरितात्**
**मोचयाम सर्वसत्त्वान् दुर्गमाद् भवसागरात् ॥२॥**
**वज्रयानं प्रसरतु आर्यावर्ते विशेषत:**
**नेपाले तु महामुद्रा - महासन्धि - परम्परा: ॥३॥**
**शिक्षोपदेशा: सम्पूर्णा: सदा प्रत्येकसन्ततौ**
**सरन्तु प्रसृतानां च शुद्धसिद्धपरम्परा ॥४॥**
**चन्द्रसूर्यस्थिर्यावद् अक्षुण्णत्वेन विस्तरेत्**
**अस्मत्संघस्य गुरवो वज्रयानस्य चाखिला: ॥५॥**
**हिताय सर्वसत्त्वानां भवन्तु चिरजीविन:**
**अस्मत्संघे चिरं श्रेष्ठा: काया नैर्माणिका: खलु ॥६॥**
**आयान्त्वपि विशेषेण मञ्जुश्रीसम्वरादय:**
**सम्भोगकायान्निर्मीय प्रत्येकेषु कुलेष्वपि ॥७॥**
**आयान्तु देशनार्थं ते तारयन्त्वखिलाञ्जनान्**
**महादेवो गणपति: कुमारी हारती तथा ॥८॥**
**हैमवत्खण्डिका: सर्वे देवीदेवादयोऽपि च**
**अस्मत्संघान्तर्गतानां साधकानां निरन्तरम् ॥९॥**
**सर्वविघ्नानपयन् गमयन्तु स्थितिं सुखाम्**
**साधका: साधिकाश्चैव भौतिकाद् हार्दिकादपि ॥१०॥**

## ६०) परिणामना (लामो)

*यो साधनाको पुण्यैले सबै सर्वज्ञता पद*
*पुगून् जितून् अकुशल कर्म-शत्रुहरू सब ॥१॥*
*जन्म-मृत्यु-जरा-व्याधि-रूपी भुमरि युक्त यो*
*दुर्गम्य भवसागर् नै तारूँ सत्त्व सबै जसो ॥२॥*
*फैलोस् आर्यावर्तभरि वज्रयान विशेष ता*
*नेपालमा महामुद्रा महासन्धि परम्परा ॥३॥*
*शिक्षोपदेश सम्पूर्ण सधैं प्रत्येक पींढिमा*
*सरून् सरेकाहरूमा शुद्ध सिद्ध परम्परा ॥४॥*
*चन्द्र सूर्य रहेसम्म जाओस् फैली निरन्तर*
*हाम्रा संघीय गुरु र वज्रयानीय छन् जति ॥५॥*
*सत्त्वको हितका निम्ति होऊन् सब चिरञ्जिवी*
*संघभित्र सधैं हाम्रो निर्माणकाय उत्तम ॥६॥*
*आऊन् विशेषतः मञ्जु-चक्रसंवर आदि ता*
*संभोगकाय तहका प्रत्येक कुलमा अब ॥७॥*
*देशना गर्नका निम्ति आई तारून् सबै जन*
*महादेव गणपति कुमारी हारती तथा ॥८॥*
*हिमवत्खण्डका सारा देवी देवहरू सब*
*हाम्रो संघभित्रका जो साधकैका निरन्तर ॥९॥*
*पन्छाउँदै विघ्न सबै पुऱ्याऊन् सुखको दशा*
*साधिका र साधक यी भौतिक् हार्दिक यी दुवै ॥१०॥*


दारिद्र्यात् सर्वदा मुक्ता भवन्तु बुद्धताप्तये
सम्मानिताश्च योगिन्यः नार्यः सन्तु निरन्तरम् ॥११॥
बुभुक्षिताः सुष्ठु भोज्यं पेयञ्चैव पिपासिताः
लभन्तां दुःखिताः सौख्यं रोगान्मुच्यन्तु रोगिणः ॥१२॥
अन्नपानीय-वस्त्रास-भूम्यावासादिभिर्युताः
सद्धर्मं हि निषेवेरन् बोधये प्रयतन्तु च ॥१३॥
एतन्नामन - सामर्थ्यात् सर्वे समयबाधिताः
महाकालाश्च मां पान्तु सपञ्चशतसन्तती ॥१४॥
हारती मां सदा पातु जम्भलादिधनाधिपाः
यक्षादयश्च कुर्वन्तु सुसम्पन्नं सदैव माम् ॥१५॥
बोधिं लभेयमचिराद् वापि प्रभास्वरोदये
संक्रान्तौ अथवा सिद्धिं गुरूणां च प्रसादतः ॥१६॥
सिद्धानां साधकानां वा कुले जायेय धीमताम्
उत्तमस्य गुरोः प्राप्तिरभिषेकश्च स्यादपि ॥१७॥
बाल्यादेव समभ्यासो सद्धर्मस्य भवेत् पुनः
न त्यजेयं वज्रघण्टे जन्मजन्मान्तरेष्वपि ॥१८॥
(पुरूषहरूका लागि -)
उत्तमां डाकिनीं प्रज्ञां लभेयं बोधिसिद्धये
(महिलाहरूका लागि -)
उत्तमोपायडाकं तु लभेयं बोधिसिद्धये
सम्यक् संबोधिचर्यायां चरेयं बोधिसिद्धये ॥१९॥

*दरिद्रतामुक्त होऊन् बुद्धता निम्तिमा सधैं*
*सम्मानिता योगिनी नै बनून् नारीहरू सदा ॥११॥*
*उत्तम भोजन भोकाले पेय वस्तु पिपासुले*
*पाऊन् सुख दुःखीले नै रोगी नीरोग नै बनून् ॥१२॥*
*अन्न पानी लुगा वास भूमि आवास युक्त भै*
*सद्धर्म सेवन गरून् बोधिका निम्ति यत्न नै ॥१३॥*
*यो नामनाको बलले सबै समय-बाधित*
*महाकाल गरून् मेरो रक्षा पाँच सय सन्तती ॥१४॥*
*हारतीले गरून् रक्षा जम्भलादि धनीपति*
*यक्षादिले सुसम्पन्न पारून् मलाई सधैंभरी ॥१५॥*
*बोधि प्राप्त गरूँ चाडै नभा' प्रभास्वरोदय*
*हुँदा सङ्क्रान्तिमा सिद्धि या होस् श्री गुरुको कृपा ॥१६॥*
*सिद्ध साधक धीमान् का जन्मूँ या कुलमा पछि*
*सद्गुरूको प्राप्ति तथा अभिषेक मिलोस् अनि ॥१७॥*
*सद्धर्मको बाल्यदेखि गरूँ अभ्यास फेरि नै*
*नत्यागूँ वज्रघण्टा म जन्म जन्मान्तरै पनि ॥१८॥*
*(पुरूषहरूका लागि-)*
*(पाऊँ म बोधिको लागि प्रज्ञा उत्तम डाकिनी)*
*(महिलाहरूका लागि-)*
*(पाऊँ म डाकोत्तम नै बोधिका निम्तिमा अनि)*
*चरूँ म बोधिको लागि सम्यक् संबोधिकै चरी ॥१९॥*

**अस्मन्-मातृ-पितृ-भ्रातृ-भार्या-पितृव्य-मातुला:**
**सम्बन्धिनश्च सर्वेऽन्ये सद्धर्मे प्रविशन्तु च ॥२०॥**
**मित्रादय: शत्रवश्च तटस्थाश्चापि देहिन:**
**सुखेन जीवनं नीत्वा अन्ते यान्तु सुखावतीम् ॥२१॥**

## ६१) परिणामना (छोटो)

**अनेन पुण्येन तु सर्वदर्शिता- मवाप्य निर्जित्य च दोषविद्विष: ॥**
**जरा-रूजा-मृत्युमहोर्मिसंकुलात्, समुद्धरेयं भवसागराज्जगत् ॥**



आदर्शसहित कामगुणका पूजा सामग्रीहरू


*हाम्रा आमा बाबु भाई भार्या काका र मातुल*
*मेरा सम्बन्धी जति छन् लागून् सद्धर्ममा सब ॥२०॥*
*मित्र शत्रूहरू त्यस्तै तटस्थ प्राणी छन् जति*
*बिताई सुखले जीवन जाऊन् पछि सुखावती ॥२१॥*

(यो परिणामना आचार्य महायोगी श्रीधर राणा रिन्पोछेको निर्देशन र मार्गदर्शन अनुसार बुद्ध वज्रले सन् १९९२ मा लेख्नुभएको हो र नेपाली पनि उहाँले गरेको छायानुवाद हो । यसमा परिणामना र प्रणिधान दुबै पक्ष छन् र संघका सबैले आफ्नो अभ्यासको अन्तमा यो अवश्य पाठ गर्नुपर्छ । परिणामनाविनाको कुनै पनि धर्म अभ्यास बुद्धताको लागि काम लाग्दैन । त्यसैले लामो होस् या छोटो होस् परिणामना त अभ्यासको अभिन्न अङ्ग नै हो ।)

## ६१) परिणामना (छोटो)

**यो पुण्यले गर्दा सर्वज्ञताप्राप्ति गरेर, दोषरूपी शत्रुहरूलाई जितेर बुढ्याईं–रोग–मृत्यु जस्ता ठूला तरंगहरूले व्याकुल भएको भवसागरबाट जगत्लाई उद्धार गरूँ ॥**

(यो परिणामना आर्यशूरले रचना गर्नुभएको हो र भोट भाषामा अति प्रचलित 'स्वनाम् धेयी थाम्चे'को मूल रुप हो ।)



अष्टमंगल द्रव्यहरूको पात्र



महाकाल

*"Wherever the Buddha's teachings have flourished,*

*either in cities or countrysides,*

*people would gain inconceivable benefits.*

*The land and people would be enveloped in peace.*

*The sun and moon will shine clear and bright.*

*Wind and rain would appear accordingly,*

*and there will be no disasters.*

*Nations would be prosperous*

*and there would be no use for soldiers or weapons.*

*People would abide by morality and accord with laws.*

*They would be courteous and humble,*

*and everyone would be content without injustices.*

*There would be no thefts or violence.*

*The strong would not dominate the weak*

*and everyone would get their fair share."*

~THE BUDDHA SPEAKS OF
THE INFINITE LIFE SUTRA OF
ADORNMENT, PURITY, EQUALITY
AND ENLIGHTENMENT OF
THE MAHAYANA SCHOOL~

## Taking Refuge with a mind of Bodhichitta

In the Buddha, the Dharma and the Sangha,
I shall always take refuge
Until the attainment of full awakening.

Through the merit of practicing generosity
and other perfections,
May I swiftly accomplish Buddhahood,
And benefit of all sentient beings.

## The Prayers of the Bodhisattvas

With a wish to awaken all beings,
I shall always go for refuge
To the Buddha, Dharma, and Sangha,
Until I attain full enlightenment.

Possessing compassion and wisdom,
Today, in the Buddha's presence,
I sincerely generate
the supreme mind of Bodhichitta
For the benefit of all sentient beings.

"As long as space endures,
As long as sentient beings dwell,
Until then, may I too remain
To dispel the miseries of all sentient beings."

## GREAT VOW
## BODHISATTVA EARTH-TREASURY
## ( BODHISATTVA KSITIGARBHA )

**" Unless Hells become empty,**
**I vow not to attain Buddhahood;**
**Till all have achieved the Ultimate Liberation,**
**I shall then consider my Enlightenment full !"**

**Bodhisattva Earth-Treasury is entrusted as the Caretaker of the World until Buddha Maitreya reincarnates on Earth in 5.7 billion years.**

**Reciting the Holy Name:**
**NAMO BODHISATTVA KSITIGARBHA**

**Karma-erasing Mantra:**
**OM BA LA MO LING TO NING SVAHA**

With bad advisors forever left behind,
From paths of evil he departs for eternity,
Soon to see the Buddha of Limitless Light
And perfect Samantabhadra's Supreme Vows.

The supreme and endless blessings
of Samantabhadra's deeds,
I now universally transfer.
May every living being, drowning and adrift,
Soon return to the Pure Land of Limitless Light!

**✻ The Vows of Samantabhadra ✻**

I vow that when my life approaches its end,
All obstructions will be swept away;
I will see Amitabha Buddha,
And be born in His Western Pure Land of
Ultimate Bliss and Peace.

When reborn in the Western Pure Land,
I will perfect and completely fulfill
Without exception these Great Vows,
To delight and benefit all beings.

**✻ The Vows of Samantabhadra Avatamsaka Sutra ✻**